# नगर शिक्षा योजना

## (आर्थिक वर्ष : २०७८/७९ - २०८२/८३)


सुरुङ्गा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**मधुपट्टी, सप्तरी (प्रदेश नं. २, नेपाल)**



जेठ, २०७८

आर्थिक वर्ष २०७७/७८ को शिक्षा, युवा तथा खेलकुद विकास कार्यक्रम अन्तर्गत नगर शिक्षा योजना निर्माण गर्नको लागि सुरुङ्गा नगर कार्यपालिकाको मिति २०७७ फागुन २५ गतेको निर्णयबाट गठित नगर शिक्षा योजना निर्माण समिति :

१. कार्यपालिका सदस्य श्री खेमराज सिंह दनुवार, .................................................. संयोजक
२. नगर शिक्षा समिति सदस्य श्री शुभनारायण चौधरी ................................................ सदस्य
३. माध्यमिक शिक्षक श्री चन्द्रकला खनाल ........................................................... सदस्य
४. नगर शिक्षा समिति सदस्य श्री मिनाकुमारी मगर.................................................... सदस्य
५. शाखा अधिकृत श्री हिरालाल राना ......................................................... सदस्य-सचिव

सल्लाहकार समिति :

१. नगर प्रमुख श्री मुक्तिनाथ चौधरी
२. उपप्रमुख श्री विन्दाकुमारी पासवान
३. प्रमुख प्रशासकीय अधिकृत श्री गजेन्द्रनाथ शर्मा

# कार्यकारी सारांश

उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै तोकिएको समय सिमाभित्र अपेक्षित उपलब्धि हासिल गर्ने उद्देश्यले योजना निर्माण गरिन्छ । विना योजनाको काम गन्तव्यविहीन यात्रा समान हुन्छ । कहाँ जाने ? किन जाने ? कसरी जाने ? भन्ने कुनै टुङ्गो हुँदैन । यसले स्रोत, साधन र समय खेर जान्छ । तसर्थ कुनै पनि काम गर्दा योजना बनाएर अघि बढ्न सके मात्र हामीले अपेक्षित उपलब्धि हासिल गर्न सक्दछौँ ।

नेपालको सन्दर्भमा योजनाबद्ध विकासको थालनी २०१३ सालबाट भएको पाइन्छ । हालैका दिनहरूमा योजनालाई माथिबाट थोपरिने विषयभन्दा पनि जसका लागि चाहिने हो, त्यहीँका सरोकारवालाहरूको सहभागितामा उनीहरूको आवश्यकता पहिचान गरी स्थानीयस्तरको योजना बनाई क्रमश: ती स्थानीयस्तरमा तयार गरिएका योजनाहरूलाई समेत समेटेर माथिल्ला स्तरका योजना बनाउने पद्धतिलाई स्थापित गर्ने प्रयास नेपाल सरकारले गरेको पाइन्छ, जसलाई Buttom-up Planning भन्ने गरिएको छ ।

नेपालको शैक्षिक विकासको सन्दर्भमा विगत दशकौँदेखि Buttom-up Planning को अवधारणा कार्यान्वयनमा ल्याइएको छ । यस अवधारणा अनुसार प्रत्येक सामुदायिक विद्यालयले विद्यालय व्यवस्थापन समितिको अगुवाइमा विद्यालयका सबै सरोकारवालाहरूको सहभागिता गराई विद्यालय स्तरमा विद्यालयको समग्र विकासको योजना निर्माण गरिन्छ, जसलाई विद्यालय सुधार योजना (SIP) भनिन्छ । यो योजना निर्माण गर्दा विद्यालयलाई दीर्घकालमा कस्तो बनाउने भन्ने दूरदृष्टि निर्धारण गरिन्छ । यसैलाई मध्यनजर गरी एक निश्चित अवधिभित्र विद्यालयलाई कहाँ पुर्याउने अथवा कस्तो बनाउने भन्ने लक्ष्य र उद्देश्य निर्धारण गर्दै विद्यालय सुधार योजना निर्माण गरिन्छ । यस योजनाले खासगरी सम्बन्धित विद्यालयको सेवाक्षेत्रभित्रका विद्यालय उमेर समूहका बालबालिकाहरूको विद्यालयसम्मको पहुँच सुनिश्चित गर्ने, गुणस्तरीय शिक्षा प्रदान गर्ने र संस्थागत क्षमता अभिवृद्धि गर्ने क्रियाकलापहरू समेटेको हुन्छ र हुनुपर्दछ । यसैका आधारमा नगरपालिका/गाविसस्तरमा सोही स्तरका सरोकारालाहरूको सहभागितामा नगर/गाउँ शिक्षा समितिले नगर/गाउँ शिक्षा योजना निर्माण गर्ने र जिल्लाभित्रका सबै नगर/गाउँपालिकाको शिक्षा योजनालाई आधार मानी जिल्लास्तरमा जिल्ला शिक्षा योजना निर्माण गरिन्छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले गाउँ विकास समिति र नगरपालिकाले आ-आफ्नो क्षेत्रको शैक्षिक विकासको लागि योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था गरेको थियो । वर्तमान संविधानप्रदत्त शैक्षिक अधिकार सुनिश्चित गर्न एकल अधिकारको विषयमा स्थानीय तहले योजनावद्ध विकासको थालनी गर्नुपर्ने देखिन्छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा उल्लेखित आधारभूत र माध्यमिक शिक्षासम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनको व्यवस्था भएअनुरूप सुरुङ्गा नगरपालिकाले नगर शिक्षा योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने आवश्यकता महशुस गरेको हो ।

आर्थिक वर्ष २०६६/६७ देखि नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधारका निमित्त सात वर्षे विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो । यस योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न, विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन र शिक्षाका नवीन कार्यक्रमहरूको प्रस्तावसहित आर्थिक वर्ष २०७३/७४ देखि सात वर्षे विद्यालय क्षेत्र विकास योजना तर्जुमा गरी कार्यान्वयन भइरहेको छ । विद्यालय शिक्षालाई निर्दिष्ट दिशा प्रदान गर्न १० वर्षे योजनाको रूपमा शिक्षा क्षेत्रको योजना, २०२१-२०३० तर्जुमा र कार्यान्वयनको चरणमा रहेको छ । वि.सं. २०७९ (सन् २०२२) सम्ममा नेपाललाई विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्ने, वि.सं. २०८७ (सन् २०३०) सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने र दिगो विकासका लक्ष्य प्राप्त गर्न महत्वपूर्ण साधनका रूपमा पन्ध्रौँ योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयनमा आएको छ । यसै पृष्ठभूमिमा सुरुङ्गा नगरपालिकाले पनि गुणस्तरीय विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्न, व्यवस्थापकीय एवम् नियमनकारी निकायहरू र शैक्षिक संस्थाहरूको संस्थागत क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्नको लागि आ.व. २०७८/७९ देखि २०८२/८३ सम्म कार्यान्वयन हुने गरी ५ वर्षे नगर शिक्षा योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने प्रयास गरिएको हो ।

यस योजनाले विद्यालयहरूको भौतिक एवम् शैक्षिक पूर्वाधार विकासमा सहयोग पुर्याउनुका साथै विगतमा पूरा गर्न नसकिएका विषय र विद्यमान चुनौतीहरूको अन्तर घटाउन सहयोग गर्ने अवसरका रूपमा लिँदै परिवर्तित परिस्थिति अनुसार कार्यान्वयनमा लचकता अपनाउन सकिने गरी नयाँ योजना, कार्यक्रम र भावी कार्यदिशा तय गरेको छ । विविध चुनौती एवम् मुद्दाहरूका अतिरिक्त यस योजनामा समाविष्ट कार्यक्रमहरूले विद्यालय शिक्षाको विकासका लागि अङ्गीकार गर्नुपर्ने रणनीतिहरू र भावी कार्यदिशालाई प्रतिविम्बित गरेको छ । यसको प्रभावकारी कार्यान्वयन मार्फत निर्धारित उद्देश्य तथा नतिजाहरू प्राप्तिका लागि यथेष्ट लगानी गर्नुपर्ने आवश्यकता पर्ने महशुस गरिएको छ । योजनाको सफल कार्यान्वयनको सुनिश्चितताका लागि नगर सभा, कार्यपालिका, अन्तर्गतका कर्मचारी, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, सामुदायिक संघ/संस्थाहरूको बलियो प्रतिबद्धताका साथै स्थानीय/राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट निरन्तर सहयोग प्राप्त हुने विश्वास लिइएको छ ।

आगामी हाम्रा कार्यक्रमहरू यस योजना अनुरूप परिलक्षित हुनेछन् र यसको प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित सबै सरोकारवाला व्यक्ति एवम् निकायहरूसँग सहयोगको अपेक्षा राखिएको छ । योजनाले समेट्न नसकेका विषय एवम् कमजोरीहरू औँल्याइदिन र आगामी दिनमा यसलाई अझ व्यावहारिक अर्थात् वस्तुपरक ढङ्गबाट कार्यान्वयनयोग्य बनाउन यहाँहरूको अमूल्य सुझाव र सकारात्मक रायसल्लाहको अपेक्षा समेत गरिन्छ ।

हिरालाल राना, शाखा अधिकृत
सुरुङ्गा नगरपालिका मधुपट्टी, सप्तरी ।

# विषय सूची


| क्र.सं. | विवरण | पृष्ठ |
|---|---|---|
| **१** | **खण्ड - एक : संक्षिप्त परिचय र शैक्षिक स्थिति** | १ |
| १.१ | सुरुङ्गा नगरपालिकाको संक्षिप्त परिचय | १ |
| १.२ | सुरुङ्गा नगरपालिकाको शैक्षिक स्थिति | ४ |
| १.३ | विद्यालय शिक्षा क्षेत्रका विद्यमान समस्या र मुख्य चुनौतीहरू | |
| १.४ | विद्यालय शिक्षाका अवसरहरू | |
| १.५ | अनुभव र सिकाइ | |
| १.६ | नगर शिक्षा योजना निर्माण प्रक्रिया | |
| **२** | **खण्ड - दुई : दूरदृष्टि, उद्देश्य, रणनीति, उपलब्धि र लक्ष्य** | |
| २.१ | दूरदृष्टि/दीर्घकालीन उद्देश्य (Vision) | |
| २.२ | उद्देश्यहरू (Objectives) | |
| २.३ | रणनीति तथा कार्यनीतिहरू (Strategies) | |
| २.४ | अपेक्षित मुख्य उपलब्धि (Achievements) | |
| २.५ | मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य (Major Performance Indicators) | |
| **३** | **खण्ड - तीन : विद्यालय शिक्षाका मुख्य क्षेत्रहरू** | |
| ३.१ | प्रारम्भिक बालविकास तथा शिक्षा | |
| ३.२ | आधारभूत शिक्षा | |
| ३.३ | माध्यमिक शिक्षा | |
| ३.४ | उच्च शिक्षा | |
| ३.५ | पाठ्यक्रम तथा मूल्याङ्कन | |
| ३.६ | शिक्षक व्यवस्थापन र पेशागत विकास | |
| ३.७ | अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइ | |
| **४** | **खण्ड - चार : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू** | |
| ४.१ | समतामूलक पहुँच र समावेशीकरण | |
| ४.२ | आपतकालमा शिक्षा | |
| ४.३ | भौतिक पूर्वाधार विकास | |
| ४.४ | शिक्षामा सूचना तथा सञ्चार प्रविधि | |
| **५** | **खण्ड - पाँच : संस्थागत विकास, वित्तीय व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन** | |
| ५.१ | संस्थागत संरचना र क्षमता विकास | |
| ५.२ | वित्तीय व्यवस्थापन : स्रोतको अनुमान, प्रस्तावित कार्यक्रम र बजेट अनुमान | |
| ५.३ | अनुगमन तथा मूल्याङ्कन | |
| ६ | **सुरुङ्गा नगरपालिकाको शैक्षिक सुधार मार्गचित्र** (२०७८-२०८३) | |
| | सन्दर्भ सामग्रीहरू | |
| | अनुसूचीहरू | |

## खण्ड - एक
## संक्षिप्त परिचय र शैक्षिक स्थिति

### १.१ संक्षिप्त परिचय

नेपाल सरकारद्वारा २०७३ सालमा तत्कालीन पिप्रापश्चिम, हर्दिया, दौलतपुर, मधुपट्टी, कुशहा, हरिपुर, मलहनमा, टिकुलिया र पटेर्वा गाउँ विकास समितिका सबै वडाहरू तथा मल्हनियाँका ५ र ६ नं. वडाहरू मिलाई ११ ओटा वडा रहने गरी सुरुङ्गा नगरपालिकाको घोषणा गरिएको हो । साविक मधुपट्टी गाउँ विकास समितिको कार्यालयलाई केन्द्र कायम गरिएको यस नगरपालिकाका प्रशासनिक कार्यालयहरू कनकपुर र कदमाहामा अवस्थित छन् । यो नगरपालिका प्रदेश नं. २, सप्तरी जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ४, प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. ४ (क) अन्तर्गत पर्दछ । सप्तरी जिल्लाको सुदूर उत्तर-पश्चिममा अवस्थित यस नगरपालिकाको मध्य भाग भएर पूर्व-पश्चिम राजमार्ग र उत्तरतिर सगरमाथा (कदमाहा-गाइघाट) राजमार्ग रहेको छ ।

सुरुङ्गा चुरे पहाडको नामबाट यसको नाम सुरुङ्गा नगरपालिका रहन गएको हो । त्यसै पहाडको खोँचबाट उत्तरदक्षिण भएर सुरुङ्गा नदी बग्ने गर्दछ ।

- ❖ **अवस्थिति :** प्रदेश नं. २ को सप्तरी जिल्लाका १८ स्थानीय तहहरूमध्ये एक, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ४, प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. ४ (क) अन्तर्गत पर्ने स्थानीय तह सुरुङ्गा नगरपालिका हो ।
- ❖ **सीमाना :** उत्तर र उत्तर-पूर्वमा उदयपुर जिल्ला (उदयपुरगढी गाउँपालिका र त्रियुगा नगरपालिका), पूर्वमा खडक र बोदेबर्साइन नगरपालिका, पश्चिममा सिरहा जिल्ला (लहान नगरपालिका) र दक्षिणतर्फ बलानविहुल गाउँपालिका रहेका छन् ।
- ❖ **आक्षांस र देशान्तर :** यो नगरपालिका २६°३५"४०' देखि २६°४७"२६' उत्तरी आक्षांस र ८६°३०"२' देखि ८६°३५"२६' पूर्वी देशान्तरमा फैलिएको छ ।
- ❖ **क्षेत्रफल :** सप्तरी जिल्लाको कुल क्षेत्रफल १,२७५ वर्ग किलोमिटरमध्ये ८.४% भूभाग ओगटेको यस नगरपालिकाको क्षेत्रफल १०७.०४ वर्ग कि.मि. रहेको छ ।
- ❖ **लम्बाइ, चौडाइ र उचाइ :** उत्तर-दक्षिण सरदर लम्बाइ १५.३ कि.मि., पूर्व-पश्चिम सरदर चौडाइ ३.५ कि.मि. र समुद्री सतहबाट ९० मिटरदेखि ३६४ मिटर उचाइ रहेको ।
- ❖ **भौगोलिक क्षेत्र :** अधिकांश भूभाग समथर रहेको यस नगरपालिकामा कृषियोग्य जमिन–७४.३९%, वन क्षेत्र–१६.९६%, चरण क्षेत्र–०.०३% र पोखरीर ताल–०.०४%, सिमसार-०.२९%, वस्ती-०.०१ % र बाँकी अन्य क्षेत्र रहेका छन् ।
- ❖ **प्रमुख नदीनालाहरू :** पश्चिमी सिमानाको रूपमा बलान नदी, उत्तरबाट शिशुवारी नदी, पूर्वबाट चहका नदी, सुरुङ्गा पहाडबाट सुरुङ्गा नदी, वीरधना नदी बग्दछन् । अधिकांश नदीहरू बलान नदीमा मिसिएर बग्दछन् ।
- ❖ **प्रमुख ऐतिहासिक, पर्यटकीय तथा धार्मिक स्थलहरू :** काली मन्दिर, हनुमान मन्दिर (वडा नं. १), सल्हेश मन्दिर (वडा नं. २), राधाकृष्ण मन्दिर, विश्नेरिया दह (वडा नं. ३), सेतीदेवी मन्दिर (वडा नं.४), सुरुङ्गा पहाडरगुफारनदी, आँप जोन (वडा नं. ६), समसेरपुर दह, सलहेश मन्दिर (वडा नं. ८), राजाजी मन्दिर (वडा नं. ११) आदि ।
- ❖ **प्रमुख व्यापारिक स्थलहरू :** शिशुवारी, भेडिया, दौलतपुर, कनकपुर, कदमाहा, कुशहा, धाँतीमा प्रत्येक हप्ता २ दिन कृषि हाटबजार लाग्छन् भने भेडिया, कदमाहा, कुशहा, कडरवोना, धाँती बजार प्रमुख व्यापारिक स्थलहरू हुन् ।

- **हावापानी :** धरातलीय स्वरुपअनुसार उष्ण मनसुनी हावापानी पाइने, गर्मीमा अत्यधिक गर्मी हुने र जाडोमा अत्यधिक जाडो हुने । चैत, बैशाख, जेठ महिनामा हावाहुरी बतास चल्ने, तातो हावा लुको प्रभाव बढ्ने, आगलागी, चट्याङ जस्ता विपत्ति आइपर्ने । जाडो याममा शीत लहरका कारण जनजीवन प्रभावित हुने यहाँको मौसमी विशेषता हो ।
- **राजनैतिक तथा प्रशासनिक विभाजन :** प्रतिनिधि सभा सदस्या निर्वाचन क्षेत्र नं. ४, प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. ४ (क) अन्तर्गत पर्ने यस नगरपालिकाको प्रशासनिक कार्यालयहरू कनकपुर र कदमाहामा रहेका छन् भने ११ वटा वडाहरूमा वडा कार्यालयहरू रहेका छन् । ५७ सदस्यीय विधायिकी अङ्ग नगर सभा र २१ सदस्यीय कार्यकारिणी अङ्ग कार्यपालिका रहेको छ ।
- **जनसङ्ख्या :** राष्ट्रिय जनगणना, २०६८ अनुसार कुल जनसंख्या – ४४,२२१ रहेको छ । घरपरिवार सर्वेक्षण, २०७५ अनुसार महिला घरमूली १,७५९ र पुरुष घरमूली ७,९१२ गरी जम्मा घरधूरी ९,६७१, कुल जनसंख्या ५०,८१६ मध्ये महिला – २४,३३२, पुरुष – २६,४७१ र अन्य १३, लैङ्गिक अनुपात – १०९.३३, औसत परिवारको आकार–५.२४ रहेको छ । सबैभन्दा बढी जनसंख्या वडा नं. २ र सबैभन्दा कम जनसंख्या वडा नं. १० मा रहेको छ ।
- **यातायात :** पूर्व-पश्चिम राजमार्गको करिब ५ कि.मि. भाग र कदमाहा-गाइघाट मार्गको करिब १२ कि.मि. भाग प्रमुख सडक सञ्जाल हुन् । कुशहा-धाँती-पटेर्वा कालोपत्रे सहायक मार्ग हो भने २०७४ को स्थानीय तहको निर्वाचनपश्चात अधिकांश गाउँ/टोल जोड्ने ग्राबेल तथा कच्ची मार्गहरू स्थानीय पूर्वाधारका रूपमा निर्माण भएका छन् । कतिपय निर्माणाधीन अवस्थामा छन् । नजिकको हवाइ मार्ग राजविराजमा अवस्थित विमानस्थल हो ।
- **सञ्चार (हुलाक, टेलिफोन, रेडियो र पत्रपत्रिका) :** ११ ओटै वडामा अतिरिक्त हुलाक रहेका छन् तर मोबाइल प्रविधिका कारण तिनको उपयोग नगन्य छ । नमस्ते **(NTC)** र **Ncell** मोबाइल प्रविधि अधिकांशले प्रयोग गरिरहेका छन् । धैरै कमले **Landline Phone** प्रविधि समेत उपयोग गर्दछन् । **World Link, Subishu, NTC Net** जस्ता इन्टरनेट प्रविधिहरूले सुरुङ्गा नगरवासीहरूलाई विश्वव्यापीकरणको अनुभूति दिलाईरहेका छन् । स्थान विशेष कतै कुनै रेडियो तरङ्ग बढी कतै कम भएपनि प्राय: सबै राष्ट्रिय रेडियो तथा एफ.एम.का कार्यक्रमहरू सुन्न सकिन्छ । यस नगरपालिकामा एफ.एम. रेडियो सञ्चालनमा नरहे पनि सप्तरी जिल्ला (राजविराज) र सिरहा जिल्ला (लहान) का स्थानीय एफ.एम. रेडियो सुन्न सकिन्छ । स्थानीय पत्रपत्रिकाको प्रकाशन तथा विक्रिवितरण नभए पनि राष्ट्रिय दैनिक पत्रिका, साप्ताहिक र मासिक एवम् राजविराजबाट प्रकाशन हुने स्थानीय पत्रिकाहरू पढ्न सकिन्छ ।
- **स्वास्थ्य सेवा :** नगरपालिकाको शाखाको रूपमा स्वास्थ्य तथा सामाजिक विकास शाखा रहेको र शाखा अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र १, बर्थिङ सेन्टरसहितको स्वास्थ्य चौकी २, स्वास्थ्य चौकी ८, आयुर्वेद औषधालय १, प्रत्येक वडामा ९/९ जना स्वास्थ्य स्वयंसेविकाहरू क्रियाशील छन् । आवधिक रूपमा खोप तथा भिटामिन 'ए' र जुका निवारण कार्यक्रम सञ्चालन भइरहेका छन् । वडा नं. ६ कडरवोनामा कोभिड विशेष अस्पताल निर्माणाधीन रहेको छ ।
- **विद्युत सेवा :** भारतबाट राजविराज हुँदै आउने बोदेबर्साइन विद्युत प्रसारण केन्द्रबाट वितरण हुने विद्युतको सुविधा अधिकांश गाउँ/वस्तीमा पुगेको छ । कमजोर प्रसारण लाईनका कारण हावाहुरी, वर्षाको समयमा बढी प्रभावित हुने गर्दछ । कतिपय स्थानको विद्युतीय सेवा राष्ट्रिय प्रसारणमा आवद्ध हननसकी सामाजिक रूपमा समेत सञ्चालन भइरहेकाले जनताले सास्ती खेप्नुपरेको छ ।
- **बैङ्किङ तथा वित्तीय सेवा :** वित्तीय कारोवारको लागि एनएमबि बैंकको सुरुङ्गा शाखा (कदमाहा), सिभिल बैंकको कडरवोना शाखा छन् भने विभिन्न स्थानमा सहकारी संस्थाहरू छन् ।

- ❖ **प्रमुख जातजाति :** तराई आदिवासी जनजाती-३९.५८%, तराई दलित-२५.८९%, तराई अन्य-१८.१७% र बाँकी अन्य जातिको बसोवास रहेको यस नगरपालिकामा थारू, यादव (गुवार), क्षेत्री, ब्राम्हण, मगर, मुस्लिम, मल्लाह (मुखिया), पासवान, चमार, तेली, कोइरी, हलुवाई, तामाङ, राई, भूजेल, दमाई, कामी, सार्की, सुनुवार, आदि जातिको बसोवास रहेकोले सुरुङ्गा नगरपालिकामा जातीय विविधता पाइन्छ।
- ❖ **प्रमुख भाषाभाषी :** मैथिली ४९.२०%, थारू ३७.१५%, नेपाली ११.१९% र अन्य भाषाभाषी २.४६% रहेका छन्। केहीले हिन्दी र उर्दू भाषा समेत बोल्ने गर्दछन्।
- ❖ **पेशा र व्यवसाय :** कृषि (अन्न-धान/गहुँ/मकै खेती, दालबाली, तेलहन बाली, पशुपालन, माछापालन, कुखुरापालन, आँप/लिच्ची/कटहर जस्ता फलफूल खेती, तरकारी खेती), शिक्षण, नोकरी, साना तथा मझौला व्यापार व्यवसाय, छिटपुट घरेलु उद्योग धन्दा, वैदेशिक रोजगारी, ज्याला मजदूरी, आदि निर्वाहमुखी पेशा सुरुङ्गा नगरवासीहरूको दिनचर्या हो।
- ❖ **सांस्कृतिक परम्परा :** जन्मपश्चात् न्वारान, पास्नी, ब्रतबन्ध, छेवर, विवाह, मर्दा किरिया बार्ने, देवीदेवताको पूजा आराधना, विभिन्न स्थानमा लाग्ने मेला भर्ने जस्ता सँस्कारका अतिरिक्त भजन, कीर्तन, अष्टजाम गर्ने चलन छ। छठ, जितिया, माघी, तिहार, दशैँ पर्व हिन्दू नारी तथा पुरुषले मनाउने प्रमुख चाड हुन् भने रमजान, बकर-ईद, ईद-उल फित्र इस्लाम धर्मावलम्बीहरूले मनाउने पर्व हुन्।
- ❖ **धार्मिक स्थिति :** हिन्दू–९३.३५%, ईस्लाम–६.१३%, बौद्ध–०.१९%, ईसाई–०.०५%, किराँत–०.००३%, जैन–०.००१%, अन्य–०.००५% र नखुलेको–०.२४% धर्मावलम्बीहरू रहेका छन्।
- ❖ **भेषभूषा र रहनसहन :** पुरुषको पहिरन कमिज, शुरूवाल, दौराशुरूवाल, सर्टपेन्ट र महिलाको पहिरनमा सारीचोलो, ब्लाउज, कुर्ताशुरूवाल आदि प्रचलित छ। कार्यक्रम विशेष वा विवाहजस्ता कार्यमा जाति अनुसारका पहिरन समेत देखिन्छ। प्रायः सबै जातिका महिलाले गहना लगाउने प्रचलन रहेको छ। हाल सबै जातिमा आधुनिकताका नाममा विदेशी भेषभूषा तथा रहनसहनले प्रश्रय पाएको देखिन्छ।

## १.२ शैक्षिक स्थिति

सुरुङ्गा नगरपालिकाभित्र १२ ओटा प्राथमिक, १ धार्मिक (मदरसा), १४ निम्नमाध्यमिक, १ माध्यमिक र ४ उच्चमाध्यमिक गरी ३२ ओटा सामुदायिक विद्यालयहरू छन् भने १७ ओटा संस्थागत विद्यालय र १ ओटा क्याम्पस गरी कुल ५० ओटा शैक्षिक संस्थाहरू सञ्चालनमा रहेका छन्। ५० ओटा बालविकास केन्द्रहरू सामुदायिक विद्यालयमै समाहित छन्। संस्थागत विद्यालयहरूमा १७ पूर्व प्राथमिक कक्षा सञ्चालन भइरहेका छन्। सामुदायिक विद्यालयहरूमा प्राथमिक तहमा १०५, निम्नमाध्यमिक तहमा २०, माध्यमिक तहमा २०, उच्चमाध्यमिक तहमा ४ गरी कुल १४९ स्वीकृत दरबन्दी, प्राथमिक तहमा ३६, निम्नमाध्यमिक तहमा २१, माध्यमिक तहमा ७ गरी कुल ६४ राहत तथा उच्चमाध्यमिक तहमा ३ शिक्षक अनुदान गरी कुल २१६ पदमा शिक्षकहरू कार्यरत छन्। त्यसैगरी प्रत्येक विद्यालयमा कम्तीमा १ र बढीमा ३ जना गरी कुल ५० जना प्रारम्भिक बालविकास सहजकर्ताहरू सेवारत छन्।

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापकीय अधिकार स्थानीय तहमा अन्तर्निहित रहेकोले यस नगरपालिकाले आधारभूत शिक्षा (कक्षा ८) परीक्षा सञ्चालन, व्यवस्थापन र नियमन कार्यविधि, २०७४, स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७ र सुरुङ्गा नगरपालिकाको शिक्षा ऐन, २०७७ बनाई कार्यान्वयन भइरहेको छ। सुरुङ्गा नगरपालिकाको शिक्षा नियमावली निर्माणको क्रममा रहेको छ। विद्यालय शिक्षासम्बन्धी अधिकार व्यवस्थित ढङ्गले कार्यान्वयन गर्न र विद्यालय शिक्षामा देखापरेका समस्याहरू निराकरण गरी नतिजामूलक सुधारका निम्ति विद्यमान कानुन अपर्याप्त छन्। यसका निमित्त नगरपालिकाका विधायिकी,

कार्यकारी र प्रशासनिक अङ्गले विद्यालय शिक्षामा देखापरेका समस्या, चुनौती एवम् अवसरहरूको सही मापन र विश्लेषण गरी आवश्यक विधि तथा कानुन निर्माणको कार्यमा सक्रियतापूर्वक लाग्नुपर्ने देखिन्छ।

### १.२.१ तहगत विद्यालय विवरण (२०७७ चैत्र)

| क्र.सं. | तह | सामुदायिक | | | संस्थागत | जम्मा |
|---|---|---|---|---|---|---|
| | | स्वीकृत | अनुमति | जम्मा | | |
| १. | प्राथमिक | ११ | २ | १३ | १२ | २५ |
| २. | निम्नमाध्यमिक | ० | १४ | १४ | ४ | १८ |
| | आधारभूत | ११ | १६ | २७ | १६ | ४३ |
| ३. | माध्यमिक ९-१० | ४ | १ | ५ | १ | ६ |
| ४. | उच्चमाध्यमिक | २ | २ | ४ | ० | ४ |
| | माध्यमिक ९-१२ | ४ | १ | ५ | १ | ६ |
| | जम्मा | १५ | १७ | ३२ | १७ | ४९ |

### १.२.२ स्वीकृत शिक्षक दरबन्दी, राहत/शिक्षक अनुदान विवरण (२०७७ चैत्र)

| क्र.सं. | किसिम | प्राथमिक | निम्नमाध्यमिक | माध्यमिक | उच्चमाध्यमिक | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | दरबन्दी | १०५ | २० | २० | ४ | १४९ |
| २. | राहत | ३६ | २१ | ७ | ० | ६४ |
| ३. | शिक्षक अनुदान | ० | ० | ० | ३ | ३ |
| | जम्मा | १४१ | ४१ | २७ | ७ | २१६ |

### १.२.३ श्रेणीगत शिक्षक विवरण (२०७७ चैत्र)

| क्र.सं. | तह | प्रथम | द्वितीय | तृतीय | अस्थायी | राहत | रिक्त | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्राथमिक | २ | ४१ | ४१ | ५ | ३३ | १९ | १४१ |
| २. | निम्नमाध्यमिक | ० | ६ | ११ | ३ | २० | १ | ४१ |
| ३. | माध्यमिक | १ | २ | १५ | ० | ७ | २ | २७ |
| ४. | उच्चमाध्यमिक | ० | ० | ० | ४ | ३ | ० | ७ |
| | जम्मा | ३ | ४९ | ६७ | १२ | ६३ | २२ | २१६ |

### १.२.४ सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी विवरण (शैक्षिक सत्र २०७७ चैत्र)

| क्र. सं. | तह | कुल विद्यार्थी | | | दलित विद्यार्थी | | | जनजाति विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १. | बालविकास | **५४६** | **५३८** | **१,०८४** | **२३४** | **२७८** | **५१२** | **१५८** | **११४** | **२७२** |
| २. | प्राथमिक | २,१२५ | १,८७६ | ४,००१ | ९५९ | ९०६ | १,८६५ | ५०६ | ४२५ | ९२९ |
| ३. | निम्नमाध्यमिक | १,१३४ | १,०४१ | २,१७५ | ३४७ | ३३८ | ६८५ | ३९१ | २९९ | ६९० |
| क. | आधारभूत १-८ | **३,२५९** | **२,९१७** | **६,१७६** | **१,३०६** | **१,२४४** | **२,५५०** | **८९७** | **७२४** | **१,६२१** |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४. | माध्यमिक ९-१० | ७८८ | ७६७ | १,५५५ | २०३ | १७१ | ३७४ | ३०९ | २८३ | ५९२ |
| १. | उच्चमाध्यमिक | ३४४ | १७० | ५१४ | ५४ | ३२ | ८६ | १५४ | ६२ | २१६ |
| **ख.** | माध्यमिक ९-१२ | **१,१३२** | **९३७** | **२,०६९** | **२५७** | **२०३** | **४६०** | **४६३** | **३४५** | **८०८** |
| | जम्मा | **४,९३७** | **४,३९२** | **९,३२९** | **१,७९७** | **१,७२५** | **३,५२२** | **१,५१८** | **१,१८३** | **२,७०१** |

**स्रोत :** IEMIS Report, 2077

## १.२.५ साक्षरतासम्बन्धी विवरण

| क्र.सं. | विवरण | महिला | पुरूष | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १. | कुल जनसंख्या | २४,३३२ | २६,४७१ | १३ | ५०,८१६ |
| २. | ५ वर्षमाथिको जनसंख्या | २१,४८२ | २३,३१२ | १३ | ४४,८०७ |
| ३. | ५ वर्षमाथिको साक्षर जनसंख्या | १३,५४५ | १९,४५९ | ११ | ३३,०१५ |
| ४. | ५ वर्षमाथिको साक्षरता प्रतिशत | ६३.०५ | ८३.४७ | ८४.६१ | ७३.६८ |
| ५. | साक्षर-निरक्षर नखुलेको जनसंख्या | | | | ६४५ |

स्रोत : घरपरिवार सर्वेक्षण, २०७५

## १.२.६ शैक्षिक उपलब्धि विवरण (शैक्षिक सत्र २०७६)

| कक्षा | नेपाली | | | अङ्ग्रेजी | | | गणित | | | सामाजिक | | | विज्ञान | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | ५६ | ५५ | ५५ | ५६ | ५४ | ५५ | ५४ | ५३ | ५३ | ५४ | ५३ | ५३ | ५४ | ५३ | ५३ |
| २ | ५५ | ५२ | ५४ | ५३ | ५१ | ५२ | ५३ | ५१ | ५२ | ५३ | ५१ | ५२ | ५४ | ५३ | ५४ |
| ३ | ५६ | ५७ | ५७ | ५७ | ५५ | ५६ | ५४ | ५३ | ५३ | ५८ | ५६ | ५७ | ५५ | ५४ | ५५ |
| ४ | ५२ | ५१ | ५२ | ५२ | ५१ | ५२ | ५२ | ५१ | ५१ | ५२ | ५१ | ५२ | ५२ | ५३ | ५३ |
| ५ | ५२ | ५३ | ५२ | ५२ | ५३ | ५३ | ५० | ५१ | ५० | ५१ | ४९ | ५० | ४९ | ४८ | ४९ |
| ६ | ५३ | ५३ | ५३ | ५२ | ५१ | ५२ | ४८ | ४८ | ४८ | ५२ | ५३ | ५३ | ५२ | ५२ | ५२ |
| ७ | ५४ | ५२ | ५३ | ५० | ५१ | ५० | ४७ | ४७ | ४७ | ५१ | ५१ | ५१ | ५३ | ५३ | ५३ |
| ८ | ५३ | ५२ | ५३ | ५३ | ५२ | ५२ | ४६ | ४६ | ४६ | ५४ | ५३ | ५४ | ५३ | ५१ | ५२ |
| ९ | ५० | ५१ | ५० | ४९ | ४९ | ४९ | ४६ | ४६ | ४६ | ५० | ५१ | ५१ | ४९ | ४९ | ४९ |

**स्रोत :** IEMIS Report, 2077

## १.२.६ शैक्षिक सूचकहरूको अवस्था

| क्र.सं. | सूचकहरू | न.पा.को स्थिति (२०७७/७८) | राष्ट्रिय स्थिति (२०७७) | शिक्षेयोको लक्ष्य (२०८२) | पन्ध्रौं योजनाको लक्ष्य (२०८०/८१) | न.पा.को लक्ष्य (२०८२/८३) |
|---|---|---|---|---|---|---|
| १. प्रारम्भिक बालविकास र शिक्षा | | | | | | |
| १.१ | कुल भर्ना दर | ८० | ८६.४ | १०० | १०० | १०० |
| १.२ | ४ वर्षका बालबालिकाको भर्ना अनुपात | ६० | ६७.२ | ९० | | ८० |
| १.३ | कक्षा १ मा नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास र | ६२ | ६८.७ | ९० | ९० | ९० |

| क्र.सं. | सूचकहरू | न.पा.को स्थिति (२०७७/७८) | राष्ट्रिय स्थिति (२०७७) | शिक्षेयोको लक्ष्य (२०८२) | पन्ध्रौं योजनाको लक्ष्य (२०८०/८१) | न.पा.को लक्ष्य (२०८२/८३) |
|---|---|---|---|---|---|---|
| | शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | | | | | |
| २. आधारभूत शिक्षा | | | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | ११५ | १२१.९ | १०६ | | १०५ |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९० | ९६.८ | ९९ | | ९५ |
| २.३ | कक्षा १-५ मा कुल भर्नादर | १२५ | ११९.३ | ११२ | | ११० |
| २.४ | कक्षा १-५ मा खुद भर्नादर | ९२ | ९७.१ | १०० | | ९८ |
| २.५ | कक्षा १-८ मा कुल भर्नादर | ११८ | ११०.४ | ११५ | | १०५ |
| २.६ | कक्षा १-८ मा खुद भर्नादर | ८५ | ९३.८ | ९९ | ९९ | ९५ |
| २.७ | कक्षा ८ मा टिकाउ दर | ७० | ७९.३ | ९८.९ | | ९५ |
| २.८ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | ७० | ७२.७ | ९८.७ | | ९५ |
| ३. माध्यमिक शिक्षा | | | | | | |
| ३.१ | कक्षा ९-१० मा कुल भर्नादर | ९० | ९४.६ | १०५.६ | | १०५ |
| ३.२ | कक्षा ९-१० मा खुद भर्नादर | ६५ | ६८.७ | ८१.४ | | ८० |
| ३.३ | कक्षा ९-१२ मा कुल भर्नादर | ६८ | ७१.४ | ९१.६ | | ९० |
| ३.४ | कक्षा ९-१२ मा खुद भर्नादर | ४५ | ४७.६ | ५८.१ | ६५ | ६० |
| ३.५ | कक्षा ११-१२ मा कुल भर्नादर | ५० | ५१.५ | ७७.३ | | ७० |
| ३.६ | कक्षा ११-१२ मा खुद भर्नादर | ३० | २५.८ | ४०.१ | | ४० |
| ३.७ | कक्षा १० मा टिकाउ दर | ६० | ६०.३ | ९७.९ | | ९० |
| ३.८ | कक्षा १२ मा टिकाउ दर | २५ | २४.० | ३५.४ | | ३५ |
| ४. अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइ | | | | | | |
| ४.१ | ५ वर्षमाथिको साक्षरता दर | ७४ | ७८ | ९६ | ९६ | ९६ |
| ४.२ | १५-२४ वर्षको साक्षरता दर | ८५ | ९२ | ९९ | ९९ | ९७ |
| ४.३ | १५ वर्षमाथिको साक्षरता | ६० | ५८ | ९५ | ९५ | ९५ |

| क्र.सं. | सूचकहरू | न.पा.को स्थिति (२०७७/७८) | राष्ट्रिय स्थिति (२०७७) | शिक्षेयोको लक्ष्य (२०८२) | पन्ध्रौँ योजनाको लक्ष्य (२०८०/८१) | न.पा.को लक्ष्य (२०८२/८३) |
|---|---|---|---|---|---|---|
| | दर | | | | | |
| ५. महिला शिक्षक प्रतिशत | | | | | | |
| ५.१ | आधारभूत तह | २६.४ | ४३.७ | ५० | | ३० |
| ५.२ | माध्यमिक तह | ५ | २०.६ | २५ | | १० |
| ६. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेका विद्यालय प्रतिशत | | | | | | |
| ६.१ | प्रारम्भिक बालविकास केन्द्र | ६४ | | ६० | | ८० |
| ६.२ | आधारभूत विद्यालय | ४६ | १३.४ | ७० | | ७० |
| ६.३ | माध्यमिक विद्यालय | ८० | | ६० | | १०० |
| ७. शिक्षा क्षेत्रको बजेट प्रतिशत | | २० | ११.६४ | १७ | | ३० |

## १.३ विद्यालय शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीहरू

### १.३.१ शिक्षा क्षेत्रका मुख्य समस्याहरू

सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु, लक्षित समूहका बालबालिकाको सहभागिता कमजोर हुनु, विद्यालय भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षितरूपमा सिकाइ उपलब्धि हासिल हुन नसक्नु, तहगत र विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसकिनु, प्राविधिक शिक्षालाई विद्यालय शिक्षाको मूल धारको रूपमा विकास गर्न नसकिनु, शिक्षासम्बन्धी अधिकार कार्यान्वयनको लागि पर्याप्त स्रोतको व्यवस्था हुन नसक्नु, तोकिएको शैक्षिक सत्रमा तह पार गर्नेको सङ्ख्या कम हुनु, पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त सिकाइका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास नहुनु, शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूति हुन नसक्नु, निजी लगानीका शैक्षिक संस्थाहरूको उचित व्यवस्थापन र प्रतिभाहरूको पलायन नियन्त्रण गर्न नसकिनु जस्ता विषयहरू विद्यालय शिक्षाका प्रमुख समस्याका रूपमा रहेका छन्। विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा देखिएका समस्याहरू निम्नानुसार पहिचान गरिएको छ :

- सूचना तथा सञ्चारको प्रभावकारी व्यवस्थाको अभावले गर्दा माथिल्लो निकायबाट प्राप्त हुने कार्यक्रम तथा बजेट एवम् अख्तियारीको निकासा फुकुवा समयमा हुन नसक्दा कार्यक्रम सञ्चालनमा बाधा परेको।
- कतिपय कार्यक्रमहरूको सञ्चालन निर्देशिका तथा सामग्री समयमा प्राप्त नभएकाले कार्यक्रम सञ्चालन गर्न बाधा परेको।
- विद्यालयसँग प्रत्यक्ष सम्बन्धित विभिन्न निकायहरू विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, स्थानीय निकाय र सर्वसाधारण सरोकारवालाहरूको सहभागिता र अपनत्वको भावनाको आशातीत रूपमा विकास हुन नसक्दा सञ्चालित कार्यक्रम भने जति उद्देश्यमूलक र दीगो हुन नसकेको।
- कतिपय कार्यक्रमहरू आर्थिक वर्षको अन्तिम समयमा प्राप्त हुन आएको हुँदा पूर्व योजना र तयारी साथ प्रभावकारी रूपमा कार्यक्रम सम्पन्न गर्न समस्या परेको।
- विद्यालय सञ्चालन र व्यवस्थापनमा राजनैतिक र गुटगत प्रभाव पर्नु।

- विद्यालय उमेरका सबै बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच पुग्न नसक्नु ।
- बालबालिकाहरूको बीचैमा विद्यालय छाड्ने र पुनःकक्षा दोहोर्याउने दर उच्च हुनु ।
- अझै पनि परिवार, समाज र विद्यालयमा शिक्षासम्बन्धी सामाजिक एवम् लैङ्गिक विभेद कायमै रहनु ।
- बिशेष किसिमको आवश्यकता भएका बालबालिकाहरूको चाहना र आवश्यकतालाई पहिचान गरी सम्बोधन गर्न नसकिनु ।
- सामाजिक, आर्थिक र जातीय विविधताका कारण सबैका लागि समान र समतामूलक शैक्षिक सेवा र सुविधा प्रवाह तथा वितरण हुन नसक्नु ।
- गुणस्तरीयताको अवस्था अझै पनि न्युन रहेको छ । विस्तारै क्रमिकरूपमा शिक्षाको गुणस्तरमा सुधार भए तापनि शैक्षिक सुधारका लागि गुणस्तर शब्दलाई स्पष्टरूपमा परिभाषित गर्न नसकिनु ।
- विद्यालयस्तरीय पाठ्यक्रमलाई बालमैत्री, बालमनोविज्ञानमा आधारित बनाई सबै तहका बालबालिकाहरूका लागि समय सान्दर्भिक, स्तरयुक्त र आवश्यकता पूरा गर्ने खालको बनाउन नसकिनु ।
- अझै पनि ठूलो जनसङ्ख्या निरक्षर रहनुले तिनीहरूलाई साक्षर बनाई सान्दर्भिक र जीवनोपयोगी सीप प्रदान गर्न नसकिनु ।
- सुधारका लागि विद्यमान संरचना र पद्धतिको क्षमतामा बृद्धि गर्न संस्थागत, सङ्गठनात्मक र वैयक्तिक सक्षमता वृद्धि गर्न नसकिनु ।
- विद्यालय सञ्चालन र व्यवस्थापनमा समुदायको सहभागिता र अपनत्व वृद्धि हुन नसक्नु ।

### १.३.२ विद्यालय शिक्षाका चुनौतीहरू

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, समतामूलक पहुँच, गुणस्तर सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण बढाउनु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, उद्यमशील, समालोचनात्मक र अन्वेषणकारी नागरिक तयार गर्नु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा विकासको लागि भौतिक पूर्वाधार, प्राविधिक जनशक्तिको उपलब्धता र समन्यायिक पहुँच सुनिश्चित गर्न आवश्यक पर्ने स्रोत-साधनको उपलब्धता र व्यवस्थापन गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, क्षमतावान युवालाई स्थानीय तहमै सेवा गर्ने अवसरको सिर्जना गर्नु, जनसाङ्ख्यिक बनोट, आन्तरिक र बाह्य बसाइँ-सराइको प्रवृत्ति समेतको अध्ययन गरी शैक्षिक संस्थाहरूको नक्साङ्कन गर्नु र सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु विद्यालय शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरू हुन् । विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा निम्नानुसारका चुनौतीहरू पहिचान गर्न सकिन्छ :

- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षा सुनिश्चित गर्न प्रारम्भिक बाल विकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्ने;
- प्रारम्भिक बालविकास तथा शिक्षा ४ वर्षका बालबालिकाहरूका लागि लक्षित भए पनि ४ वर्षभन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु;
- विद्यालय नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्ने;
- सबै विद्यालयको भौतिक र शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने;

- आधारभूत शिक्षालाई अनिवार्य तथा नि:शुल्क र माध्यमिक शिक्षालाई नि:शुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत-साधनको व्यवस्था र संस्थागत संरचना तथा क्षमता विकास गर्ने;
- सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता बढाउने;
- शिक्षक र शिक्षा क्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित गर्ने;
- विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्ने र शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्ने;
- शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र कार्यकुशलता वृद्धि गर्ने;
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने;
- विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने;
- बालबालिकाको पोषणको अवस्था र स्वास्थ्यमा सुधार गर्न दिवा खाजा, सरसफाइ, स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा विद्यालयमार्फत प्रदान गर्ने;
- विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने;
- साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर वृद्धि गर्ने र बढी उमेरकालाई वैकल्पिक प्रबन्ध गर्ने;
- नगरपालिकामा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन र सुशासन प्रवर्द्धन गर्न उत्तरदायित्व प्रणालीलाई प्रभावकारी बनाउने;
- सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण बढाउने र सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्ने;
- शिक्षा र रोजगारीबीच तालमेल मिलाउने र प्रतिभा पलायन रोक्ने ।

## १.४ विद्यालय शिक्षाका अवसरहरू

शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिने व्यवस्थाले शिक्षामा सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, साक्षरता दरमा भएको वृद्धि, विद्यालय तहको खुद भर्नादर र लैङ्गिक समता सूचकाङ्कमा प्रगति देखिनु, समावेशी सहभागिता बढ्दै जानु, सामुदायिक विद्यालयप्रतिको चासो र जनअपेक्षा बढ्दै जानु, प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रारम्भ हुनु जस्ता विषयहरू शिक्षा क्षेत्रका अवसरहरू हुन् ।

- शिक्षाका कार्यक्रमहरू अभियानको रूपमा सञ्चालन गरिने र मूल बजेट प्रवाह हुने प्रमुख प्राथमिकताका कार्यक्रमहरूको पहिचान भएको ।
- स्थानीय तहमा शिक्षाको दिगो विकासको लागि निर्धारित लक्ष्य हासिल गर्न समुदायको प्रतिबद्धता जाहेर भएको ।
- सरोकारवालाहरू शैक्षिक व्यवस्थापनको निर्णय प्रक्रिया र स्रोत परिचालनमा उत्तरदायी एवम् उत्साही देखिएको ।
- शैक्षिक सेवाहरूको विस्तार र सुधारमा एकरुपता ल्याउन राजनीतिक पार्टी र नागरिक समाजको समेत सहयोग र समर्थन प्राप्त भएको ।
- विद्यालय क्षेत्र विकास कार्यक्रमको सफल कार्यान्वयनबाट सेवा प्रवाहमा दक्षता बृद्धि भई नगर शिक्षा योजना कार्यान्वय गर्न आवश्यक पूर्वाधार तयार भएको ।
- विद्यार्थीको सक्रिय सहभागिता र सिकाइका लागि सेवा प्रदान गर्न नगरपालिकाको संयन्त्रको आन्तरिक क्षमता र दक्षतामा आवश्यक बृद्धि भएको ।

- विद्यालय क्षेत्र विकास कार्यक्रमबाट शिक्षा क्षेत्रमा पहुँच र गुणस्तर सुधारको लागि योगदान पुगेको ।
- बालबालिकाहरूका लागि गुणस्तरीय शिक्षामा समान पहुँच र अवसरमा बृद्धि गर्न विभिन्न संघ/संस्थाको साझा प्रतिबद्धता जाहेर भएको ।
- हालसम्मका कार्यक्रमहरूबाट बनेका भौतिक पूर्वाधारहरूलाई जग बनाई नगर शिक्षा योजना कार्यान्वयन गर्न मजबुत आधारशीला निर्माण भएको ।

## १.४ विद्यालय शिक्षाका अवसरहरू

सन् २००१ देखि २०१५ सम्मको लागि विद्यालय शिक्षालाई मार्गदर्शन गरेको सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना, २००४ देखि २००९ सम्मको सबैका लागि शिक्षा, माध्यमिक शिक्षा सहयोग कार्यक्रम (२००३-२००८), शिक्षक शिक्षण आयोजना (२००२-२००७), विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२), विद्यालय क्षेत्र विकास योजना (२०७३-२०८०) जस्ता योजना तथा कार्यक्रमहरू हालसम्म कार्यान्वयनमा आइसकेका छन् । शिक्षा क्षेत्रको योजना (२०२१-२०३०) मस्यौदा तयार भई छलफलका क्रममा रहेको छ । सामाजिक क्षेत्र अन्तर्गत शिक्षा विकासका कार्यक्रमहरू परिलक्षित गरेर पन्ध्र ओटा आवधिक योजनाहरू तर्जुमा भइसकेका छन् । हालसम्मका यी योजना तथा कार्यक्रमहरू कार्यान्वयनबाट निम्नानुसारका अनुभव र सिकाइ भएका छन् :

| क्र.सं. | कम्पोनेन्ट | अनुभव र सिकाइ |
|---|---|---|
| १. | प्रारम्भिक बालविकास तथा शिक्षा | १. सहयोगी कार्यकर्ता स्थानीय विवाहित महिला भएमा बाविके सञ्चालन र व्यवस्थापन प्रभावकारी हुने ।<br>२. छुट्टै भौतिक व्यवस्थापन आवश्यक नपर्ने हुँदा विद्यालयमा आधारित बाविके प्रभावकारी रूपमा सञ्चालन भएको पाइएको ।<br>३. बाविकेमा बालबालिकाको संख्या कम हुँदै गएको र प्रत्येक विद्यालयमा बाविके आवश्यक भएकाले कोटा थप गर्नुपर्ने । सञ्चालनमा रहेका बाविकेलाई थप व्यवस्थित गर्न सके उत्तम हुने ।<br>४. स.का.हरूका लागि पुनर्ताजगी तालिम आवश्यक हुने । स.का.हरूको अर्धवार्षिक सिकाइ आदान प्रदान कार्यशाला प्रभावकारी भएकाले निरन्तरता दिइनुपर्ने ।<br>५. अनुगमन र कार्यक्रम व्यवस्थापन शीर्षकमा रकम विनियोजन हुन आवश्यक ।<br>६. लगानी अनुसारको अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको । |
| २. | विद्यालय शिक्षामा पहुँचको सुनिश्चितता | १. विद्यालय समाहीकरण र कम विद्यार्थी भएका स्थानमा प्राथमिक शिक्षा विस्तार कार्यक्रम आवश्यक ।<br>२. सबैका लागि शिक्षाको अवधारणा अनुरूप समाहित शिक्षा स्रोत कक्षामा मात्र सीमित नराखी एकीकृत रूपमा विद्यालयहरूमा नै स्रोतकक्षा सञ्चालन गर्नुपर्ने ।<br>३. लैङ्गिक विषयसँग सम्बन्धित कार्यक्रम सञ्चालनका लागि रकम थप गर्न आवश्यक ।<br>४. आधारभूत धार्मिक विद्यालयहरूमा शिक्षक अनुदान आवश्यक रहेको ।<br>५. स्रोतकेन्द्र सुदृढीकरण, सञ्चालन र व्यवस्थापनका लागि स्रोतकेन्द्र भवन निर्माण र मर्मत सम्बन्धी आवश्यक व्यवस्था गर्न रकम छुट्याइनुपर्ने ।<br>६. विद्यालयहरूबीच सहकार्य भएमा उच्च उपलब्धि हासिल गर्न सहयोग पुग्ने । |
| ३. | साक्षरता | १. महिलाहरूका लागि आयमूलक कार्यक्रम रोजगारमूलक समेत भएको हुँदा यो कार्यक्रम |

| क्र.सं. | कम्पोनेन्ट | अनुभव र सिकाइ |
|---|---|---|
| | तथा निरन्तर शिक्षा | प्रभावकारी रूपमा सञ्चालन गरिनुपर्ने।<br>२. सामुदायिक अध्ययन केन्द्र शैक्षिक कार्यक्रम सञ्चालन गर्ने महत्वपूर्ण थलोको रूपमा विकास गर्न क्षमता विकास गरिनुपर्ने।<br>३. साक्षरता अभियान मार्फत साक्षर प्रौढहङ्को सङ्ख्या बृद्धि हुँदै गएकाले साक्षरोत्तर शिक्षाका कार्यक्रमहरू थप गर्दै लानुपर्ने।<br>४. सा.अ.के.का पदाधिकारीहरूको क्षमता विकास गर्न आवश्यक भएको र त्यसका लागि रकम विनियोजन हुनुपर्ने।<br>५. सिडमनि रकम बृद्धि गरिनुपर्ने र तालिमका लागि रकम सधैँ अपुग विनियोजन हुने हुँदा कार्यक्रम सञ्चालनमा कठिनाई। नम्र्समा बृद्धि गरिनुपर्ने। |
| ४. | शैक्षिक गुणस्तर अभिवृद्धि | १. विद्यार्थी सङ्ख्या घट्दै गइरहेको अवस्थामा बहुकक्षा शिक्षणको खाँचो महशुस भएको।<br>२. बहुभाषिक शिक्षाका कार्यक्रम र मातृभाषा पढाउने शिक्षकको व्यवस्था र तालिमको आवश्यकता खट्किएको।<br>३. उत्कृष्ट विद्यालयलाई प्रोत्साहन गर्दा प्रतिस्पर्धाको भावना विकास हुने।<br>४. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी हुन नसकेको। शिक्षकहरूलाई अभिमुखीकरण गर्न आवश्यक भएको। त्यसका लागि पर्याप्त रकम विनियोजन गरिनुपर्ने।<br>५. विद्यालयमा दिइने अनुदान व्यवस्था प्रभावकारी भएको तर विद्यार्थी सङ्ख्या बढाउने प्रवृत्ति अझै देखिए पनि न्यून हुँदै गएको।<br>६. नीजि क्षेत्रलाई छपाईको कार्य दिनाले पुस्तकको बाह्य गुणस्तरीयता कायम हुन नसकेको तर पा.पु. उपलब्धतामा सरलता आएको।<br>७. उमाविमा अध्ययनरत सम्पूर्ण छात्रछात्रालाई पनि निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउन उपयुक्त हुने। |
| ५. | शिक्षक शिक्षा तथा विकास | १. कक्षाकोठाबाट विच्छेद नहुने शिक्षक तालिम प्रभावकारी हुने।<br>२. कक्षाकोठाको समस्या कक्षाकोठाबाटै समाधान हुने।<br>३. शिक्षकको वास्तविक समास्या पहिचान भई आवश्यकता प्रमाणिकरणका आधारमा पेसागत विकास तालिम सञ्चालन हुने।<br>४. प्रअको क्षमता विकासका लागि प्रअ नेतृत्व क्षमता विकास तालिम प्रभावकारी भएको। |
| ६. | प्रभावकारी सेवा प्रवाहका लागि क्षमता अभिवृद्धि | १. सञ्चार माध्यमसँगको सहकार्यले कार्य पारदर्शिता कायम भएको, सरोकारवालाको पहुँचमा सुगमता र सकरात्मक सहयोगको विकास भएको।<br>२. विद्यालयको व्यवस्थापन तथा सुशासनका लागि सरोकारवालाहरूलाई दिइने क्षमता विकास तालिम प्रभावकारी रहेकाले यसको निरन्तरता आवश्यक रहेको। |
| ७. | विद्यालय व्यवस्थापन तथा अनुगमन | १. स्थानीय तहलाई सक्षम बनाउन सबैभन्दा महत्वपूर्ण संयन्त्रको रूपमा स्रोतकेन्द्र कार्यरत रहेको।<br>२. आफ्नो आवश्यकता अनुसार कार्यक्रम तय गर्न सजिलो भएको।<br>३. वेबसाइटको सुविधाले गर्दा सरोकारवालाहरूको पहुँचमा सुलभता आएको।<br>४. जिल्लाको आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्दा प्रभावकारी भएको। |

| क्र.सं. | कम्पोनेन्ट | अनुभव र सिकाइ |
|---|---|---|
| ८. | विद्यालय स्तरीय शैक्षिक तथ्याङ्क प्रमाणिकरण | १. योजना निर्माणका लागि महत्वपूर्ण रहेको ।<br>२. निश्चित आधार नभएकाले सङ्ख्यात्मक तथ्याङ्कलाई प्रमाणीकरण गर्न गाह्रो भएको ।<br>३. निःशुल्क पा.पु. एवम् छात्रवृत्ति रकमको दुरुपयोग रोक्न तथ्याङ्क सत्यापन तथा प्रमाणिकरण आवश्यक भएको । |
| ९. | प्रोत्साहन तथा सहयोग | १. छात्रवृत्ति रकमको सही सदुपयोग हुन नसकेको ।<br>२. छात्रवृत्तिले गलत तथ्याङ्क पेश गर्ने कार्यलाई प्रोत्साहित गरेको ।<br>३. छात्रवृत्तिले विद्यार्थी बढाउन नसकेको तर विद्यार्थी सङ्ख्या मात्र बढाएको । |
| १०. | साक्षर नेपाल (राष्ट्रिय साक्षरता) अभियान | १. समग्र शैक्षिक कार्यक्रम स्थानीय सङ्घसंस्था, विद्यालय र स्रोतकेन्द्र मार्पmत जिशिकाबाट सञ्चालन हुन आवश्यक छ र यो कार्यक्रम सञ्चालनमा स्थानीय निकायको पनि साझेदारीता आवश्यक छ ।<br>२. लगानी अनुसारको अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको ।<br>३. उपलब्धिमूलक लगानी हुननसकेको । |
| ११. | भौतिक पूर्वाधार विकास | १. कोटा वितरणमा राजनैतिक प्रभाव पर्ने गरेको ।<br>२. मागअनुसारको कोटा अपुग भएकोले वितरणमा कठिनाइ भएको ।<br>३. सबै भौगोलिक क्षेत्रमा एउटै नर्म्स लागू भएको हुँदा ढुवानी र भवन निर्माणमा कठिनाइ भोग्नु परेको । |
| १२. | कार्यसम्पादन अनुदान | १. प्रस्तावना मागका आधारमा विद्यालय छनोट गरी कार्यप्रगतिका आधारमा अनुदान उपलब्ध गराउँदा शिक्षण सिकाइमा सकारात्मक प्रभाव पर्ने । |
| १३. | शिक्षण सिकाइ सामग्री अनुदान | १. शिक्षक सेवा नपुगेका विद्यार्थीहरूको सङ्ख्याका आधारमा रकम विनियोजन हुननसकेको । न्युन रकमका कारण वितरणमा कठिनाइ ।<br>२. निजी स्रोतका शिक्षक नियुक्ति गर्दा विद्यालयले अध्यापन अनुमति पत्र अनिवार्य गर्न नसकेको ।<br>३. नियुक्ति भएका शिक्षकहरू अर्को बर्ष एक्कैं अनुदान नजाँदा हटाउन गाह्रो हुनुका साथै स्थायित्वको समस्या देखिएको । |
| १४. | प्रवर्तनात्मक कार्यक्रम | १. आवश्यकता पहिचान गरी कार्यक्रम सञ्चालन गर्न प्रभावकारी भएको ।<br>२. विशेष गरी शैक्षिक सूचना प्रवाहका लागि प्रभावकारी सिद्ध भएको । |

## १.६ नगर शिक्षा योजना निर्माण प्रक्रिया

नेपालमा योजना निर्माण तथा योजनाबद्ध विकास प्रयासको थालनी २०१३ सालदेखि भएको हो । योजनाबद्ध विकासको क्रमलाई हेर्दा हालसम्म १४ ओटा योजना निर्माण भई कार्यान्वयन भइसकेका छन् भने हाल पन्ध्रौँ योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयन भइरहेको छ । हालसम्म योजना निर्माणको अभ्यासलाई सर्सर्ती केलाउँदा समयका आधारमा तीन

थरि (१–३ वर्षे अल्पकालीन, ३–५ वर्षे मध्यकालीन र ५ वर्षभन्दा माथि दीर्घकालीन) र तहगत आधारमा दुई थरि (बृहत र सूक्ष्म तथा केन्द्रीकृत र विकेन्द्रित) योजना निर्माण भई कार्यान्वयन भएका छन् । हासिल गर्नुपर्ने लक्ष्य तथा उद्देश्य, उपलब्ध समय, स्रोत साधन र सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूको आवश्यकता पहिचान गरी योजना कस्तो हुने, कति अवधिको हुने, कसले निर्माण गर्ने र कार्यान्वयनको जिम्मेवारी कसलाई दिने भन्ने कुराको निर्धारण गरिन्छ ।

शिक्षा मन्त्रालयबाट प्रकाशित 'नेपालमा शिक्षा योजना' सन्दर्भ पुस्तकमा नेपालको सन्दर्भमा शिक्षा योजनालाई बृहत (Macro), मध्यम (Meso), सूक्ष्म (Micro) र संस्थागत (Institutional) गरी ४ प्रकारमा विभाजन गरी अध्ययन गर्न सकिने कुरा उल्लेख गरेको छ । राष्ट्रियस्तरमा केन्द्रीय तहका निकायहरूको संलग्नतामा निर्माण गरिने योजनाहरूलाई बृहत (Macro) योजनाको रूपमा लिन सकिन्छ । सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (२००१–२०१५), विद्यालय क्षेत्र सुधार योजना (२०६६–२०७२), विद्यालय क्षेत्र विकास योजना (२०७३/७४-२०७९/८०) बृहत योजनाका उदाहरण हुन् । क्षेत्रीयस्तरमा क्षेत्रीय शिक्षा निर्देशनालय जस्ता क्षेत्रीय निकायहरू एवम् राज्य वा प्रदेशहरूमा निर्माण र कार्यान्वयन हुने योजनाहरू मध्यम (Meso) योजना हुन् । नगर शिक्षा योजना एवम् गाउँ शिक्षा योजना सूक्ष्म (Micro) योजना हुन् । विद्यालयको सर्बाङ्गीण पक्षको विकास र सुधारका लागि विद्यालयहरूले निर्माण गरी कार्यान्वयन गर्ने विद्यालय सुधार योजना संस्थागत (Institutional) योजना हो ।

शैक्षिक योजनालाई भविष्यको गर्भमा हेर्ने सीप एवम् भविष्यको समीक्षात्मक विश्लेषणका रूपमा पनि लिने गरिन्छ । त्यसैले भविष्यमा आवश्यक पर्ने कुनै कार्य प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न योजना अति आवश्यक हुन्छ । व्यक्ति, परिवार, समाज र देश विकासको मेरुदण्डको रूपमा कार्य गर्ने शिक्षाको लागि योजना निर्माण गर्नु अपरिहार्य हुन आउँछ । विस्तृत रूपमा भन्नु पर्दा समाजको आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक र भौतिक पक्षको क्रमिक विकास निम्ति योजनाको आवश्यकता पर्दछ । योजनामा लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति स्पष्ट हुनुपर्दछ । यसका साथै योजना निर्माण गर्दा विद्यमान अवस्थाको विश्लेषण तथा भविष्यमा प्राप्त गर्न खोजिएको लक्ष्य र उद्देश्य हासिल गर्न समय, स्रोत, साधन आँकलन र आवश्यक क्रियाकलापहरू स्पष्ट किटान गरिएको हुनुपर्दछ ।

२०७२ असोज ३ गते जारी नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्यशक्तिको प्रयोग यी तिनै तहले संविधान तथा कानुन बमोजिम गर्ने व्यवस्था गरेको छ । स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहेका छन् । स्थानीय तहको अधिकार अनुसूती-८ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँ सभा वा नगर सभाले बनाएको कानुन बमोजिम हुनेछ । संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयन गर्नेछन् । संविधानको अनुसूची-८ मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकार स्थानीय तहमा निहित रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ गाउँपालिका तथा नगरपालिकाको अधिकार अन्तर्गत खण्ड ज. मा आधारभूत र माध्यमिकशिक्षा सम्बन्धी २३ ओटा अधिकारहरू निक्षेपण गरिएको छ । जसमा, प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनको अधिकार समेत उल्लेख छ । यसर्थ स्थानीय तहले विद्यालय शिक्षाको विकास, गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न र सबैका लागि जीवन पर्यन्त सिकाइ अवसर प्रवर्द्धन गर्नको लागि शिक्षा विकास योजना तर्जुमा गर्न वाञ्छनीय हुन आउँछ ।

स्थानीय तह नागरिकसँग दैनिक रूपमा साक्षात्कार हुने भएकोले स्थानीय आवश्यकता र प्राथमिकताको बढी जानकार हुने गर्दछ । यसका साथै शैक्षिक सेवा प्रवाह र विद्यालय शिक्षाको विकास लगायतका कार्यजिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले शैक्षिक योजना तर्जुमा गर्नुपर्ने प्रावधान अनुरूप सुरुङ्गा नगरपालिकाले यो योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हो ।

नगर शिक्षा योजना तर्जुमाको प्रारम्भिक चरणमा नगर शिक्षा समितिमा छलफल भई नगर शिक्षा योजना तर्जुमा समिति गठन गरिएको थियो । कोभिड-१९ को प्रकोपका कारण योजना तर्जुमा प्रक्रिया प्रभावित भई केही समय लाग्यो । कोरोना कहरकै बीच दूरीमा रही विभिन्न माध्यमसमेत प्रयोग गरी योजना तर्जुमा गर्ने कार्य भयो । योजना निर्माणका लागि कार्यपालिकाबाट नीतिगत मार्गदर्शन प्राप्त भएको थियो । नगर प्रमुख र सामाजिक विकास समिति संयोजकबाट निरन्तर राय-सल्लाह प्राप्त भइरह्यो । मस्यौदा तयारीको लागि शिक्षा, युवा तथा खेलकुद शाखाका शाखा प्रमुखलाई पूर्ण जिम्मेवारी प्राप्त भएको थियो । यस कार्यमा शाखाका अन्य कर्मचारीहरू समेत सहभागी भएका थिए । विकास साझेदार सेभ द चिल्ड्रेन तथा सबल नेपालसँग आवश्यक समन्वय र सहकार्य गरिएको थियो । योजना तयारीका लागि निम्नानुसारका सामग्रीहरूको अध्ययन र समीक्षा गरिएको थियो :

- नगर वस्तुगत विवरण, २०७४ को मस्यौदा
- घरपरिवार सर्वेक्षण विवरण, २०७५
- सामुदायिक तथा संस्थागत विद्यालयहरूको IEMIS, 2076/2077
- विद्यालय अनुगमन प्रतिवेदनहरू
- CMIS Household Survey Report, 2075 (Sabal Nepal)
- नगरपालिकाको वार्षिक बजेटहरू
- नगरपालिकाद्वारा जारी ऐन, नियम र कार्यविधिहरू
- शिक्षा ऐन तथा नियमावलीहरू
- राष्ट्रिय शिक्षा नीति, २०७६
- विद्यालय क्षेत्र विकास योजना (२०७३-२०८०)
- पन्ध्रौ योजना (२०७६-२०८१) मा शिक्षा
- शिक्षा क्षेत्रको योजना (२०२१-२०३०) को मस्यौदा
- विभिन्न आर्थिक वर्षमा भएका विद्यालय निकासाहरू

योजना तयारीका क्रममा निम्न विषयहरूमा केन्द्रित भई सुरुङ्गा नगरपालिकाको अवस्था पहिचान, विश्लेषण गरी मस्यौदा तयार गरिएको थियो :

- प्रारम्भिक बालविकास तथा शिक्षा
- आधारभूत शिक्षा
- माध्यमिक शिक्षा
- पाठ्यक्रम तथा मूल्याङ्कन
- शिक्षक व्यवस्थापन, विकास र पेशागत सहायता
- अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ
- समतामूलक पहुँच र समावेशीकरण
- आपत्कालीन शिक्षा

- भौतिक पूर्वाधार विकास
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग
- सुशासन तथा व्यवस्थापन
- अनुगमन र मूल्याङ्कन

योजना तयारी तथा विकासको लागि निम्नानुसारको संरचनात्मक व्यवस्था गरिएको थियो **:**

- **नगर शिक्षा योजना तर्जुमा समिति** : नगर शिक्षा समितिको बैठकको निर्णयबाट सामाजिक विकास समिति संयोजकको संयोजकत्वमा ३ जना कार्यपालिका सदस्य र शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख सदस्य-सचिव रहने गरी ५ सदस्यीय नगर शिक्षा योजना तर्जुमा समिति गठन गरिएको थियो।
- **सल्लाहकार समिति** : नगर शिक्षा समितिकै निर्णयबाट नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत रहने गरी ३ सदस्यीय सल्लाहकार समिति गठन गरिएको थियो।
- **मस्यौदा तयारीको जिम्मा** : नगर शिक्षा योजना तर्जुमा समितिको पहिलो बैठकले शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई योजनाको मस्यौदा तयारीको जिम्मा दिइएको थियो। शाखाका अन्य कर्मचारीहरूलाई मस्यौदा तयारीको लागि निरन्तर सहयोग गर्ने निर्देशन भएको थियो।

मस्यौदा तयारी भएपश्चात् स्वीकृति नभएसम्म निम्नानुसारका कार्यहरू सम्पन्न भएका थिए :

- नगरस्तरीय प्रअ बैठकमा छलफल र सुझाव सङ्कलन
- नगरपालिकाको वेबसाइटमा मस्यौदा प्रति प्रकाशन गरी राय-सुझाव सङ्कलन
- प्राप्त राय-सुझाव सहित नगर शिक्षा योजना तर्जुमा समितिमा छलफल
- राय-सुझाव मिलान गरी नगर शिक्षा समिति बैठकमा छलफल
- सल्लाहकार समितिद्वारा निरन्तर परामर्श
- राय-सुझाव मध्येनजर गरी योजना तर्जुमा समितिद्वारा अन्तिम मस्यौदा तयारी
- अन्तिम मस्यौदामाथि नगर शिक्षा समितिमा छलफल र कार्यपालिका बैठकमा पेश गर्ने आदेश
- कार्यपालिका बैठकमा छलफल, परिमार्जन र स्वीकृति।

# खण्ड - दुई
# दूरदृष्टि, उद्देश्य, रणनीति, उपलब्धि र लक्ष्य

परिच्छेद एकमा उल्लेखित सुरुङ्गा नगरपालिकाको शैक्षिक परिवेशको समीक्षासहित उठान गरिएका विद्यमान समस्या, मुख्य चुनौती तथा अवसरहरूले यस नगरपालिकाको लागि विद्यालय शिक्षाको आगामी ५ वर्षको मार्ग पहिचान गर्ने आधार सिर्जना गरेको छ । नगर शिक्षा योजनाको माध्यमबाट अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा र सर्वसुलभ आधारभूत साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइमा योजनाको अन्त्यसम्म प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (Vision), उद्देश्यहरू (Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key Indicators) प्रस्तुत गरिएको छ ।

## २.१ दूरदृष्टि (Vision)

सुरुङ्गा नगरपालिकाको भावी शैक्षिक दूरदृष्टि निम्नानुसार छन् **:-**

- जिल्लाको वर्तमान साक्षरता दर, विद्यार्थीको खुद भर्नादर, छात्रा भर्नादर, दलित भर्नादर आदि जस्ता शैक्षिक सूचकहरू विभिन्न कार्यक्रममार्फत् लक्षित राष्ट्रिय मान समान पुगेको हुनेछ ।
- शिक्षक तथा विद्यार्थीहरूको विद्यालयमा नियमितता आई विद्यालय शान्ति क्षेत्रका रूपमा विकसित भई विना कुनै अवरोध विद्यालय सञ्चालन हुनेछन् ।
- शिक्षामा पहुँच, गुणस्तर बृद्धि तथा संस्थागत क्षमता सुधारका लागि स्थानीय गैरसरकारी सङ्घसंस्था तथा स्थानीय निकाय आदिको माध्यमबाट विव्यस, सामुदायिक सङ्घसंस्था, शिक्षक अभिभावक सङ्घ आदि सक्रिय सहभागी हुनेछन् ।

## २.२ उद्देश्यहरू (Objectives)

गुणस्तरीय विद्यालय शिक्षालाई अधिकारका रूपमा स्थापित गरी समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु यस योजनाको समग्र उद्देश्य हुनेछ । समग्र उद्देश्यको विस्तृतीकरण गर्न निम्नलिखित उद्देश्यहरू रहनेछन् :

- ४ वर्षका सबै बालबालिकाहरूका लागि गुणस्तरीय बालविकास तथा शिक्षाको अवसर उपलब्ध गराइनु ।
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु ।
- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।
- सबै युवा तथा प्रौढहरूका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर उपलब्ध गराउनु ।
- विद्यालयमा सुशासन प्रवर्द्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु ।
- आपत्कालीन र सङ्कटपूर्ण परिस्थितिमा समेत बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नु ।

## २.३ रणनीति तथा कार्यनीतिहरू (Strategies)

खासगरी नगर शिक्षा योजना (२०७८/७९-२०८२/८३) कार्यान्वयन अवधिभर कार्यान्वयनमा आउने तर तिनको कार्यान्वयनका बखत समस्या देखापर्ने कार्यक्रम एवम् क्रियाकलापहरूलाई मात्र समेटी कार्यक्रमगत रूपमा समस्या,

चुनौती, समस्या समाधानका उपाय र कार्यान्वयनमा सक्रियता देखाउनुपर्ने निकायहरूका बारेमा चर्चा गरिएको छ । हालसम्मको कार्यक्रम कार्यान्वयनको अनुभव र सिकाइका आधारमा मुख्यमुख्य क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनको लागि यस कार्ययोजनाले स्पष्ट दिशा प्रदान गर्ने अपेक्षा गरिएको छ। योजना अवधिभरमा उपक्षेत्रगतरूपमा निम्नलिखित रणनीति र रणनीतिक क्रियाकलापहरू अपनाइनेछ :-

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रारम्भिक बालविकास कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाई सबै बालबालिकाका लागि अनिवार्य गर्ने। | १. संघीय सरकारबाट दिइँदै आएको अनुदानलाई निरन्तरता दिँदै नगरपालिका र प्रदेश सरकारबाट समेत लगानी गरी लागत साझेदारी गरिनेछ।<br>२. प्रारम्भिक बालविकास शिक्षकको लागि तालिम दिने व्यवस्था मिलाइनेछ।<br>३. निर्धारित मापदण्ड अनुरूप सरसफाइ, बसाइँ व्यवस्था मिलाई खेलसामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो-भिडियो सामग्री सहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ। |
| २. अनिवार्य, नि:शुल्क र गुणस्तरीय आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने। | १. २०७५ साउन ८ गते विद्यालय उमेर समूहका सबै बालबालिका विद्यालय भर्ना घोषणा अर्थात विद्यालयबाहिर बालबालिका नरहेको घोषणा भइसकेको सन्दर्भमा पिछडिएका/ दलित समुदायका/कामदार/सडक बालबालिकालाई सेवाक्षेत्र रहेको सम्बन्धित विद्यालय, विद्यालय व्यवस्थापन समिति, वडा कार्यालय र गैरसरकारी निकायको सक्रियतामा विद्यार्थी भर्ना र घरदैलो कार्यक्रमलाई निरन्तरता दिइनेछ । त्यस्ता बालबालिकालाई विद्यालय जान प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. विद्यालयमा विद्यार्थी टिकाइ राख्न र कक्षा छाड्ने समस्या समाधान गर्न दिवा खाजा, छात्रवृत्ति, नियमित स्वास्थ्य परीक्षण जस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. नपुग विषयगत शिक्षक व्यवस्था गर्न प्रदेश र संघीय सरकारसँग समन्वय गरी न्यूनतम शिक्षक सुनिश्चित गर्न स्वयंसेवक शिक्षक परिचालन वा एकमुष्ठ अनुदान दिइनेछ।<br>४. संघीय र प्रदेश सरकारसँग लागत साझेदारी कार्यक्रममार्फत आवश्यकता र प्राथमिकताका आधारमा विद्यालयहरूको भौतिक पूर्वाधार विकास गरिनेछ। |
| ३. नि:शुल्क माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार गर्ने। | १. माध्यमिक शिक्षा नि:शुल्क गरिनेछ । अति विपन्न र पिछडिएका समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्तिको प्रबन्ध मिलाइनेछ। यसको लागि विपन्न लक्षित छात्रवृत्तिमा समावेश हुन प्रोत्साहित गरिनेछ।<br>२. विषयगत शिक्षणसिकाइलाई प्रभावकारी तुल्याउन विषयगत शिक्षकहरूको पेशागत समूह बनाई छलफल तथा अन्तर्क्रिया आयोजना गरिनेछ । कक्षा अवलोकन, मूल्याङ्कन र पृष्ठपोषण लिने/दिने कार्यमा यस्तो समूहलाई परिचालन गरिनेछ।<br>३. जनप्रतिनिधि, कर्मचारी, पेशाविद, निवृत्त शिक्षक, कार्यरत शिक्षकहरूको समूह बनाई निरीक्षण र सुपरिवेक्षणको कार्यमा उपयोग गरिनेछ।<br>४. विद्यालयले वार्षिक कार्यपात्रो, विषयगत शिक्षकहरूबाट वार्षिक शैक्षणिक योजना र दैनिक योजना बनाई कार्यान्वयन गर्ने कार्यलाई अनिवार्य गरिनेछ।<br>५. विद्यार्थी गृहकार्य र कक्षा कार्य प्रणालीलाई व्यवस्थित र सुदृढ गरिनेछ।<br>६. आवधिक परीक्षाको नतिजा विश्लेषण, प्रबोधीकरण र विद्यार्थी प्रगति विवरण सम्प्रेषणको कार्यलाई आवधिक रूपमा नियमित तुल्याइनेछ। |

| | |
|---|---|
| ४. सबै विद्यालयमा समान गुणस्तर कायम गर्ने । | १. विद्यालयहरूमा सिकाइ कुना, पुस्तकालय र उचित प्रयोगशालाको व्यवस्था गरी "पढ्नका लागि सिक्ने र सिक्नका लागि पढ्ने" व्यवस्थालाई प्रोत्साहित गरिनेछ ।<br>२. शिक्षक र विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था र कक्षा शिक्षण व्यवस्था गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापनको प्रबन्ध मिलाइनेछ ।<br>३. माग र आवश्यकताका आधारमा शिक्षक पेसागत विकास र सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । |
| ५. पूर्वाधार तथा प्रविधिको विकासमार्फत सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने । | १. प्रत्येक ३ वर्षमा कक्षा ५ को विद्यार्थी उपलब्धि परीक्षण गरिनेछ । प्रत्येक वर्ष कक्षा ८ मा नगरपालिकाद्वारा आधारभूत शिक्षा परीक्षा सञ्चालन गरिनेछ । कक्षा १० र १२ मा सञ्चालन हुने प्रदेश र राष्ट्रियस्तरको परीक्षालाई नै विद्यार्थी उपलब्धी परीक्षणको रूपमा उपयोग गरिनेछ ।<br>२. आधारभूत शिक्षाको लागि तोकिएको मापदण्ड बमोजिम स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गरी कार्यान्वयन गरिनेछ ।<br>३. अङ्ग्रेजी, गणित, विज्ञान र प्राविधिक विषयमा बजारमा उपलब्ध डिजिटल पाठ्यसामग्रीहरूको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।<br>४. राष्ट्रिय नीतिअनुरूप नयाँ पाठ्यक्रम र पाठ्यपुस्तक कार्यान्वयन गर्दै लगिनेछ ।<br>५. विज्ञान शिक्षालाई व्यावहारिक र रूचिकर तुल्याउन सबै माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला तथा आधारभूत विद्यालयमा विज्ञान कक्ष निर्माणमा जोड दिनुका साथै नगरपालिका क्षेत्रमा पूर्वाधार, जनशक्ति र विद्यार्थी सङ्ख्याका आधारमा उपयुक्त विद्यालयमा कक्षा १२ सम्म विज्ञान विषय सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । |
| ६. संस्थागत विद्यालयको नियमन र सेवामूलक संस्थाका रूपमा रूपान्तरण गर्न प्रोत्साहित गर्ने । | १. संस्थागत विद्यालयमा कार्यान्वयनमा रहेको पाठ्यक्रम, भौतिक वातावरण, शिक्षक तथा कर्मचारी एवम् आर्थिक व्यवस्थापनको नियमन गरिनेछ ।<br>२. नीतिगत र कानुनी व्यवस्थामार्फत नाफामूलकबाट सेवामूलक संस्थाको रूपमा रूपान्तरण गर्न प्रोत्साहित गरिनेछ । |
| ७. युवाका लागि प्राविधिक तथा व्यावसायिक सीप विकासको अवसर र पहुँच सुनिश्चित गर्ने । | १. प्राविधिक तथा व्यावसायिक तालिम परिषद (CTEVT) र अन्य तालिम प्रदायक संस्थाहरूसँग समन्वय गरी कार्यस्थलको सिकाइ सहित रोजगार सुनिश्चित गर्न औद्योगिक प्रशिक्षार्थी कार्यक्रम (Apprenticeship) सञ्चालन गरिनेछ ।<br>२. हाल सिभिल ईञ्जिनियरिङ विषयमा कक्षा ९-१० मा प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालित विद्यालयलाई कक्षा १२ सम्म सञ्चालन गर्न र थप १ विद्यालयमा बालीविज्ञान विषयमा प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालनको लागि प्रोत्साहित गरिनेछ ।<br>३. प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालन भइरहेको र सञ्चालन हुने विद्यालयमा उपयुक्त प्रयोगशाला सामग्री र कक्ष व्यवस्थापनको लागि संघीय र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।<br>४. निश्चित मापदण्डका आधारमा गरिब, जेहेन्दार र पिछडिएका वर्गका विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा धारमा अध्ययनको अवसर जुटाइनेछ ।<br>५. कम्तीमा १ ओटा सामुदायिक माध्यमिक विद्यालयमा प्राविधिक शिक्षालयको |

| | |
|---|---|
| | कार्यक्रम (ANNEX आदि) सञ्चालन गर्न प्रोत्साहित गर्नुका साथै पूर्वाधार विकास गरिनेछ। |
| ८. उच्च शिक्षामा पहुँच विस्तार र अवसर सुनिश्चित गर्ने। | १. नगरपालिकाको उत्तरी क्षेत्रमा सञ्चालित एक मात्र उच्च शिक्षा संस्था (क्याम्पस) को पूर्वाधार विकासको लागि संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।<br>२. नगरपालिकाको दक्षिणी क्षेत्रमा थप एक उच्च शिक्षण संस्था खोल्न प्रोत्साहित गरिनेछ।<br>३. उच्च शिक्षा हासिल गरेका नगरवासीहरूको अभिलेख राखिनेछ।<br>४. नगरवासी उत्कृष्ट स्नातक र स्नातकोत्तर युवा तथा विद्यावारिधि गरेका जनशक्तिलाई सम्मानको कार्यक्रम सञ्चालन गरिनेछ। त्यस्ता युवाहरूलाई उपयुक्त विषय शिक्षण र अन्य पेसामा संलग्न हुने अवसर जुटाइनेछ। |
| ९. अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाइ सुनिश्चित गरिने। | १. निरक्षरता न्यूनीकरण गर्न निरक्षर प्रौढहरूका लागि आधारभूत साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त शिक्षाको लागि संघ र प्रदेश सरकारसँग समन्वय एवम् सहकार्य गरी सार्वजनिक पुस्तकालय प्रणालीको विकास गरिनेछ। योजना अवधिभरमा आधारभूत सुविधासहितको २ ओटा पुस्तकालय स्थापना गरिनेछ। |
| १०. शैक्षिक सुशासन, पारदर्शिता र सेवा प्रवाहमा सुधार ल्याउने। | १. कानुन बमोजिम विद्यालयहरूको आर्थिक कार्यप्रणाली व्यवस्थित गरिनेछ। नियमानुसार लेखा राख्ने व्यवस्था मिलाइनेछ। लेखापरीक्षणपूर्व सामाजिक परीक्षणलाई अनिवार्य गरिनेछ।<br>२. वार्षिक कार्यक्रम र बजेट तर्जुमा, आम्दानी र खर्च सार्वजनिक गर्ने कार्यलाई अनुदान निकासासँग आवद्ध गरिनेछ।<br>३. विद्यालयको वृहत विकासको लागि विद्यालय सुधार योजना निर्माणको कार्यलाई आवश्यकता, स्रोत साधन र समुदाय सम्बन्धसँग आवद्ध गरिनेछ र कार्यान्वयनयोग्य तुल्याइनेछ।<br>४. संघ र प्रदेश सरकारसँग सहकार्य गरी विद्यालय सञ्चालन एवम् व्यवस्थापनको लागि लागत साझेदारी गरिनेछ।<br>५. आवश्यकता र कार्यसम्पादन सूचकका आधारमा प्राथमिकीकरण गरी कार्यसम्पादनमा आधारित अनुदान, शैक्षिक सुदृढीकरण अनुदान, विज्ञान प्रयोगशाला अनुदान, शिक्षामा सूचना तथा सञ्चार प्रविधि अनुदान, पुस्तकालय अनुदान लगायतका अनुदान उपलब्ध गराइनेछ।<br>६. विद्यालयका प्रअ, विव्यस/शिअसं पदाधिकारीहरूका लागि व्यवस्थापकीय क्षमता विकास तालिम सञ्चालन गरिनेछ।<br>७. नगरपालिकाका विद्यालय सेवाक्षेत्रलाई ४ वा ५ समूहमा विभाजन गरी अभिभावक शिक्षा, अन्तर्क्रिया जस्ता सचेतनामूलक कार्यक्रम प्रत्येक वर्ष सञ्चालन गरिनेछ। |
| ११. शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा सुधार गर्ने। | १. शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा उपलब्ध विद्यालयहरूको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) व्यवस्थित र सुदृढ गरिनेछ। यसको लागि प्रत्येक वर्ष तालिम दिइनेछ। विद्यालय IEMIS लाई अनुदान निकासासँग आवद्ध |

| | |
|---|---|
| | गरिनेछ।<br>२. सूचना तथा सञ्चार प्रविधिमा आधारित विद्यालयको अभिलेख राख्न र सेवा प्रवाह गर्न प्रत्येक वर्ष प्रत्येक विद्यालयको प्रअ/शिक्षक/कर्मचारीमध्ये १ जनालाई कम्प्युटर सीप सम्बन्धी तालिम दिइनेछ।<br>३. योजनाको पहिलो वर्ष सामुदायिक माध्यमिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला व्यवस्थित गरिनेछ । योजनाको अन्त्यसम्ममा कक्षा ७/८ सञ्चालित सबै आधारभूत विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइनेछ।<br>४. शुरू वर्ष सबै माध्यमिक विद्यालयहरूमा व्यवस्थापन प्रणाली र लेखा प्रणाली सम्बन्धी सफ्टवेयर स्थापना गरी सञ्चालन गरिनेछ र क्रमश: आधारभूत विद्यालयहरूमा विस्तार गरिनेछ । यसबाट विद्यालयसम्बन्धी सम्पूर्ण अभिलेख, सूचना सम्प्रेषण, प्रगति विवरण र लेखा प्रणाली सुदृढ हुनेछ। |
| १२. विपद जोखिम न्यूनीकरण र विद्यालय सुरक्षाको उपाय अपनाइने। | १. विपद जोखिम न्यूनीकरणका सम्बन्धमा शिक्षक, विद्यार्थी र अन्य सरोकारवालाहरूको भूमिकाको अभिवृद्धि गरिनेछ । विद्यालयको व्यवस्थापकीय क्षमता विकास तालिमको विषयवस्तुमा विपद व्यवस्थापन सम्बन्धी सामग्री समेटिनेछ।<br>२. सुरक्षित विद्यालय तथा उत्थानशीलताको सुनिश्चितताका लागि एकमुष्ट अनुदान पद्धति लागू गरिनुका साथै समुदायको संलग्नतालाई परभाषित र अनुगमन गरिनेछ।<br>३. विद्यालय भौतिक पूर्वाधार निर्माणको कार्य गर्दा स्वीकृत डिजाइन, भवन निर्माण संहिता र सामाजिक वातावरणीय कार्यढाँचाको अनुसरण भए-नभएको अनुगमन/निरीक्षण गरी वातावरणमैत्री भएको सुनिश्चित गरिनेछ। |

## २.४ अपेक्षित मुख्य उपलब्धि

नगर शिक्षा योजना कार्यान्वयनको अन्त्यसम्ममा निम्नानुसारका उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने,
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तरमा सुधार आउने,
- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आउने,
- विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने,
- सबै युवा तथा प्रौढहरूका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने,
- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने,
- विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक र मूल्याङ्कन प्रणाली प्रभावकारी हुने,
- बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आई सिकाइमा सहयोग पुग्ने,
- सबै विद्यार्थीहरूका लागि सुरक्षित र उपयुक्त भौतिक पूर्वाधारसहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त हुने,
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्ने,

- आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने।

## १.५ मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

प्राथमिकताका आधारमा कार्यक्रमहरू सञ्चालन गरी निम्नानुसारका कार्यसम्पादन सूचकहरू पहिचान गरी योजना अवधिभरमा हासिल हुने परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएका छन् :

| क्र.सं. | सूचकहरू | न.पा.को स्थिति (२०७७/७८) | राष्ट्रिय स्थिति (२०७७) | शिक्षेयोको लक्ष्य (२०८२) | पन्ध्रौं योजनाको लक्ष्य (२०८०/८१) | न.पा.को लक्ष्य (२०८२/८३) |
|---|---|---|---|---|---|---|
| १. प्रारम्भिक बालविकास र शिक्षा | | | | | | |
| १.१ | कुल भर्ना दर | ८० | ८६.४ | १०० | १०० | १०० |
| १.२ | ४ वर्षका बालबालिकाको भर्ना अनुपात | ६० | ६७.२ | ९० | | ८० |
| १.३ | कक्षा १ मा नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास र शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ६२ | ६८.७ | ९० | ९० | ९० |
| २. आधारभूत शिक्षा | | | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | ११५ | १२१.९ | १०६ | | १०५ |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९० | ९६.८ | ९९ | | ९५ |
| २.३ | कक्षा १-५ मा कुल भर्नादर | १२५ | ११९.३ | ११२ | | ११० |
| २.४ | कक्षा १-५ मा खुद भर्नादर | ९२ | ९७.१ | १०० | | ९८ |
| २.५ | कक्षा १-८ मा कुल भर्नादर | ११८ | ११०.४ | ११५ | | १०५ |
| २.६ | कक्षा १-८ मा खुद भर्नादर | ८५ | ९३.८ | ९९ | ९९ | ९५ |
| २.७ | कक्षा ८ मा टिकाउ दर | ७० | ७९.३ | ९८.९ | | ९५ |
| २.८ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | ७० | ७२.७ | ९८.७ | | ९५ |
| ३. माध्यमिक शिक्षा | | | | | | |
| ३.१ | कक्षा ९-१० मा कुल भर्नादर | ९० | ९४.६ | १०५.६ | | १०५ |
| ३.२ | कक्षा ९-१० मा खुद भर्नादर | ६५ | ६८.७ | ८१.४ | | ८० |
| ३.३ | कक्षा ९-१२ मा कुल भर्नादर | ६८ | ७१.४ | ९१.६ | | ९० |
| ३.४ | कक्षा ९-१२ मा खुद भर्नादर | ४५ | ४७.६ | ५८.१ | ६५ | ६० |
| ३.५ | कक्षा ११-१२ मा कुल भर्नादर | ५० | ५१.५ | ७७.३ | | ७० |
| ३.६ | कक्षा ११-१२ मा खुद भर्नादर | ३० | २५.८ | ४०.१ | | ४० |
| ३.७ | कक्षा १० मा टिकाउ दर | ६० | ६०.३ | ९७.९ | | ९० |

| क्र.सं. | सूचकहरू | न.पा.को स्थिति (२०७७/७८) | राष्ट्रिय स्थिति (२०७७) | शिक्षेयोको लक्ष्य (२०८२) | पन्ध्रौं योजनाको लक्ष्य (२०८०/८१) | न.पा.को लक्ष्य (२०८२/८३) |
|---|---|---|---|---|---|---|
| ३.८ | कक्षा १२ मा टिकाउ दर | २५ | २४.० | ३५.४ | | ३५ |
| ४. अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइ | | | | | | |
| ४.१ | ५ वर्षमाथिको साक्षरता दर | ७४ | ७८ | ९६ | ९६ | ९६ |
| ४.२ | १५-२४ वर्षको साक्षरता दर | ८५ | ९२ | ९९ | ९९ | ९७ |
| ४.३ | १५ वर्षमाथिको साक्षरता दर | ६० | ५८ | ९५ | ९५ | ९५ |
| ५. महिला शिक्षक प्रतिशत | | | | | | |
| ५.१ | आधारभूत तह | २६.४ | ४३.७ | ५० | | ३० |
| ५.२ | माध्यमिक तह | ५ | २०.६ | २५ | | १० |
| ६. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेका विद्यालय प्रतिशत | | | | | | |
| ६.१ | प्रारम्भिक बालविकास केन्द्र | ६४ | | ६० | | ८० |
| ६.२ | आधारभूत विद्यालय | ४६ | १३.४ | ७० | | ७० |
| ६.३ | माध्यमिक विद्यालय | ८० | | ६० | | १०० |
| ७. शिक्षा क्षेत्रको बजेट प्रतिशत | | २० | ११.६४ | १७ | | ३० |

# खण्ड - तीन
# विद्यालय शिक्षाका मुख्य क्षेत्रहरू

यस खण्डमा विद्यालय शिक्षाका विभिन्न क्षेत्रहरू : प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र पेशागत विकास, अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ । योजनाको खाका तयार गर्दा सन्दर्भ तथा पृष्ठभूमिको अध्ययन, विद्यालय क्षेत्रको अवस्था विश्लेषणले महत्त्वपूर्ण आधार प्रदान गरेको छ । नेपालको संविधानले निर्देशित गरेका दृष्टिकोण, मौलिक अधिकार, राष्ट्रिय शिक्षा नीति, संरचना, शिक्षा तथा अधिकारसम्बन्धी विविध कानुनी प्रबन्ध, दिगो विकासका लक्ष्य ४ सम्बन्धी नेपालको कार्ययोजना, अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा नेपालका प्रतिबद्धता, पन्ध्रौं योजनाका सम्बन्धित पक्षलाई यस योजनाका प्रमुख सन्दर्भका रूपमा लिइएको छ ।

## ३.१ प्रारम्भिक बालविकास तथा शिक्षा

४ वर्ष उमेरका बालबालिकाहरूको सर्बाङ्गीण पक्ष (शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक) पक्षको विकासमा सहयोग पुर्याई आधारभूत शिक्षाको लागि तयार गराउने कार्यक्रम नै प्रारम्भिका बालविकास तथा शिक्षा हो । यस्ता कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भएपनि ४ वर्ष उमेर पुगेका बालबालिकाका लागि १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कानुनी प्रावधान रहेको छ । यो कार्यक्रम विद्यालय र समुदाय दुवैमा सञ्चालन गर्ने नीति भएपनि पछिल्ला वर्षहरूमा विद्यालयमा सञ्चालन गर्ने प्रचलन बढ्दै गएको पाइन्छ । यसका लागि छुट्टै व्यवस्थापन समितिको व्यवस्था गरिए पनि विद्यालयमा आधारित केन्द्रको हकमा सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिबाटै व्यवस्थित हुने गरेको छ ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रारम्भिक बालविकास तथा शिक्षामा गुणस्तर कायम गर्नका लागि प्रारम्भिक बालविकास सम्बन्धी मापदण्ड निर्देशिका, २०६७ (पहिलो संशोधन २०७५) जारी गरी कार्यान्वयनमा ल्याएको छ । बालविकास सहजकर्ताहरूका लागि एक महिने सघन र पुनर्ताजगी तालिम प्रदान गर्ने लक्ष्य अनुरूप तालिम प्याकेज तयार भएपनि अधिकांशले तालिम पाउन सकेका छैनन् ।

सुरुङ्गा नगरपालिकामा हाल ५० ओटा सरकारी अनुदान प्राप्त प्रारम्भिक बालविकास कक्षाहरू सञ्चालनमा छन् । तीमध्ये एकओटा मात्र समुदायमा सञ्चालन भइरहेको छ । ४ ओटा विद्यालयमा ३/३ ओटा, १० ओटा विद्यालयमा २/२ ओटा र १७ ओटा विद्यालयमा १/१ ओटा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र आवद्ध छन् । सबै बालविकास शिक्षकहरू कक्षा १० वा सोभन्दा बढी शैक्षिक योग्यता प्राप्त छन् । शैक्षिक सत्र २०७७ को तथ्याङ्क अनुसार ५४६ बालिका र ५३८ बालक गरी १,०८४ जना बालबालिकाहरू प्रारम्भिक बालविकास कक्षामा भर्ना भई सिकिरहेका छन् । कुल भर्ना दर ८० प्रतिशत देखिएबाट ४ वर्ष उमेर समूहभन्दा कम वा बढी उमेर समूहका धेरै बालबालिकाहरू सहभागी रहेको देखिन्छ । यसले शिक्षकलाई सिकाइ सहजीकरणमा समस्या हुने मात्र नभई बालबालिकाकव विकास र सिकाइ समेत प्रभावित हुने गर्दछ । बालविकास शिक्षकहरूको पारिश्रमिक ज्यादै कम भएको कारणले पनि उनीहरूमा उत्प्रेरणा जगाउन र मनोबल बढाउन सकिएको छैन । अधिकांश प्रारम्भिक बालविकास केन्द्रहरूमा प्रारम्भिक बालविकासका मापदण्ड अनुसार न्यूनतम भौतिक र शैक्षिक सुविधा पुर्याउन सकिएको छैन ।

पिछडिएका समुदायका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच पुर्याउने, सबै प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम मापदण्ड पूरा गर्ने र बालविकास शिक्षकहरूको पारिश्रमिक वृद्धि, वृत्ति विकास तथा क्षमता विकास गर्ने कार्य चुनौतीपूर्ण छन् ।

### ३.१.१ उद्देश्यहरू

सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु नै प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी यस योजनाको समग्र उद्देश्य रहेको छ । यसका लागि निम्नलिखित विशिष्ट उद्देश्य पहिचान गरिएका छन् :

- ४ वर्ष उमेरका सबै बालबालिकाको सर्बाङ्गीण विकास गरी आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु ।
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु ।
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु ।

### ३.१.२ रणनीतिहरू

प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- निर्धारित मापदण्ड, नर्म्स र ढाँचाअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन र व्यवस्थापन गरिनेछ । प्रदेश सरकारको सहयोगमा क्षमता विकास, समन्वय तथा सहजीकरणको कार्य गरिनेछ ।
- प्रारम्भिक बालविकास तथा शिक्षाको नक्साङ्कन र पुनर्वितरण गरिनेछ ।
- सामाजिक र आर्थिक रूपमा पिछडिएका समुदायका बालबालिकालाई समेट्ने गरी आवश्यकतामा आधारित विभिन्न नमुना विकास गरी पहुँच सुनिश्चित गरिनेछ ।
- प्रारम्भिक बालविकास कक्षाहरूमा न्यूनतम मापदण्ड अनुरूपका खेल तथा सिकाइ सामग्रीहरूको व्यवस्था गरिनेछ ।
- अभिभावक शिक्षा (सचेतना) कार्यक्रम सञ्चालन गरिनेछ ।
- अडियो-भिडियो (श्रव्य-दृश्य) सामग्री व्यवस्था गरी मनोरञ्जनपूर्ण सिकाइ व्यवस्था गरिनेछ ।
- प्रारम्भिक बालविकास सहजकर्ताहरूको मासिक पारिश्रमिक वृद्धि गरिनेछ ।
- खेल तथा सिकाइको तौरतरिका सम्बन्धमा सहजकर्ताहरूका लागि क्षमता विकास तालिम तथा पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ ।
- यसको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था र विद्यालयहरूलाई जिम्मेवार बनाइनेछ ।

### ३.१.३ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

| क्र. सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| १ | सबै | • प्राबाविशि उमेरका सबै | • न्यूनतम मापदण्ड सम्बन्धमा प्रबोधीकरण कार्यक्रम सञ्चालन |

| क्र. सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| | बालबालिकाहरूलाई गुणस्तरीय प्राबाविशिको अवसर सुनिश्चित हुने । | बालबालिकाहरूलाई एक वर्षको प्राबाविशि कार्यक्रममा सहज पहुँच हुने ।<br>• प्राबाविशि उमेरका सबै बालबालिकाहरूलाई अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने ।<br>• प्राबाविशि केन्द्रले न्युनतम मापदण्ड पूरा गरेको हुने ।<br>• प्राबाविशि उमेरका सबै बालबालिकाहरूको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने ।<br>• प्राबाविशि कार्यक्रमका नमुना विकास हुने ।<br>• प्राबाविशि कार्यान्वयनमा नगरपालिका, परिवार, समुदाय, गैसस र विद्यालयहरू जिम्मेवार हुने । | गर्ने ।<br>• नक्साङ्कन र आवश्यकताका आधारमा प्राबाविशि पुनर्वितरण गर्ने ।<br>• विद्यालयमार्फत अभिभावक शिक्षा सञ्चालन गरी अभिभावकहरूको चेतना तथा संलग्नतामा अभिवृद्धि ल्याउने ।<br>• आवश्यकता र मापदण्डका आधारमा कक्षाकोठा निर्माण र सरसफाइ सुविधाको व्यवस्था गर्ने ।<br>• नि:शुल्क पाठ्यपुस्तक र अन्य खेल तथा मनोरञ्जनका सामग्री उपलब्ध गराउने ।<br>• पोषणयुक्त दिवा खाजाको प्रबन्ध गर्ने ।<br>• पूर्वाधार विकास, कक्षाकोठा व्यवस्थापन र खेल तथा सिकाइ सामग्री व्यवस्थापनमा गैसससँग सहयोग, समन्वय, सहकार्य गरी लगानी बढाउन प्रोत्साहित गर्ने ।<br>• सबै प्राबाविशि कक्षामा अडियो-भिडियो सामग्री उपलब्ध गराउने ।<br>• योजना अवधिभरमा सबै सहजकर्तालाई आधारभूत तथा पुनर्ताजगी तालिम दिने ।<br>• प्राबाविशि शिक्षकहरूको लागि पेशागत विकासका कार्यक्रम सञ्चालन गर्ने ।<br>• प्राबाविशि शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि गर्ने ।<br>• सरोकारवाला, गैससको संलग्नतामा नगरपालिकाका विभिन्न समितिहरूबाट अनुगमन, सुपरिवेक्षण, सहयोग र सहजीकरण गर्ने । |

## ३.२ आधारभूत शिक्षा

आधारभूत शिक्षाले बालबालिकाको सर्बाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्ग प्रशस्त गरी सामाजिक र आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ । नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र नि:शुल्क पाउने हकको प्रत्याभूति गरेको छ । प्रचलित कानुनहरूले परिभाषित गरेअनुसार प्रारम्भिक बालशिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई आधारभूत शिक्षा मानिएको छ ।

सुरुङ्गा नगरपालिकाभित्र ३१ ओटा सामुदायिक विद्यालयहरूमध्ये कक्षा ८ सञ्चालन भएका १२ ओटा, कक्षा ७ सम्म सञ्चालित ५ ओटा, कक्षा ५ सम्म सञ्चालित १२ ओटा, कक्षा ४ सम्म सञ्चालित १ ओटा, कक्षा ३ सम्म सञ्चालित १

ओटा विद्यालयहरू रहेका छन् । १६ ओटा आधारभूत तह र १ ओटा माध्यमिक तहको अनुमति प्राप्त १७ ओटा संस्थागत विद्यालयहरू छन् । प्राथमिक तहमा १०५ स्वीकृत दरबन्दी र ३६ राहत तथा निम्नमाध्यमिक तहमा २० स्वीकृत दरबन्दी र २१ राहत अनुदान गरी आधारभूत तहमा १८२ शिक्षक दरबन्दी र राहत रहेका छन् । शैक्षिक सत्र २०७७ को तथ्याङ्कअनुसार सामुदायिक विद्यालयमा कक्षा १ देखि ८ सम्म छात्रा ३,२५९ र छात्र २,९१७ गरी जम्मा ६,१७६ विद्यार्थी अध्ययन गरेको देखिन्छ ।

आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुर्याउन विगतमा गरिएका प्रयासहरूको नतिजास्वरूप कक्षा १-५ र १-८ को खुद भर्नादर क्रमशः ९५ र ९० पुगेको छ, राष्ट्रियस्तरको ९७.१ र ९३.८ भन्दा न्यून हो । विशेषगरी दलित र आर्थिक एवम् सामाजिक रूपमा पिछडिएका समुदायका बालबालिकाहरू विद्यालयबाहिर रहेका वा कक्षा छाड्ने बढी देखिन्छन् । आधारभूत शिक्षाको पहुँचमा आर्थिक र सामाजिक स्थितिमा आधारित असमानताहरू विद्यमान छन् । आर्थिक र सामाजिक रूपले पछाडि परेका, सीमान्तकृत समुदाय, दलित, जनजाति, कठिन परिस्थितिमा रहेका क्षेत्रका बालबालिकाको पहुँचको अवस्था तुलनात्मक रूपमा कमजोर रहेको छ । कक्षा ८ को टिकाउ दर र आधारभूत शिक्षाको तह पूरा गर्ने दर ७०/७० प्रतिशत रहेको छ । महिला शिक्षकको अनुपात २६.४ प्रतिशत रहेको छ । प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC-Textbook, Teacher, Toilet, Classroom & Learning Materials/Book Corner) पूरा गरेका विद्यालयहरू ५६ प्रतिशत रहेको छ । विद्यालयको भौतिक र शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ । बालबालिकाको विकास तथा सिकाइलाई प्रभावित गर्ने पोषण, स्वास्थ्य, सरसफाइ, दिवा खाजाजस्ता सेवाहरूमा विस्तार एवम् सुधार गर्नुपर्ने छ । पेशागत रूपमा सक्षम, योग्य शिक्षकको अपर्याप्तता र विद्यालयको नेतृत्व तथा व्यवस्थापनका पक्षमा भएका विभिन्न समस्याहरूले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तरमा असर परेको देखिन्छ । आधारभूत तहमा बालबालिकाको विद्यालय छोड्ने र कक्षा दोहोर्याउने उच्च दरका कारण तह पूरा गर्ने दरमा अपेक्षित सुधार नहुँदा यस तहको आन्तरिक सक्षमतामा सुधार गर्नुपर्ने छ ।

### ३.२.१ उद्देश्यहरू

आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु यस योजनाको समग्र उद्देश्य रहेको छ । यसका लागि निम्नलिखित उद्देश्य राखेको छ :

- अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयनमार्फत सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
- आधारभूत शिक्षा उमेर समूहका सबै बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्था सुनिश्चत गर्नु,
- आधारभूत तह सञ्चालित विद्यालयहरूको भौतिक र शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित तुल्याउनु,
- विद्यालयहरूको प्रशासनिक र व्यवस्थापकीय पक्षमा सुधार गरी जवाफदेही बनाउनु ।

### ३.२.२ रणनीतिहरू

माथिका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- विद्यालय नक्साङ्कन गरी पुनर्वितरण र समायोजन गरिनेछ ।
- अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको अवधारणा कार्यान्वयन गर्न आवश्यक कानुन तर्जुमा र स्रोतको व्यवस्था मिलाइनेछ ।

- विद्यालयबाहिर रहेका बालबालिकाहरूको विवरण सङ्कलन गरी प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरी उनीहरूको पहुँच सुनिश्चित गरिनेछ।
- विद्यार्थी मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्न शिक्षक र प्रधानाध्यापकलाई जवाफदेही बनाइनेछ।
- विद्यालयहरूमा खानेपानी, शौचालय र सरसफाइको उचित व्यवस्था मिलाई न्यूनतम भौतिक सुविधा सहित बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरिनेछ।
- संघीय र प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरी प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गराउन आवश्यक लगानीको प्रबन्ध मिलाइनेछ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरूको क्षमता विकास गरिनेछ।
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ।
- शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गरिनेछ।
- विद्यार्थीको सिकाइ सक्षमताको परीक्षण गरी सुधारका क्षेत्र पहिचान गरिनेछ।

### ३.२.३ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

| क्र. सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| १ | अनिवार्य र नि:शुल्क आधारभूत शिक्षामा पहुँच तथा सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्ध हुने | • आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता हुने।<br>• सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गरी न्यूनतम भौतिक पूर्वाधार, सिकाइ सामग्री र सक्रिय एवम् उत्प्रेरित शिक्षकको व्यवस्थामार्फत बालमैत्री र समावेशी सिकाइ वातावरणमा सिकाइ हुने।<br>• पौष्टिक र स्वस्थकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने।<br>• आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले अपेक्षित सिकाइ उपलब्धि हासिल गरेको हुने।<br>• भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक समता सूचकमा सुधार हुने।<br>• शिक्षकले शिक्षणमा विताउने समयमा सुधार आउने। | • विद्यालय नक्साङ्कन, समायोजन र दरबन्दी पुनर्वितरण<br>• शिक्षक योग्यता मापदण्ड कार्यान्वयन<br>• मापदण्डअनुसार शिक्षक व्यवस्था<br>• उमेर समूहका सबै बालबालिकाको विद्यालय भर्ना<br>• विद्यालय भवन, कक्षाकोठा, फर्निचर, खानेपानी, शौचालय, घेरावारा, खाजा घर जस्ता न्यूनतम भौतिक पूर्वाधार विकास<br>• विद्यार्थी सिकाइ उपलब्धि परीक्षण<br>• राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुरूप तहगत पाठ्यक्रम कार्यान्वयन<br>• व्यवहारकुशल सीप तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धमा शिक्षकहरूको क्षमता विकास<br>• आपतकालमा शिक्षा सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन<br>• सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा आवश्यक सामग्री तथा क्षमता विकास<br>• शिक्षकको पेशागत विकास सहायता प्रणालीको स्थापना<br>• स्वस्थकर र पौष्टिक आहारसहितको दिवा |

| क्र. सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| | | • विविध प्रकोप, सङ्कट र महामारीको परिस्थितिप्रति विद्यालय शिक्षा प्रणाली उत्थानशील हुने ।<br>• सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भई सिकाइलाई सहयोग षुग्ने ।<br>• कार्यरत जनशक्तिको क्षमता विकास भई गुणस्तरीय सेवा प्रवाह र सुशासन कायम हुने । | खाजाको प्रबन्ध<br>• नि:शुल्क शिक्षाको लागि पाठ्यपुस्तक, छात्रवृत्ति र सिकाइ सामग्री व्यवस्था<br>• सुधारात्मक र निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति कार्यान्वयन<br>• शिक्षकले शिक्षणमा विताउने समय सुधार कार्यान्वयन कार्यविधि कार्यान्वयन<br>• विव्यस र शिअसंका पदाधिकारीको क्षमता विकास र अभिभावक सचेतना<br>• नमुना विद्यालय विकास |

## ३.३ माध्यमिक शिक्षा

कक्षा ९ देखि १२ सम्म दिइने शिक्षा माध्यमिक शिक्षा हो । माध्यमिक शिक्षाले मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधिको क्षेत्रका आधारभूत मूल्य-मान्यताको ज्ञान, सीप र दृष्टिकोण तथा व्यवहार आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्नसक्ने सीप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको संविधानले माध्यमिक तहको शिक्षा नि:शुल्क हुने व्यवस्था गरेको छ । संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र समेटेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको नि:शुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ ।

सुरुङ्गा नगरपालिकाभित्र साधारण र प्राविधिक तथा व्यावसायिक धारका ५ ओटा सामुदायिक विद्यालय सञ्चालनमा छन् । कक्षा १० सम्म सञ्चालित एउटा र १२ सम्म सञ्चालित चारओटा विद्यालय छन् । शैक्षिक सत्र २०७७ को तथ्याङ्कअनुसार कक्षा ९-१० मा १,५५५ र कक्षा ११-१२ मा ५१४ विद्यार्थीमध्ये दलित विद्यार्थी क्रमश: ३७४ र ८६ जना रहेका छन् । छात्रा सहभागिता क्रमश: ५०.७ र ६६.९ प्रतिशत तथा दलित विद्यार्थी सहभागिता क्रमश: २४ र १६.७ प्रतिशत रहेबाट जनसङ्ख्याको अनुपातमा दलित विद्यार्थीहरूको सहभागिता कम रहेको देखिन्छ । माध्यमिक तहमा विद्यार्थीको पहुँचमा क्रमिक सुधार आएको छ । कक्षा ९-१०, ९-१२ र ११-१२ को खुद भर्नादर क्रमश: ६५, ४५ र ३० पुगेको देखिए तापनि कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १२ सम्म पुग्ने दर निकै कम रहेको छ । कक्षा ८ र १० पछि ठूलो सङ्ख्यामा बालबालिकाहरूले विद्यालय छाड्ने प्रवृत्ति धेरै छ । विशेषगरी दलित र आर्थिक एवम् सामाजिक रूपमा पिछडिएका समुदायका बालबालिकाहरू विद्यालयबाहिर रहेका वा कक्षा छाड्ने बढी देखिन्छन् ।

सामुदायिक विद्यालयको कक्षा ९-१० मा स्वीकृत दरबन्दी २० र राहत ७ तथा कक्षा ११-१२ मा स्वीकृत दरबन्दी ४ र अनुदान कोटा ३ मा शिक्षकहरू कार्यरत छन् । एउटा विद्यालयको कक्षा ९-१० मा शून्य दरबन्दी/राहत तथा कक्षा ११-१२ मा शिक्षक अपर्याप्त छन् । यसले गर्दा पनि माध्यमिक शिक्षामा गुणस्तर सुधार हुनसकेको छैन । बहुवञ्चितिमा परेका समुदायका बालबालिकाहरूको पहुँच कम देखिन्छ । कक्षा १०, ११ र १२ का परीक्षाहरूको नतिजाले ठूलो सङ्ख्यामा विद्यार्थीहरू न्यूनतम सिकाइ उपलब्धि हासिल गर्ननसकेको कारणले उच्च शिक्षाबाट समेत बञ्चित छन् । शिक्षकलाई नयाँ

ज्ञान, सीप र प्रविधिमा अद्यावधिक गराई सिकाइ सुधार जरूरी देखिन्छ । २०७६ साल चैत्र महिनादेखि फैलिएको कोरोना महामारी र अन्य प्रकोपका कारण विद्यार्थीको सिकाइमा क्षति अझ बढेर गएको छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा धारतर्फ १ विद्यालयमा प्रति कक्षा ४८ जना विद्यार्थी रहने गरी कक्षा ९ देखि १० सम्म सिभिल ईञ्जिनियरिङ विषयको पठनपाठन भइरहेको छ, जसमा २ जना प्रशिक्षक र २ जना सहायक प्रशिक्षकले शिक्षण गरिरहेका छन् । भौतिक पूर्वाधार र जनशक्ति अभाव पूर्ति हुनसके यसैमा कक्षा १२ सम्म विस्तार गर्न आवश्यक छ । यसका अतिरिक्त प्राविधिक शिक्षाका अन्य शिक्षण संस्थाहरू अस्तित्वमा नरहेबाट नेपाल सरकारले स्थानीय तहमा प्राविधिक शिक्षाको संस्थागत पहुँच पुर्याउने नीति लिएपनि विषयगत रूपमा अपर्याप्त छन् । थप विषयका प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गर्नसके मात्र प्राविधिक तथा व्यावसायिक सीप प्राप्त गर्ने अधिक युवाहरूको चाहना पूरा गर्न सकिएला ।

नगरपालिकामा शिक्षाका कर्मचारी व्यवस्था भएपनि प्रशासनिक कार्य कै बोझ बढी भएकोले विद्यालयको अनुगमन तथा सुपरिवेक्षण र शिक्षक सहायता प्रणाली कमजोर देखिएको छ । वर्तमान संरचना शिक्षकको पेसागत सहयोग गर्ने कार्यमा पर्याप्त छैन ।

### ३.३.१ उद्देश्यहरू

माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु यस योजनाको समग्र उद्देश्य रहेको छ । यसका लागि निम्नलिखित उद्देश्य राखेको छ :

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तर अभिवृद्धि गर्नु,
- माध्यमिक शिक्षाको कक्षा छाड्ने दर घटाई टिकाउ दर बढाउनु,
- विद्यालयहरूको भौतिक एवम् शैक्षिक वातावरण सिकाइमैत्री र सुरक्षित तुल्याउनु,
- माध्यमिक विद्यालयको शासकीय र व्यवस्थापकीय पक्षमा सुधार गर्नु,
- माध्यमिक शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सुनिश्चित गर्नु,
- माध्यमिक शिक्षाको माध्यमबाट विपत र सङ्कटपूर्ण परिस्थितिप्रति उत्थानशील तुल्याउनु ।

### ३.३.२ रणनीतिहरू

यस योजनाले निर्धारण गरेका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- माध्यमिक शिक्षामा सबै बालबालिकाको सहज पहुँच सुनिश्चित गर्न अभिभावक शिक्षा सञ्चालन गरिनेछ ।
- संघीय सरकार र प्रदेश सरकारसँगको समन्वयमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- सान्दर्भिकता र गुणस्तर विकासका लागि माध्यमिक शिक्षकहरूलाई शिक्षक शिक्षा, तालिम र शिक्षक सहायता प्रणालीमार्फत शिक्षण सिकाइ पद्धतिमा सुधार गरिनेछ ।
- माध्यमिक विद्यालयहरूको भौतिक पूर्वाधार विकास गरी प्राविधिक धारतर्फ थप विषय अध्यापन गर्न प्रोत्साहित गरिनेछ ।
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउन विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिई डिजिटल डिभाइड कम गरिनेछ ।
- शिक्षकहरूलाई निरन्तर अद्यावधिक हुन प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

- सबै माध्यमिक विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमताको अवस्था (PMEC) पूरा गरी भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरिनेछ।
- विभिन्न निकाय, गैसस र संघीय सरकार तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमार्फत प्रकोप, संकट र महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ।
- विद्यालय विकास तथा व्यवस्थापनप्रति प्रधानाध्यापकलाई उत्तरदायी बनाई शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गरिनेछ।

### ३.३.३ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

| क्र. सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| १ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने। | • नि:शुल्क माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई खुद भर्नादर र टिकाउ दरमा वृद्धि हुने।<br>• सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने।<br>• उत्प्रेरित शिक्षकको व्यवस्था, प्रविधिको समुचित प्रयोग र उपयुक्त सिकाइ वातावरणमार्फत माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकास भएको हुने।<br>• भर्ना, सहभागिता, सिकाइ उपलब्धिमा लैङ्गिक, समाजिक र आर्थिक लगायतका समता सूचकमा सुधार हुने।<br>• प्रकोप, सङ्कट र महामारीको परिस्थितप्रति शिक्षा प्रणाली उत्थानशील हुने।<br>• सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भई सिकाइ सहज हुने।<br>• कार्यरत जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह भई शैक्षिक सुशासन कायम हुने। | • नि:शुल्क माध्यमिक शिक्षा कार्यान्वयनको लागि आवश्यक कानुन र मापदण्ड तर्जुमा<br>• अंग्रेजी, गणित र विज्ञान विषयमा किट्स व्यवस्थापन<br>• अंग्रेजी, गणित र विज्ञान विषयको शिक्षण सहयोग अनुदान व्यवस्था<br>• प्राविधिक धार शिक्षाको विस्तार<br>• आवश्यक विषय शिक्षकहरूको व्यवस्था<br>• न्यूनतम भौतिक पूर्वाधार विकास<br>• विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण<br>• शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीको एकीकरण<br>• आवधिक परीक्षाको नतिजा विश्लेषण तथा प्रबोधीकरण<br>• विव्यस/शिअसं पदाधिकारीहरूको क्षमता विकास<br>• प्रकोप, सङ्कट तथा महामारीप्रति उत्थानशील बनाउने आकस्मिक योजना निर्माण र कार्यान्वयन<br>• सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला व्यवस्था र सूचना तथा सञ्चार प्रविधिको प्रयोगको लागि आवश्यक सामग्री र क्षमता विकास<br>• पाठ्यपुस्तक, छात्रवृत्ति लगायत प्रोत्साहन कार्यक्रम<br>• सबै विद्यालयमा विज्ञान प्रयोगशाला व्यवस्था<br>• नमुना विद्यालय विकास |

## ३.४ उच्च शिक्षा

यस खण्डमा सुरुङ्गा नगरपालिका क्षेत्रमा उच्च शिक्षण संस्था सम्बन्धमा सामान्य चर्चा गरिएको छ । संवैधानिक व्यवस्थाअनुसार उच्च शिक्षाको व्यवस्थापकीय अधिकार संघ र प्रदेश सरकारको हुने भएकाले स्थानीय तहले समन्वय, सहयोग र आवश्यक परेमा नियमनकारी भूमिका मात्र निर्वाह गर्नेछ । विश्वविद्यालय र उच्च शिक्षण संस्थाहरूको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने दायित्व संघ र प्रदेश सरकारको रहेको छ । स्थानीय तहले समाध्यमिक तहको शिक्षा पूरा गरेका सुरुङ्गा नगरवासीहरूमा उच्च शिक्षाको पहुँच वृद्धिका लागि सहायक भूमिका निर्वाह गर्नेछ । भौतिक पूर्वाधार विकास, प्राध्यापन गर्ने जनशक्ति व्यवस्थापनमा आर्थिक सहयोग, उच्च शिक्षण संस्था स्थापना र विस्तार जस्ता कार्यमा नगरपालिकाले सहकार्य गर्नेछ । नगर क्षेत्रभित्र उच्च शिक्षाको माग र आवश्यकता पहिचान गरी स्थानीय समुदायलाई उच्च शिक्षण संस्था खोल्न र सञ्चालन गर्न सहयोग गरी प्रवर्द्धन गर्ने कार्य नगरपालिकाले गर्नेछ ।

सुरुङ्गा नगरपालिकामा उच्च शिक्षण संस्थाको रूपमा एक मात्र क्याम्पस वडा नं. १ शिशुवारीमा शिशुवारी क्याम्पसमा शिक्षाशास्त्र संकायको पठनपाठन भइरहेको छ । संकायगत विविधता अहिलेको आवश्यकता हो । भौतिक पूर्वाधारको अभाव, न्यून विद्यार्थी सङ्ख्या र दिगो स्रोतको कमीका कारण उक्त क्याम्पस सञ्चालनमा समुदायले विविध समस्या भोग्नुपरेको छ । न्यूनतम भौतिक तथा शैक्षिक पूर्वाधार अभावका कारण गुणस्तरीय उच्च शिक्षामा पहुँच बढाउने कार्य चुनौतीपूर्ण देखिन्छ । नगरपालिकाको उत्तरी भेगमा एक मात्र क्याम्पस सञ्चालन भइरहेको अवस्थामा दक्षिणी भेगका समुदायलाई अर्को क्याम्पस सञ्चालनको लागि प्रोत्साहित गर्न र भौतिक पूर्वाधार विकासमा ध्यान दिन जरूरी देखिन्छ । विगत २/३ वर्षदेखि ईञ्जिनियरिङ कलेज स्थापनाको लक्ष्य अनुरूप बजेट तथा कार्यक्रम विनियोजन भइरहे पनि लक्ष्य पूरा हुनसकेको छैन । प्राविधिक शिक्षामा स्थानीय विपन्न समुदायका विद्यार्थीहरूको पहुँच विस्तार गर्न ईञ्जिनियरिङ कलेज स्थापनाको लक्ष्य वर्तमान माग र आवश्यकताअनुरूप भए पनि यसको लागि प्रारम्भिक कार्य समेत हुनसकेको छैन ।

### ३.४.१ उद्देश्यहरू

विपन्न समुदायका उपयुक्त उमेर समूहका नागरिकको उच्च शिक्षामा पहुँच विस्तार तथा सहभागिता वृद्धि गर्नु यस योजनाको समग्र उद्देश्य रहेको छ । यसका लागि निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएको छ :

- उच्च शिक्षामा स्थानीय समुदायका विद्यार्थीहरूको पहुँच विस्तार गर्नु,
- उच्च शिक्षामा विपन्न र पिछडिएको समुदायका नागरिकहरूको सहभागिता वृद्धि गर्नु,
- उच्च शिक्षातर्फ प्राविधिक शिक्षाको लागि आवश्यक पूर्वाधार विकास गर्नु,
- शिक्षाशास्त्र, व्यवस्थापन, प्राविधिक लगायत संकायगत विविधतायुक्त शिक्षण संस्था स्थापना र सञ्चालनको लागि सहयोग उपलब्ध गराउनु,
- नगरपालिकामा उच्च शिक्षाको नियामक संयन्त्र विकास र सुदृढ गर्नु ।

### ३.४.२ रणनीतिहरू

सुरुङ्गा नगरपालिका क्षेत्रभित्र उच्च शिक्षाको विकास र विस्तारका लागि निर्धारण गरेका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- थप उच्च शिक्षण संस्था स्थापना गर्न आवश्यकता र सम्भाव्यता अध्ययन गरिनेछ ।

- सुरुङ्गा नगरपालिकाभित्र थप एउटा उच्च शिक्षण संस्था स्थापना र सञ्चालनको लागि स्थानीय समुदायलाई सहयोगर र प्रोत्साहन गरिनेछ ।
- संघीय सरकार र प्रदेश सरकारसँगको सहयोग र नगरपालिकाको साझेदारीमा उच्च शिक्षातर्फ थप पूर्वाधार विकास गरिनेछ ।
- नगरपालिकालाई नियमनकारी भूमिकामा स्थापित गरिनेछ ।
- प्राविधिक शिक्षातर्फ ईञ्जिनियरिङ कलेजको लागि भौतिक पूर्वाधार विकास गरिनेछ ।
- विपन्न लक्षित समुदायका स्नातक र स्नातकोत्तर गरेका युवतिहरूलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

### ३.४.३ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

| क्र.सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| १ | उच्च शिक्षामा सबैको पहुँच र सहभागिता वृद्धि हुने । | • उच्च शिक्षामा भर्ना दर वृद्धि भई पहुँचमा विस्तार हुने ।<br>• उच्चस्तरको जनशक्ति तयार हुने ।<br>• नगर क्षेत्रभित्र नै सङ्कायगत विविधतायुक्त उच्च शिक्षण संस्थाहरू स्थापना भई सञ्चालन हुने ।<br>• प्राविधिक शिक्षातर्फ ईञ्जिनियरिङ कलेज स्थापना भई नगरवासी युवा-युवतीहरूले ईञ्जिनियरिङ विषयको अध्ययन गर्ने अवसर पाउने ।<br>• विपन्न लक्षित समुदायका युवा-युवतिहरू उच्च शिक्षा अध्ययनमा प्रोत्साहित हुने । | • संघीय र प्रदेश सरकारसँग समन्वय र साझेदारी ।<br>• थप उच्च शिक्षण संस्था स्थापना र सञ्चालन ।<br>• विपन्न लक्षित छात्रवृत्ति कार्यक्रम ।<br>• व्यवस्थापन, विज्ञान तथा प्रविधि विषयमा उच्च शिक्षण संस्था सञ्चालनमा प्रोत्साहन र सहयोग ।<br>• फर्निचर सहितको पुस्तकालय व्यवस्थापन ।<br>• ईञ्जिनियरिङ विषयमा प्राविधिक उच्च शिक्षण संस्था स्थापना र सञ्चालनको लागि सम्भाव्यता अध्ययन ।<br>• ईञ्जिनियरिङ विषयको कलेजको लागि भौतिक पूर्वाधार विकास ।<br>• उच्च शिक्षण संस्थाको नियमनको लागि संयन्त्र निर्माण र परिचालन । |

## ३.५ पाठ्यक्रम तथा मूल्याङ्कन

औपचारिक शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण दस्तावेज हो पाठ्यक्रम । यसले अपेक्षित ज्ञान, सीप र अभिवृत्ति हासिल गर्न/गराउन विद्यार्थीलाई मद्दत गर्दछ । कुन कक्षा र कुन तहमा के के सिकाउने, केकस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने र विद्यार्थीले सिकेको वा नसिकेको कुरा सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न केकसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्दछ । मानवीय आवश्यकता, बालबालिकाका रूचि, सामाजिक मूल्य मान्यता र समाज तथा विश्वपरिवेशमा विकसित ज्ञान, सीप र प्रविधिअनुकूल पाठ्यक्रमलाई एक गतिशील र लचिलो प्रक्रियाका रूपमा लिन सकिन्छ । विद्यालय शिक्षाको पाठ्यक्रम तर्जुमा गर्ने कार्य संघीय सरकारको भएकाले राष्ट्रिय पाठ्यक्रम कार्यान्वयन गर्ने/गराउने दायित्व स्थानीय सरकारको रहेको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ शैक्षिक सत्र २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन शुरू भइसकेको छ । शै.स. २०८० सम्ममा यो पाठ्यक्रम कार्यान्वयन योजना अनुसार सबै कक्षामा कार्यान्वयन हुनेछ । आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा १-३), २०७६ कार्यान्वयनमा आइसकेको छ । पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी व्यवहारकुशल र जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गरी सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । अन्य कक्षा र तहका पाठ्यक्रमहरू आउने क्रममा छ। पाठ्यक्रममा नागरिकताको शिक्षा दिने, विद्यालय तह पूरा गरेपछि पेसा, व्यवसाय तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने र उच्च शिक्षा प्रवेश गर्न चाहनेहरूका लागि तयारी गराउने गरी माध्यमिक तहमा अनिवार्य तथा विभिन्न ऐच्छिक विषयहरू समावेश गरी प्राविधिक धार अध्ययन गर्नसक्ने व्यवस्था गरिएको छ। विद्यालय शिक्षाको समग्र पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाई विकास तथा कार्यान्वयन गरिएको छ भने विषयवस्तु र सिकाइ क्रियाकलापको भार पाठ्यघण्टा (Credit Hour) मा निर्धारण गरिएको छ । विद्यार्थी मूल्याङ्कनको नतिजालाई अक्षराङ्कन पद्धतिमा आधारित गरी व्याख्या गर्ने व्यवस्था छ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार आधारभूत तह कक्षा १-३, ४-७ र ६-८ लाई तह १, २ र ३ तथा माध्यमिक तहका ९-१० र ११-१२ लाई तह ४ र ५ गरी ५ ओटा सिकाइ क्षमतास्तरमा विभाजन गरिएको छ । विद्यालयले कक्षा ४ देखि ८ सम्म मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री स्थानीय तहको सहयोग र समन्वयमा स्थानीय विज्ञ, अभिभावकको संलग्नतामा तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ । सुरुङ्गा नगरपालिकाभित्रका सामुदायिक र संस्थागत विद्यालयमा हालसम्म त्यस्तो प्रकारको पाठ्यक्रम र पाठ्यसामग्री विकास हुनसकेको छैन। सबै विद्यालयबाट नगरपालिकाले मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री निर्माणको कार्यमा नेतृत्व लिइदिन अनुरोध भइआएकोले सुरुङ्गा नगरपालिकाले गत वर्ष २०७६ देखि यस कार्यमा सक्रियता बढाइरहेको छ । कोरोना महामारी, स्थानीय विज्ञताको अभाव, स्रोतको अभावका कारण दुई आर्थिक वर्षमा समेत यस कार्यले पूर्णता पाउनसकेको छैन। थोरै स्रोत भएपनि आर्थिक वर्ष २०७६/७७ देखि बजेट तथा कार्यक्रम निरन्तरता पाएको छ। यस योजनाको शुरूको वर्षमा स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री तर्जुमा गरी कार्यान्वयन गर्ने अपेक्षा गरिएको छ।

विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा स्थापित गर्न नसकिनु गुणस्तर सुधारको निमित्त प्रमुख समस्याको रूपमा रहिआएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कन गरी कक्षोन्नति गर्ने नीति (Liberal Promotion Policy) लाई विद्यार्थीलाई कुनै पनि हालतमा अनुत्तीर्ण गर्ननहुने मात्रको बुझाइले यथार्थ धरातलमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिले सार्थकता पाएको छैन । त्रैमासिक, अर्धवार्षिक र वार्षिक लिखित परीक्षाजस्ता आपचारिक मूल्याङ्कनमा क्रमश: सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था, केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ, अक्षराङ्कन मूल्याङ्कन पद्धतिअनुसार नतिजा प्रकाशन गर्ने परिपाटीको शुरूवात भई परीक्षण र मूल्याङ्कनमा सुधारको प्रयास नभएको होइन । तापनि मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा सकाइमा निरन्तर पृष्ठपोषण प्रदान गरी सिकाइ सुधार गर्ने कार्य तथा परीक्षालगायत मूल्याङ्कनका साधन र विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको खाँचो रहेको छ। कक्षा ८, १०, ११ र १२ मा सञ्चालन हुने बाह्य परीक्षालाई थप व्यवस्थित, वैध र विश्वसनीय बनाउनुपर्ने आवश्यक छ। विद्यालयमा आधारित मूल्याङ्कनको नतिजा विश्लेषण र प्रबोधीकरणको कार्यलाई सुदृढ, व्यवस्थित र अनिवार्य गर्न सकिएको छैन। जसले गर्दा मूल्याङ्कन औपचारिकतामा मात्र सीमित छ।

### **३.५.१ उद्देश्यहरू**

पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी राष्ट्रिय नीतिको कार्यान्वयनको सुनिश्चित गर्नु यस योजनाको समग्र उद्देश्य रहेको छ। यसका लागि निम्नलिखित उद्देश्य राखेको छ :

- नेपाल सरकारद्वारा जारी विद्यालय शिक्षाको तहगत र कक्षागत पाठ्यक्रम कार्यान्वयनको सुनिश्चितता गर्नु,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,
- स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु,
- सिकारुका सिकाइ समस्या समाधान उन्मुख निरन्तर, आवधिक र स्तरीकृत मूल्याङ्कन पद्धतिमार्फत सिकाइमा सुधार गर्नु,
- बहुपाठ्यपुस्तक नीति अवलम्बन गरी विद्यार्थीहरूमा आधुनिक परिवेशसुहाउँदो ज्ञान, सिप र व्यवहार विकासमा सहयोग पुर्याउनु।

### ३.५.२ रणनीतिहरू

यस योजनाले निर्धारण गरेका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र त्यसअनुरूप निर्मित पाठ्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ।
- स्थानीय सरोकारवालाहरूको सहभागिता र अपनत्व विकास गरी स्थानीय परिवेश सुहाउँदो स्थानीय पाठ्यक्रम निर्माण गरी परीक्षण गरिनेछ र यसको प्रभावका आधारमा निरन्तरता प्रदान गरिनेछ। यस्तो पाठ्यक्रम र पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक र सरोकारवालाहरूलाई प्रबोधीकरण गरिनेछ।
- प्रति विद्यार्थी लागत अनुदानलाई पाठ्यक्रम, पाठ्यसामग्री, सन्दर्भ सामग्री र सिकाइ सामग्री व्यवस्थापन तथा उचित प्रयोगसँग आवद्ध गराइनेछ।
- नेपाल सरकारद्वारा विकसित पाठ्यक्रम कार्यान्वयनको लागि प्रबोधीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- सुरुङ्गा नगरपालिकाभरिका विद्यालयहरूमा बहुपाठ्यपुस्तक नीति अवलम्बन गर्न प्रोत्साहित गरिनेछ।
- प्रारम्भिक कक्षाहरूमा बहुभाषा प्रयोगलाई प्राथमिकता दिइनेछ।
- सहपाठी सिकाइ पद्धतिलाई कमजोर सिकाइ स्तर भएकालाई सहयोग गर्ने (Mentoring & Coaching) व्यवस्थामार्फत सिकाइ उपलब्धिमा सुधार गरिनेछ।
- विद्यार्थी मूल्याङ्कनलाई सिकाइको अभिन्न अङ्गको रूपमा स्थापित गरिनेछ। तहगत र कक्षागत पाठ्यक्रमअनुरूप निरन्त विद्यार्थी मूल्याङ्कन पद्धति कार्यान्वयनलाई अनिवार्य गरिनेछ।
- आवधिक परीक्षाको नतिजा विश्लेषण, प्रकाशन र प्रबोधीकरणको कार्यलाई अनिवार्य गरिनुका साथै अभिभावकलाई विद्यार्थी प्रगति विवरण उपलब्ध गराउने कार्यलाई व्यवस्थित गरिनेछ।
- आधारभूत तहको अन्त्यमा लिइने परीक्षामा सुधार गरिनेछ र माध्यमिक तहमा हुने परीक्षालाई मर्यादित बनाई सुधार गर्न सहयोग गरिनेछ।
- मूल्याङ्कनको नतिजालाई पूर्णत: अक्षराङ्कन पद्धतिमा लगिनेछ।

### ३.५.३ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

| क्र. सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| १ | राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन पद्धतिको कार्यान्वयन सुनिश्चि हुने र शिक्षण सिकाइमा सुधार हुने। | • विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र त्यसअनुरूप निर्मित पाठ्यक्रमहरूको प्रभावकारी कार्यान्वयन भएको हुने।<br>• व्यवहारकुशल सिपसहित अन्तरविषयक र बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम कार्यान्वयन भएको हुने।<br>• कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री तर्जुमा भई कार्यान्वयन भएको हुने।<br>• विद्यालय शिक्षामा स्थानीय, सिप र प्रविधिको समुचित प्रयोग हुने।<br>• पारम्भिक कक्षाहरूमा बहुभाषाको प्रयोग भई सिकाइमा सुधार आउने।<br>• बहुपाठ्यपुस्तक नीति प्रयोगमा आउने ।<br>• सिकाइको अभिन्न अङ्गको रूपमा मूल्याङ्कन पद्धति कार्यान्वयनमा आउने।<br>• आवधिक परीक्षाको नतिजा विश्लेषण, प्रकाशन र प्रबोधीकरण हुने।<br>• मूल्याङ्कनको नतिजा अक्षराङ्कन पद्धतिमा आधारित हुने।<br>• अभिभावकलाई आफ्ना विद्यार्थीकव प्रगति विवरण अवगत हुने। | • विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र त्यसअनुरूप निर्मित तहगत पाठ्यक्रमहरूको कार्यान्वयन र अनुगमन/निरीक्षण<br>• कक्षागत र विषयगत शिक्षक निर्देशिका उपयोगको अनुगमन<br>• पाठ्यक्रम तथा पाठ्यसामग्री सम्बन्धी अभिमुखीकरण<br>• कक्षा शिक्षणमा आधारित परीक्षण तथा मूल्याङ्कनसम्बन्धी नमुना विकास र प्रबोधीकरण<br>• बहुपाठ्यपुस्तक नीति कार्यान्वयन<br>• नि:शुल्क पाठ्यपुस्तक अनुदान निकासा र उपलब्धता<br>• स्थानीय विज्ञ सम्मिलित प्राविधिक सयन्त्र विकास<br>• स्थानीय पाठ्यक्रम विकास, परीक्षण र कार्यान्वयन<br>• नयाँ पाठ्यक्रममा आधारित शिक्षक तालिम<br>• सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाससँग आवद्ध गर्ने<br>• आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन. व्यवस्थापन र नियमन<br>• कक्षा १०, ११ र १२ को परीक्षा सञ्चालनमा सहजीकरण तथा अनुगमन<br>• शिक्षण सिकाइमा बहुभाषिक नीतिको कार्यान्वयन<br>• आवधिक परीक्षाको नतिजा विश्लेषण, प्रकाशन र प्रबोधीकरण<br>• निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति कार्यान्वयन<br>• अभिभावकलाई विद्यार्थी प्रगति विवरण उपलब्ध गराउने व्यवस्थालाई सबै विद्यालयमा विस्तार |

## ३.६ शिक्षक व्यवस्थापन र पेशागत विकास

विद्यार्थीको सिकाइ सुधारमा मुख्य भूमिका शिक्षकको रहन्छ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट मात्र गुणस्तर सुनिश्चित गर्न सकिन्छ । शिक्षकमा विद्यमान विषयवस्तुको ज्ञान, शिक्षण सिप र नमुना व्यक्तित्वले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन जरूरी छ । अहिलेको वर्तमान अवस्थामा शिक्षक तयार गर्ने काम विश्वविद्यालय र विद्यालयहरू (उच्च मा.वि.) ले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त शिक्षक दरबन्दीमा

पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ। यसैगरी अस्थायी शिक्षक नियुक्ति तथा कार्यसम्पादन मूल्याङ्कनको कार्य स्थानीय तहले गर्दै आएका छन्। शिक्षककव पेशागत विकास सम्बन्धी नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गर्दै आएका छन् भने शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम शिक्षा तालिम केन्द्रहरूले गर्दैआएका छन्।

मूलत: शिक्षक व्यवस्थापनको अधिकार संघीय सरकारमा निहित रहेको व्याख्या/विश्लेषण भइरहेको सन्दर्भमा शिक्षक तयारी कार्यलाई वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउन मन्त्रालय र विश्वविद्यालयहरूबीच प्रभावकारी समन्वय र सहकार्य हुनसकेको छैन। विद्यालयमा विभिन्न तरिकाले नियुक्ति पाएका शिक्षकहरू थरिथरिका छन् र तिनीहरूको सेवा, सर्त र सुविधा समेत फरक-फरक छन्। शिक्षकको कार्यसम्पादन मूल्याङ्कन बढुवा प्रयोजनमा मात्र सीमित भई विद्यार्थीको सिकाइ उपलब्धिसँग आवद्ध गरी शिक्षकलाई जिम्मेवार बनाउन सकिएको छैन। शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्नका निमित्त पन्ध्रौँ योजना (२०७६/७७-२०८०/८१) ले अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेशामा प्रवेश गराउने लक्ष्य निर्धारण गरेपनि वास्तविक कार्यान्वयनमा आउनसकेको छैन। शिक्षक सेवा आयोग नियमावली, २०५७ ले शिक्षक हुनका लागि अध्यापन अनुमति पत्र लिएको हुनुपर्ने, शिक्षक सेवा आयोगबाट सञ्चालित परीक्षा उत्तीर्ण हुनुपर्ने, बढुवाका निमित्त निश्चित मापदण्ड पूरा गर्नुपर्ने व्यवस्था र नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको देखिए पनि स्थायित्व पाउन सकेको छैन। प्रदेशस्तरमा शिक्षक सेवा आयोग स्थापना गरी संस्थागत सुदृढीकरण गर्नुपर्ने माग सम्बोधन हुन सकेको छैन। अस्थी, राहत र निजी स्रोतमा शिक्षक नियुक्ति तथा व्यवस्थापनकव लागि उपयुक्त मापदण्ड र निर्देशिका निर्माण गरी प्रयोगमा ल्याउन जरूरी भइसकेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारभा पेशागत विकास कार्य सञ्चालन गरिने उल्लेख भएअनुरूप मन्त्रालय र विश्वविद्यालयहरूबीचको सहकार्य शिक्षक तयारी कोर्स विकास गरी कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ।

सुरुङ्गा नगरपालिकाका ३१ ओटा सामुदायिक विद्यालयहरूमा प्राथमिक तहमा १०५, निम्नमाध्यमिक तहमा २०, माध्यमिक तहमा २०, उच्चमाध्यमिक तहमा ४ गरी कुल १४९ स्वीकृत दरबन्दी, प्राथमिक तहमा ३६, निम्नमाध्यमिक तहमा २१, माध्यमिक तहमा ७ गरी कुल ६४ राहत तथा उच्चमाध्यमिक तहमा ३ शिक्षक अनुदान गरी कुल २१६ पदमा शिक्षकहरू कार्यरत छन्। त्यसैगरी प्रत्येक विद्यालयमा कम्तीमा १ र बढीमा ३ जना गरी कुल ५० जना प्रारम्भिक बालविकास सहजकर्ताहरू सेवारत छन्। १ ओटा माध्यमिक विद्यालयमा माध्यमिक दरबन्दी/राहत र १ ओटामा उच्चमाध्यमिक शिक्षक दरबन्दी नरहेको, ६ ओटा आधारभूत विद्यालयमा निम्नमाध्यमिक तहको दरबन्दी/राहत शून्य रहेको, ३ ओटा आधारभूत विद्यालयमा निम्नमाध्यमिक तहको दरबन्दी/राहत अपर्याप्त रहेको, २ ओटा आधारभूत विद्यालयमा प्राथमिक तहको दरबन्दी/राहत अपुग रहेको सन्दर्भमा शिक्षक व्यवस्थापनको कार्य जटिल बनेको छ। शैक्षिक सत्र २०७७ मा गरिएको शिक्षक दरबन्दी मिलान, कक्षा घटुवा र समायोजनको कार्य समेतले शिक्षक अभाव पूर्ति हुनसक्ने देखिँदैन। स्रोतको अपर्याप्तताका कारण शिक्षक अभाव पूर्तिका लागि स्वयंसेवक शिक्षक परिचालन गर्ने लक्ष्य राखिए पनि लक्ष्यअनुरुप कार्य हुनसकेको छैन। नगरपालिकाले आफ्नै स्रोतमा स्वयंसेवक शिक्षक परिचालन गर्न बजेट विनियोजन गरिएपनि सेवा, शर्त र सुविधाको कमीका कारण योग्य, दक्ष, समर्पित र अभिप्रेरित व्यक्तिहरूलाई आकर्षण गर्न सकिने स्थिति छैन।

विद्यमान शिक्षक अभाव पूर्तिको लागि यस योजनाले स्वयंसेवक शिक्षक परिचालन, विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि क्षमता विकास र शिक्षक सहायता प्रणालीको विकास, शिक्षकले शिक्षण सिकाइमा विताउने समयावधि कार्यान्वयन कार्यविधि कार्यान्वयन, असल अभ्यासहरूको प्रचार प्रसार, तहगत पाठ्यक्रम कार्यान्वयनका लागि अनुगमन, उत्कृष्ट सिकाइ उपलब्धि हासिल गराउने शिक्षकलाई प्रोत्साहन, विषयगत शिक्षक (सिकाइ सञ्जाल) समूह परिचालन, कक्षा अवलोकन, छलफल, Mentoring, नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान, अस्थायी/राहत शिक्षक पदपूर्तिको लागि प्रश्नपत्र बैंक निर्माण जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य लिएको छ।

### ३.६.१ उद्देश्यहरू

यस योजनाले नगरपालिका क्षेत्रभित्रका विद्यालयहरूमा शिक्षक व्यवस्थापन र पेशागत विकासका लागि निम्नलिखित उद्देश्य राखेको छ **:**

- शिक्षक छनौट, नियुक्ति र पदस्थापनलाई एकीकृत गरी आवश्यकतामा आधारित बनाउनु,
- आवश्यक प्रोत्साहन, निरन्तर पेशागत विकास र सिकाइ आदानप्रदान कार्यक्रममार्फत सबै तहमा सक्षम, प्रतिवद्ध र अभिप्रेरित शिक्षकको प्रबन्ध गर्नु,
- विषयगत शिक्षक समूह परिचालनमार्फत आपसमा शिक्षण सिकाइ सम्बन्धी अनुभव आदानप्रदान गर्ने प्रणालीको विकास गर्नु,
- प्रबोधीकरण/अभिमुखीकरण कार्यक्रममार्फत तहगत र विषयगत नयाँ पाठ्यक्रम कार्यान्वयनको सुनिश्चितता गर्नु,
- शिक्षक प्रोत्साहनमार्फत शिक्षकहरूलाई समर्पित र अभिप्रेरित तुल्याउनु।

### ३.६.२ रणनीतिहरू

यस योजनाले निर्धारण गरेका शिक्षक व्यवस्थापन र पेशागत विकासका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ **:**

- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र त्यसअनुरूप निर्मित पाठ्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि अभिमुखीकरण/प्रबोधीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरणको कार्य गरिनेछ।
- विद्यमान स्रोत र साधनलाई मध्यनजर गरी स्वयंसेवक शिक्षक परिचालन गरिनेछ।
- नगर क्षेत्रभित्रका विद्यालयहरूमा अस्थायी/राहत शिक्षक नियुक्ति प्रक्रियामा एकरूपता, निष्पक्षता कायम गरिनेछ।
- शिक्षकको निरन्तर पेशागत विकासको लागि संघीय र प्रदेश सरकार तथा शिक्षा तालिम केन्द्रहरूसँग समन्वय गरिनेछ।
- विषयगत शिक्षक समूह (सञ्जाल) निर्माण गरी अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ।
- उपस्थिति, नियमितता र शिक्षकले शिक्षणमा विताउने समयावधि वृद्धि गरी शिक्षकको कार्यसम्पादनमा सुधार गरिनेछ।

- प्रति विद्यार्थी लागतका आधारमा प्रवाह हुने अनुदान खर्चलाई शिक्षण सिकाइ सामग्री व्यवस्थानमा आवद्ध गरिनेछ।
- शिक्षकहरूलाई अभिप्रेरित गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।
- शिक्षक सरूवा तथा पदस्थापनलाई आवश्यकतामा आधारित बनाइनेछ।

### ३.६.३ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

| क्र. सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| १ | सक्षम, समर्पित र अभिप्रेरित शिक्षकको व्यवस्था भई शिक्षण सिकाइमा सुधार हुने | • विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र त्यसअनुरूप निर्मित पाठ्यक्रमहरूको सहज कार्यान्वियन भएको हुने।<br>• सुरुङ्गा नगरपालिकाभित्रका शिक्षकहरूले निरन्तर पेशागत सहयोग प्राप्त गर्ने।<br>• शिक्षकको उपस्थिति, शिक्षण तौरतरिका र कार्यसम्पादनमा सुधार आउने।<br>• शिक्षक विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण भई शिक्षकको आपूर्ति सहज हुने।<br>• नगर क्षेत्रभित्रका विद्यालयहरूमा शिक्षक छनौट र नियुक्ति प्रक्रियामा एकरूपता आउने।<br>• स्वयंसेवक शिक्षक परिचालन मार्फत शिक्षक अभाव पूर्ति हुने।<br>• शिक्षण सिकाइका लागि आवश्यक शैक्षिक सामग्रीहरू उपलब्ध हुने।<br>• नियमित अनुगमनमार्फत शिक्षण सिकाइ सम्बन्धी अनुभव आदानप्रदान भई शिक्षण सिकाइमा सुधार आउने।<br>• नियमित अनुगमनबाट शिक्षकको कार्यसम्पादनमा सुधार हुने।<br>• शिक्षकले शिक्षणमा विताउने समयावधि कार्यान्वयन कार्यविधि कार्यान्वयनमा प्रधानाध्यापक | • अस्थायी/राहत शिक्षक नियुक्तिमा एकरूपता कायम गर्न प्रश्नपत्र बैंक निर्माण<br>• शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण<br>• शिक्षक अभाव पूर्तिको लागि स्वयंसेवक शिक्षक परिचालन<br>• पाठ्यक्रम सम्बन्धी अभिमुखीकरण<br>• नवनियुक्त शिक्षकको लागि सेवा प्रवेश तालिम<br>• शिक्षकले शिक्षण सिकाइमा विताउने समय कार्यान्वयन कार्यविधि कार्यान्वयनमा प्रधानाध्यापकको सक्रियता<br>• शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्न नियमित अनुगमन तथा पृष्ठपोषण आदान प्रदान<br>• प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री व्यवस्थापन अनुदानबाट आवश्यक शिक्षण सामग्रीको व्यवस्था<br>• विषयगत शिक्षक समूह गठन र परिचालन<br>• अनुभवी शिक्षक वा समकक्षी शिक्षकबाट सुपरिवेक्षण र मेन्टरिङ<br>• शिक्षकहरूबाट शिक्षण सिकाइसँग सम्बन्धित विषयमा कार्यमूलक अनुसन्धान<br>• विद्यालयका प्रधानाध्यापकबाट प्रत्येक महिना प्रत्येक शिक्षकको कम्तीमा एक पटक कक्षा अवलोकन<br>• नगरपालिकाका कर्मचारी, विभिन्न समितिका पदाधिकारी, अनुभवी शिक्षक वा समकक्षी शिक्षकहरूबाट प्रत्येक विद्यालयको प्रत्येक महिना |

| क्र. सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| | | जिम्मेवार हुने । | कक्षा अवलोकन |

## ३.७ अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइ

सिकाइ निरन्तर प्रक्रिया हो । यो जीवन पद्धतिसँग गाँसिकएको हुन्छ । सिकाइका माध्यम औपचारिक र अनौपचारिक हुन्छन् । अनौपचारिक शिक्षा जीवन पर्यन्त चलिरहन्छ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिप विकास, आयआर्जन जस्ता कार्यक्रमहरू अनौपचारिक शिक्षासँग सम्बन्धित हुन्छन् । पठन संस्कृतिको विकास र ज्ञानमा आधारित समाजको निर्माणका लागि अनौपचारिक शिक्षाले महत्त्वपूर्ण टेवा पुर्याउँछ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्ने उद्देश्य निर्धारण गरेको छ । दिगो विकासका लक्ष्य नं. ४ मा सबैका लागि गुणस्तरीय शिक्षा र आजीवन सिकाइ प्रवर्द्धन गर्ने लक्ष्य निर्धारण गरेको छ । साक्षर नेपाल वर्ष, २०७६ को अवधारणापत्रले सोही वर्ष नेपाललाई साक्षर मुलुक घोषणा गर्ने लक्ष्य निर्धारण गरेको थियो ।

वि.सं. २०६५ देखि साक्षरता कार्यक्रमलाई मुलुकभर अभियानका रूपमा सञ्चालन गरियो । यस नगरपालिकामा समेत सो कार्यक्रम सञ्चालन भएको थियो । घरपरिवार सर्वेक्षण, २०७५ अनुसार ५ वर्षमाथिको साक्षरता प्रतिशत महिला-६३.०५, पुरुष-८३.४७ गरी कुल ७३.६१ प्रतिशत रहेको देखिन्छ । CMIS Household Sirvey, 2075 अनुसार १५ वर्षमाथिका निरक्षर जनसङ्खया १०,४१९ जना रहेको देखिन्छ, जसमध्ये ६० वर्ष र सोभन्दा माथिका ३,१९४ जना रहेका छन् । सबैभन्दा बढी निरक्षर सङ्ख्या वडा नं. २ र कम वडा नं. ६ मा रहेको छ । २५ प्रतिशतभन्दा बढी निरक्षर रहेको तथ्याङ्कले देखाउँछ । प्राय: सबै निरक्षरहरू एकभन्दा बढी पटक साक्षरता कक्षामा सहभागी भइसकेका भएपनि घरायसी काम, मेलापात र सिकाइमा निरन्तरताको अभावका कारण पुन:निरक्षर नै रहनुपरेको स्थिति देखिन्छ । विशेषगरी दलित तथा विपन्न समुदायका प्रोढहरू निरक्षर पाइन्छन् । उनीहरूमा शिक्षाप्रतिको उदासिनता, शिक्षाको महत्त्वको ज्ञानको अभाव र जीवन निर्वाहका लागि निरन्तर काममा व्यस्त हुनुपर्ने कारणले निरक्षरताले जरो गाडेको बुझ्न अप्ठ्यारो छैन । विगतका वर्षहरूमा अनुमति लिएका सामुदायिक सिकाइ केन्द्र (Community Learning Centre) हरू निष्कृय रहेका कारण साक्षरता र निरन्तर सिकाइका लागि स्थायी संयन्त्रको अभाव देखिन्छ । संगठित रूपमा सञ्चालनमा आउन नसकेका समुदायमा आधारित संघ/संस्थाहरू समेत साक्षरताका कार्यक्रमहरूको नेतृत्व लिन संस्थागत रूपमा सक्षम छैनन् । यस कारण पनि साक्षरता अभियानका कार्यक्रमहरू निष्प्रभावी बनिरहेका छन् ।

सुरुङ्गा नगरपालिकाले आ.व. २०७६/७७ देखि नै निरक्षरता घटाई साक्षर नगर घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिरहेको छ । कोरोना महामारीका कारण दुवै वर्षको साक्षरता कार्यक्रमले पूर्णता पाउन सकेन । आगामी वर्षहरूमा समेत निरक्षरता घटाई साक्षर नगर घोषणा गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ अभियानका रूपमा सञ्चालन नगरी गुञ्जायस देखिँदैन । २०७६ को अन्त्य र २०७८ सालको शुरूमा साक्षरता कार्यक्रमलाई निरन्तर शिक्षा तह-१ को रूपमा सञ्चालन गरियो । तर, कोभिड-१९ महामारीका कारण उत्पन्न परिस्थितिले सफल हुनसकेन । यस योजनाले सुरुङ्गा नगरपालिकाबाट निरक्षरता न्यूनीकरण गरी साक्षर नगरपालिका बन्ने सपना अझै बुनिरहेको छ । यसका लागि तल दिइएअनुसारका उद्देश्य, रणनीति, मुख्य उपलब्धि, नतिजाको आँकलन गरी तततत् क्रियाकलापहरू सञ्चालन गर्ने नीति अख्तियार गरिएको छ ।

### ३.७.१ उद्देश्यहरू

अभियानका रूपमा साक्षरता कार्यक्रम सञ्चालन गरी निरक्षरता निर्मूलीकरणमार्फत सुरुङ्गा नगरपालिकालाई साक्षर नगरको रूपमा विकास गर्नु यस योजनाको समग्र उद्देश्य रहेको छ । समग्र उद्देश्य हासिल गर्न निम्नलिखित उद्देश्य निर्धारण गरेको छ :

- अभियानका रूपमा साक्षरता अभियान सञ्चालन गरी सबै नागरिकका लागि समावेशी, समतामूलक साक्षरता र जीवन पर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु,
- साक्षरता र निरन्तर सिकाइका कार्यक्रमहरू सञ्चालन गर्न स्थायी संयन्त्रको रूपमा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालन गर्नु,
- सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास गरी संस्थागत सुदृढीकरण गर्नु,
- संघीय र प्रदेश सरकारबाट विकसित मापदण्ड, निर्देशिका र कार्यविधिअनुरूप साक्षरता र जीवनपर्यन्त सिकाइका कार्यक्रमहरू सञ्चालन गर्नु,
- विद्यालय शिक्षामार्फत निरक्षरता घटाउन सहयोग गर्ने गरी साक्षरतासँग आवद्ध आन्तरिक विद्यार्थी मूल्याङ्कन पद्धतिको विकास गर्नु,
- अभियानका रूपमा साक्षरता कार्यक्रम सञ्चालन गरी नगर क्षेत्रबाट निरक्षरता निर्मूल पार्नु र साक्षर नगर घोषणाको लागि आधार तयार गर्नु ।

### ३.७.२ रणनीतिहरू

अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- साक्षरता अभियान सफलतापूर्वक सञ्चालन गर्न संघीय सरकार, प्रदेश सरकार, गैरसरकारी तथा समुदायमा आधारित संघसंस्थाहरू र सञ्चार माध्यमहरूसँग समन्वय र सहकार्य गरिनेछ ।
- परम्परागत र मौलिक ज्ञान र सीपको पहिचान, संरक्षण, सम्वर्द्धन, आधुनिकीकरण एवम् हस्तान्तरणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- स्थानीय माग, आवश्यकता र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा सामुदायिक सिकाइ केन्द्रहरूको स्थापना गरी सञ्चालन गरिनेछ । योजना अवधिभरमा सबै वडाहरूमा कम्तीमा एकओटा सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन गरी साक्षरता कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
- सुहाउँदो विषयमा साक्षरतालाई आन्तरिक मूल्याङ्कनसँग आवद्ध गरी एक व्यक्ति एक साक्षर (Each One, Teach One-व्यक्ति साक्षरता), परिवार साक्षरता (Family Method), समूह साक्षरता (Group Method) वा कक्षा प्रणाली (Class Method) मार्फत निरक्षर प्रौढहरूलाई साक्षर गराउन विद्यालय शिक्षाका कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरूलाई परिचालन गरिनेछ ।
- साक्षरता कार्यक्रम सञ्चालन, व्यवस्थापन, अनुगमन/निरीक्षण र प्रमाणीकरणको लागि वडा कार्यालय, वडा समिति र वडा साक्षरता समितिलाई जिम्मेवार बनाइनेछ ।
- साक्षरता सहजकर्ता छनौट र नियुक्ति प्रक्रियालाई पारदर्शिता र एकरूपता कायम गरिनेछ ।
- साक्षरता सहजकर्ताहरूलाई प्रोढ सिकाइ विधि सम्बन्धी तालिम प्रदान गरिनेछ ।

### ३.७.३ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

| क्र. सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| १ | सबै नागरिकले साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त गर्ने | • सबै निरक्षर प्रौढहरूले साक्षरता र निरन्तर शिक्षामा सहभागी हुने अवसर प्राप्त हुने ।<br>• अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ कार्यक्रम सञ्चालनको लागि गैरसरकारी तथा समुदायमा आधारित संघसंस्थाहरू र सञ्चार माध्यमहरूसँग साझेदारी विकास हुने ।<br>• साक्षरता कार्यक्रम सञ्चालन गर्ने कार्य विद्यार्थी मूल्याङ्कन पद्धतिसँग आवद्ध हुने ।<br>• परम्परागत र मौलिक ज्ञान र सीपको पहिचान, संरक्षण, सम्वर्द्धन, आधुनिकीकरण एवम् हस्तान्तरण हुने ।<br>• सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन भई अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न स्थायी संयन्त्रको विकास हुने ।<br>• साक्षरता सहजकर्ता छनौट र नियुक्ति प्रक्रियामा पारदर्शिता र एकरूपता कायम हुने र योग्य तथा सक्षम सहजकर्ताको व्यवस्था हुने ।<br>• नगर क्षेत्रभित्रबाट निरक्षरता न्यूनीकरण भई साक्षर नगर घोषणाको लागि आधार तयार हुने । | • अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्नको लागि संघीय र प्रदेश सरकारबाट विकसित मापदण्ड तथा निर्देशिका अनुरूप अभियानका रूपमा साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>• साक्षरता र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्दा संघीय र प्रदेश सरकार, स्थानीय गैसस, विद्यालय, सञ्चार माध्यमसँग समन्वय र सहकार्य गर्ने ।<br>• कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरूलाई निरक्षरता न्यूनीकरणका लागि परिचालन गर्ने ।<br>• निरक्षर प्रौढहरूलाई साक्षर गराएवापत विद्यार्थीहरूलाई आन्तरिक मूल्याङ्कन पद्धतिमा समायोजन गरी अङ्क दिने व्यवस्था मिलाउने ।<br>• प्रत्येक वडामा एकएक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने ।<br>• साक्षरता सहजकर्ता छनौट र नियुक्ति प्रक्रियालाई निष्पक्ष, पारदर्शी र एकरूपता कायम गर्न मापदण्ड बनाई कार्यान्वयन गर्ने ।<br>• अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका कार्यक्रमहरूको नियमित अनुगमन, निरीक्षण गरी पृष्ठपोषण लिनेदिने कार्यको लागि स्पष्ट जिम्मेवारी तोक्ने । |

## खण्ड - चार
## अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

यस खण्डमा विद्यालय शिक्षासँग अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू : समतामूलक पहुँच तथा समावेशीकरण, आपतकालीन शिक्षा, भौतिक पूर्वाधार विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि जस्ता वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ । परिच्छेद तीनका क्षेत्रहरूमा समेत यी अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरूका बारेमा समावेश गरिएको भए पनि यी अन्तरसम्बन्धित विषयहरूलाई अलग्गै विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न क्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुर्‍याउने उद्देश्यले यस परिच्छेदमा विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ । यसमा उल्लेखित प्रत्येक विषयको अवधारणा, विद्यमान अवस्थाको विश्लेषण गरी चुनौतीहरू पहिचान गरिएको छ ।

यसमा ती विषयको उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिभरमा सञ्चालन गरिने मुख्य क्रियाकलापहरू समावेश गरिएको छ।

## ४.१ समतामूलक पहुँच र समावेशीकरण

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठेट गरेको छ। संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा उल्लेख गर्दै आधारभूत तहको शिक्षा अनिवार्य र नि:शुल्क हुने र अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ। अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वारा नि:शुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ। विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचकसहितको एकीकृत समता रणनीति, २०७१ कार्यान्वयनबाट बहुबञ्चितीकरणमा परेका बालबालिकाहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ। अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढेको तथ्याङ्कले देखाए तापनि पहुँचमा सुधारका साथै सहभागिता र गुणस्तर सुधारमा अझै थुप्रै कार्यहरू गर्नुपर्ने देखिन्छ।

सुरुङ्गा नगरपालिकामा विभिन्न भाषिक, सांसेकृतिक तथा जातजातिगत समुदायहरूको बसोवास रहेको छ। यही भिन्नताका आधारमा ऐतिहासिक रूपमा सामाजिक विभेद र बञ्चितीकरणमा परेका समुदायहरू पनि छन्। शैक्षिक पहुँच, सहभागिता र नतिजामा सामाजिक, आर्थिक र लैङ्गिक भिन्नताको प्रभाव परेको देखिन्छ। कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमा विद्यालय शिक्षाको पहुँच पुर्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ। सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच र अर्थपूर्ण सहभागिताको अधिकार सुनिश्चित गर्ने विविधता, समता र समावेशिताको प्रवर्द्धन गर्न आवश्यक छ। यसका लागि सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक, संरचनागत र भौतिक तथा स्रोत-साधनसँग सम्बन्धित बाधारहरू पहिचान गरी हटाउनुपर्दछ। दिवा खाजा, दलित विद्यार्थी तथा छात्रा लक्षित छात्रवृत्ति, विपन्न लक्षित छात्रवृत्ति (PMT) ले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेको छ। आधारभूत तहमा मातृभाषा तथा बहुभाषाको प्रयोग गरी सिकाइने नीति, सबै तहको शिक्षक व्यवस्थापनमा समावेशी व्यवस्था, पाठ्यक्रममा विविधताको व्यवस्था, विद्यालयमा गुनासो सुनुवाइसम्बन्धी व्यवस्थ, शिक्षक तालिममा समावेशीकरण र समतासम्बन्धी विषयवस्तु समावेश गरिएका छन्।

आधारभूत र माध्यमिक तहमा खुद भर्नादर बढेको, लैङ्गिक समता सूचकमा वढोत्तरी भएको, माध्यमिक तह पूरा गर्ने दरमा सुधार आएको, बञ्चितीकरणमा परेका समुदायका बालबालिकाहरूको भर्नादरमा वृद्धि भएको, अपाङ्गता भएका बालबालिकाहरूले शिक्षामा अवसर पाइरहेका छन्। प्रारम्भिक बालविकास, आधारभूत तह र माध्यमिक तहमा दलित विद्यार्थीको अनुपात ४७.३, ४१.३ र २२.३ र जनजाति विद्यार्थीको अनुपात क्रमश: २५.०९, २६.३ र २९ रहेको छ। तथापि दलित तथा विपन्न समुदायका बालबालिकाहरू बीचमै विद्यालय छाड्ने दर बढी देखिएको, माध्यमिक शिक्षा पूरा गर्ने दर कम रहेको, विद्यालयमा उपस्थिति र शिक्षण सिकाइमा सक्रियताको दर कम रहेको अवस्था विद्यमान छ। २०७५ साउन ५ गतेका दिन तत्कालीन शिक्षामन्त्रीको उपस्थितिमा सुरुङ्गा नगरपालिकालाई **"विद्यालय उमेर समूहका सबै बालबालिकाहरू विद्यालय भर्ना"** घोषणाबाट सबै बालबालिकाहरू विद्यालय भर्ना हुने दर बढे पनि टिकाउ दर

भनेजति बढ्नसकेको छैन । शिक्षा प्राप्त गर्नु सबै बालबालिकाको नैसर्गिक अधिकार भएकोले जातजाति, भाषाभाषी, लिङ्ग, धर्म, संस्कृति तथा शारीरिक बनावट आदि कुनै कुराको आधारमा भेदभाव नगरी सबैलाई सहज र सरल तरिकाले अध्ययन गर्नसक्ने वातावरण सृजना गरिनेछ । यसक्रममा कुनै प्रकारको विशेष आवश्यकता भएका बालबालिकाहरूलाई समेत सहज हुने गरी कक्षाकोठाको व्यवस्था मिलाइनेछ । विपन्न दलित, पिछडिएका समुदायका र अपाङ्गता भएका बालबालिकाहरूप्रति गरिनुपर्ने व्यवहारका बारेमा शिक्षकहरूलाई तालिम प्रदान गरिने र सकेसम्म सहज एवम् सिकारुमैत्री वातावरण सृजना गर्न प्रयास गरिनेछ ।

### ४.१.१ उद्देश्यहरू

विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित गरी समान सहभागिता वृद्धि गर्नु यस योजनाको मुख्य उद्देश्य रहेको छ । यो उद्देश्य हासिल गर्न निम्नलिखित उद्देश्य निर्धारण गरेको छ **:**

- विद्यालय शिक्षामा विना भेदभाव सबैको पहुँच र सहभागिता सुनिश्चित गर्नु,
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुधार गर्नु,
- विविधता, समता र समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्न विद्यमान संरचनाहरूलाई जवाफदेही बनाउने,
- विद्यालयहरूमा कुनै प्रकारको हिंसा, विभेद र दूर्व्यवहार हुन नदिने वातावरण सिर्जना गर्ने ।

### ४.१.२ रणनीतिहरू

समतामूलक पहुँच र समावेशीकरणका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ **:**

- विद्यालयमार्फत तथ्याङ्क सङ्कलन गरी बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरी सोअनुरूप पहुँच र सहभागिताको प्रबन्ध मिलाइनेछ ।
- सबै खाले विद्यालयमा लैङ्गिक र बालमैत्री भौतिक एवम् शैक्षिक वातावरणको विकास गरी सबै बालबालिकाहरूलाई विद्यालय शिक्षाको अवसर उपलब्ध गराइनेछ ।
- दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक, सिकाइ सामग्री, स्वास्थ्य तथा पोषण कार्यक्रम, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा र किशोरीलक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा प्रदान गरिनेछ ।
- आधारभूत तहमा बहुभाषिक माध्यमबाट सिकाइको अवसर प्रदान गर्नुका साथै स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान र सीप समावेश गरी स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याइनेछ । सिकाइलाई जीवनोपयोगी सीपसँग आवद्ध गरिनेछ ।
- विद्यालयमा अभिभावकको संलग्नता बढाइनेछ ।
- विद्यालयका हरेक गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध मिलाइनेछ ।

### ४.१.३ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

| क्र. सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| १ | विद्यालय शिक्षामा | • सबै बालबालिकाहरू विद्यालय भर्ना भई शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन् । | • वडा, नगरपालिका र विद्यालयको सक्रियतामा व्यक्ति वा बालबालिकाको अवस्था र सिकाइ |

| क्र. सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| | समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने । | • लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुधार हुने ।<br>• विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यताअनुकूल शैक्षिक सुशासन कायम गर्न सबै संरचनाहरू जवाफदेही हुनेछन् ।<br>• विद्यालयमा सबै प्रकारको हिंसा, विभेद र दूर्व्यवहार समाप्त भई बालमैत्री वातावरण सिर्जना हुनेछ ।<br>• पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता र समावेशिता अभिवृद्धि हुनेछ । | आवश्यकता पहिचान गर्ने ।<br>• विद्यालयबाहिरका बालबालिकाहरू रहेका गाउँ, टोल, वस्तीमा विव्यस, शिअसं, अभिभावक, शिक्षकहरूको संलग्नतामा घरदैलो कार्यक्रम सञ्चालन गर्ने ।<br>• नि:शुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, स्वास्थ्य तथा पोषण कार्यक्रम, सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।<br>• विद्यालय भवन, फर्निचर, प्रयोगशाला, शौचालय, खानेपानी जस्ता भौतिक एवम् शैक्षिक पूर्वाधारहरू अपाङ्गमैत्री, लैङ्गिकमैत्री र बालमैत्री बनाउने ।<br>• विद्यालयमा बालकेन्द्रित सिकाइ, बालमैत्री सिकाइ वातावरण, सम्मानपूर्ण व्यवहार अवलम्बन गरिने ।<br>• शिक्षकको पेशागत विकास कार्यक्रममा समावेशीकरणको अवधारणा समावेश गरिने ।<br>• सिकाइ आवश्यकता अनुरूपको शैक्षिक सामग्री विकास र उपयोग गरिने ।<br>• स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सीप समावेश गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गरी कार्यान्वयन गर्ने ।<br>• बहुभाषिक शिक्षण पद्धति अवलम्वन गर्ने ।<br>• विद्यालयमा हुने सबै प्रकारको हिंसा, विभेद र दूर्व्यवहार हटाउन विद्यालय परिवारलाई जवाफदेही बनाउने ।<br>• विद्यालयमा विभिन्न प्रकारका बालक्लब गठन, लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवार बनाउने । |

## ४.२ आपतकालमा शिक्षा

प्राकृतिक प्रकोप, महामारी, द्वन्द्व एवम् युद्धको अवस्थामा बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रम नै आपतकालीन शिक्षा (Education in Emergency) हो । विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिकालाई सुरक्षित राख्नु र शिक्षा

क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील रहने गरी शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नु यसको मुख्य उद्देश्य हो । यसमा जोखिमको पूर्व तयारी (Preparedness), क्षति कम हुने गरी तत्कालको व्यवस्थापन (Response) र आपतकाल पश्चात क्षतिको आपूरण (Recovery) समेटिएको हुन्छ । विशेषगरी लामो द्वन्द्वको परिवेश, विनाशकारी भूकम्प, विभिन्न समय र स्थानमा घट्नसक्ने प्राकृतिक प्रकोप. कोभिड-१९ जस्ता महामारीको प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस योजनामा आगामी ५ वर्षका लागि उद्देश्य, रणनीति, प्राथमिकता र मुख्य क्रियाकलाप समावेश गरिएको छ।

नेपालको संविधानले अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गता भएकाहरूलाई नि:शुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिकामाथि हुने विभेद, सजाय र दूराचारलाई निषेध गरेको छ। अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ ले कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित नहुने उल्लेख गरेको छ। त्यसैगरी बालबालिकालाई शारीरिक सजाय (Corporal Punishment), शारीरिक तथा मानसिक उत्पीडन र हेपाइ (Bulling) र यौन दूराचार (Sexual Harassment) बाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका, २०६७ जारी भएको छ भने विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्ने, विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्ने र विद्यालयलाई भेदभाव, दूर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त राखी सिकाइको निरन्तरताको प्रवर्द्धन गर्ने विधि तथा प्रक्रिया समावेश गरेको छ। यसैगरी बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७ ले विद्यालयको प्रभावकारिता, समावेशीकरण, शिक्षामा लैङ्गिक पक्ष, बालबालिका, परिवार र समुदायको सहभागिता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालयको भौतिक अवस्था, शिक्षणसिकाइ प्रक्रिया, मातृभाषामा शिक्षणसिकाइ र विद्यालय व्यवस्थापन जस्ता ९ विशेष क्षेत्रका न्यूनतम र अपेक्षित मापदण्ड सहितको कार्यढाँचा विकास गरी विपदकालीन शिक्षाको व्यवस्थाका लागि आधार तयार पारेको छ भने विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति, २०७१ ले सामाजिक अवस्था, लैङ्गिकता, भौगोलिक अवस्थिति, अपाङ्गता, जात र जातीयता, भाषा, स्वास्थ्य र पोषण र सङ्कटापन्न समूहका विद्यालयबाहिर रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षाको दायरामा ल्याउने, विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको सिकाइ र उपलब्धिमा सुधार ल्याउने एवम् बीचैमा विद्यालय छाड्नेदरलाई घटाउने जस्ता प्रमुख उद्देश्यहरूसहित बालबालिकाको अवस्थाअनुसार छुट्टाछुट्टै सम्बोधन गर्ने गरी सिकाइ सुनिश्चित गर्ने मार्गदर्शन गरेको छ। त्यस्तै बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज, २०१८ ले विपद जोखिम न्यूनीकरण र उत्थानशीलताको शिक्षाका न्यूनतम मापदण्ड तयार गरी विद्यालयमा आधारित कार्यान्वयनको परिकल्पना, बृहत् विद्यालय सुरक्षा गुरूयोजना तथा कार्यान्वयन कार्यविधि, २०१८ ले विद्यालय सुरक्षाका मापदण्डहरू कार्यान्वयन गर्ने अपेक्षा, दिगो विकास लक्ष्य ४ ले समग्रि शिक्षा क्षेत्रलाई सुरक्षित राखी दिगो र अनुकूल सिकाइ वातावरण सुरक्षित गर्न सुरक्षित विद्यालय र प्रकोप व्यवस्थापनका सम्बन्धमा विभिन्न प्रावधानहरूको तय गरेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापनसम्बन्धी सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान दिई विपदको पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राख्ने, विद्यालयमा हुनसक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली-बेइज्जती, विभेदलगायतका गैरसंरचनात्मक विपद तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसारहित र भयरहित सिकाइ केन्द्रको रूपमा विकास गरिने उल्लेख गरिने उल्लेख गरिएको छ।

मानव इतिहासकै ठूलो विश्वव्यापी महामारी कोभिड-१९ को पहिलो र दोस्रो लहरले नेपालको सामाजिक एवम् आर्थिक जीवन र शिक्षा क्षेत्रमा समेत ठूलो नकारात्मक प्रभाव पारेको छ। यस महामारीबाट शिक्षा क्षेत्रलाई सुरक्षित राख्न नेपाल

सरकारले २०७६ चैत्रदेखि शिक्षण संस्थाहरू, नियमित पठनपाठन र सबै तहका परीक्षाहरूका साथै शिक्षासँग सम्बन्धित सामाजिक सुरक्षा, विकास निर्माण, अध्ययन अनुसन्धान तथा सामुदायिक कार्यक्रमहरू स्थगित गरेको थियो। सुरुङ्गा नगरपालिकामा समेत २०७६ चैत्र ६ गतेदेखि बन्द गरिएका शिक्षण संस्थाहरू २०७७ असोज १५ गतेदेखि वैकल्पिक सिकाइ केन्द्रको रूपमा सञ्चालन भएपनि २०७७ पौष महिनादेखि मात्र पूर्णरूपमा सञ्चालनमा आएको थियो। शैक्षिक सत्र २०७६ को सबै परीक्षा सम्पन्न भएपनि दोस्रो कोभिड-१९ को लहरसँगै २०७८ बैशाख १५ गतेदेखि पुन: बन्द हुन गई शैक्षिक सत्र २०७७ का सबै वार्षिक परक्षा स्थगित गर्नुपरेको थियो। नगर क्षेत्रभित्रका सबै विद्यालयहरूबाट ४०% पहिलो र दोस्रो त्रैमासिक परीक्षा र ६०% आन्तरिक मूल्याङ्कनमार्फत नतिजा प्रकाशन गर्ने प्रबन्ध गरिएको छ। पहिलो चरणमा ४ ओटा विद्यालयमा क्वारेन्टाइन सञ्चालन गरिएको थियो। यसले गर्दा शुरूमा स्थानीयवासीहरूमा सन्त्रास फैलिए पनि पछि सामान्य अवस्थामा आएको थियो। कोरोना महामारीकै कारण विद्यार्थीको पठनपाठनमा नराम्रो प्रभाव परेकोले शिक्षा मन्त्रालयले शैक्षिक सत्र २०७७ लाई जेठसम्म लम्ब्याईएको र शैक्षिक सत्र २०७८ लाई असार महिनाको १ गतेदेखि शुरू गर्ने व्यवस्था गरिएपनि विद्यार्थीहरूको भौतिक उपस्थितिमा विद्यालयको पठनपाठन कहिलेदेखि शुरू हुने हो, अझै अन्यौल छ।

कोभिड-१९ ले शिक्षणसिकाइमा पारेको असरलाई कम गर्न वैकल्पिक माध्यमबाट बालबालिकाले सिक्न पाउने अवसरलाई निरन्तरता दिन केही नीतिगत र कार्यक्रमिक प्रयासहरू हुँदै आएको भएपनि प्रभावकारी बन्न सकेको छैन। विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७, विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा, पाठ्यवस्तु समायोजन ढाँचा, २०७७ र माध्यमिक शिक्षा परीक्षा (SEE) नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७७ जारी भएका छन्। विद्यालय तहको पाठ्यक्रमलाई आधारमा विभिन्न विषयमा अनलाइन, अफलाइन सिकाइ सामग्री तया र भई वेबसाइटमा राखिनुका साथै कक्षा १ देखि १० सम्मको लागि रेडियो पाठ प्रसारण भइरहेको छ। २०७७ असार १ गतेदेखि वैकल्पिक माध्यमबाट सिकाइ प्रारम्भ गर्न सार्वजनिक आह्वान, शिक्षक-विद्यार्थीमा परेको मनोसामाजिक असरलाई कम गर्ने खालका चेतनामूलक सन्देश, विभिन्न रेडियो तथा टेलिभिजन च्यानलबाट श्रव्य र श्रव्य-दृश्य पाठ प्रसारण भए तापनि यी प्रबन्धहरूमा सबैको पहुँच पुर्याउन र प्रभावकारी बनाउनुपर्ने चेनौती देखिएका छन्।

प्राकृतिक प्रकोप, महामारी वा अन्य सामाजिक सांस्कृतिक कारणले उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्थाअनुसार केही पूर्वानुमान गर्न सकिए पनि समय, स्वरूप र मात्राको यकिन भविष्यवाणी गर्न भने सकिँदैन। कतिकपय प्रकोप, महामारी तथा आपतकालको पूर्वानुमान गर्न नसकिने पनि हुन्छ। सुरुङ्गा नगरपालिकामा निरन्तर देखापर्ने प्रकोपहरूमा आगलागी, वर्षायाममा बाढी, डुबान, हावाहुरी, अति गर्मी, गर्मीको समयमा लू, जङ्गली हात्ती आतङ्क हुन् भने महामारी, भूकम्प, चट्याङ आदिले एकातिर मानव जीवनमा त्रास सिर्जना गरिरहेको हुन्छ भने अर्कोतिर धनजनको क्षति गरिरहेको हुन्छ। अधिकांश नगरवासीहरू कृषि कर्ममा निर्भर रहेकाले कृषि उपजमा बढी क्षति पुगेको पाइन्छ। क्षतिपश्चात् राहत वितरण गर्ने कार्य भइरहे पनि क्षति न्यूनीकरणको लागि प्रतिकार्य योजना, जिम्मेवारी बाँडफाँड र स्रोत-साधनको कमी रहेको छ। तसर्थ आपतकालीन अवस्थाको शिक्षालाई योजनामा कसरी समावेश गर्ने भन्ने नै प्रमुख मुद्दा हो। स्रोत र समयसीमा कति हुने र जिम्मेवारी कसले लिने जस्ता मुद्दाहरू यसमा रहेका छन्। यी मुद्दाहरूले सिर्जना गरेका चुनौतीहरूलाई मध्यनजर गरी सबै खालका सम्भावित विपत्तिको व्यवस्थापन गर्ने गरी स्रोत, साधन र जिम्मेवारीको होशियारीपूर्वक सम्बोधन गर्नु नै आगामी योजनाको प्राथमिकता हुनुपर्दछ।

### ४.२.१ उद्देश्यहरू

जस्तोसुकै परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरी उनीहरूको शारीरिक, मानसिक र सामाजिक विकासलाई अवरुद्ध हुन नदिनु यस योजनाको मुख्य उद्देश्य हो भने हासिल गर्न निम्नलिखित विशिष्ट उद्देश्यहरू पहिचान गरिएका छन् :

- सम्भावित जोखिमको सामना गर्न र क्षति न्यून गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सावधानी र पूर्वतयारीको वातावरण सिर्जना गर्ने,
- सम्भावित सङ्कटको सामना गर्ने उत्थानशील (Resilient) प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोत जुटाउने,
- प्रतिकार्यको लागि संयन्त्र र कार्यढाँचा तयार गर्ने,
- अल्पकालीन र दीर्घकालीन पुनर्लाभको व्यवस्था मिलाउने,
- वैकल्पिक माध्यमबाट बालबालिकाको सिकाइ सुनिश्चित गर्ने ।

### ४.२.२ रणनीतिहरू

आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा विद्यालय शिक्षाको समुचित व्यवस्थापनको लागि निम्न रणनीतिहरू अपनाइनेछ :

- शिक्षा क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्ने विपदहरूको पूर्वानुमान र त्यसको मात्राको मूल्याङ्कन एवम् विश्लेषण गरिनेछ ।
- नगरपालिकाको प्रतिकार्य योजना तयार गरी विद्यालयहरूको विद्यालय सुधार योजनामा समावेश गर्न लगाइनेछ ।
- विपत प्रतिरोधी भौतिक पूर्वाधार निर्माण तथा पुनर्स्थापना गरिनेछ ।
- आवश्यक पर्ने यन्त्र, उपकरण, औषधि, खाद्यान्न, लत्ताकपडा तथा अन्य राहत सामग्री उपलब्ध गराइनेछ ।
- शिक्षक तालिम र अभिभावक सचेतना कार्यक्रममा विपत पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापन सम्बन्धी विषय समावेश गरिनेछ ।
- विपत व्यवस्थापनको कार्यमा गैरसरकारी संघसंस्थाहरूको सहभागिता र सहयोगको परिचालन गरिनेछ ।
- विपत व्यवस्थापनका परम्परागत ज्ञान, सीप र अनुभवहरूलाई प्रयोगमा ल्याइनेछ ।
- वैकल्पिक सिकाइका माध्यमहरूको प्रयोग गर्नका लागि आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ ।
- विपत व्यवस्थापनसम्बन्धी पाठ्यसामग्रीहरूको पठनपाठनलाई प्रभावकारी बनाइनेछ ।

### ४.२.३ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

| क्र.सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| १ | आपतकालीन परिस्थितिमा बालबालि | • विद्यालय शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्स्थापनाको योजना तथा क्षमता विकास हुने ।<br>• आवश्यक भौतिक, मानवीय र आर्थिक | • संघीय सरकारबाट निर्मित बृहत विद्यालय सुरक्षा नीति तथा मापदण्डहरूको कार्यान्वयन<br>• अभिभावक सचेतना कार्यक्रम<br>• पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापन योजना निर्माण र कार्यान्वयन |

| क्र. सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| | काको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने | स्रोतको व्यवस्थापनसहित विद्यालय शिक्षा प्रणाली उत्थानशील हुने।<br>• महामारीको समयमा समेत स्वास्थ्य उपचारसहित विद्यालय शिक्षाको व्यवस्थापन, सेवा प्रवाह र सिकाइको निरन्तरता हुने।<br>• सिकाइका वैकल्पिक माध्यमहरूको उपयोग हुने।<br>• डिजिटल सिकाइ सामग्रीहरूमा विद्यार्थीहरूको पहुँच पुग्ने।<br>• भर्चुअल माध्यमबाट सिकाइमा पहुँच पुग्ने। | • सुरक्षित सिकाइका लागि शिक्षक-विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन<br>• भवन निर्माण आचारसंहिताबमोजिम विद्यालय भौतिक पूर्वाधार निर्माण र मर्मतसम्भार<br>• स्वास्थ्य सुविधासहितको विद्यालय र स्वास्थ्य फोकल शिक्षकको व्यवस्था र परिचालन<br>• विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास र विस्तार<br>• हरित विद्यालयको अवधारणा प्रवर्द्धन। |

## ४.३ भौतिक पूर्वाधार विकास

शिक्षा ऐन तथा नियमावलीमा तोकेको मापदण्ड अनुसार बालबालिकाको पठनपाठनको लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, दिसा-पिसाबका लागि शौचालय, सरसफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्। राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार विद्यालयमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, पुस्तकालय, बुक कर्नर. शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष, सभाहल, कम्प्युटर कक्ष, मञ्च, बगैँचा जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्याललाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने जस्ता नीतिगत व्यवस्था गरिएको छ।

सुरुङ्गा नगरपालिकामा ३१ ओटा सामुदायिक विद्यालयहरूमध्ये धेरै विद्यालयमा भवन र कक्षाकोठा पर्याप्त भएपनि केही विद्यालयमा अझैपनि अभाव देखिन्छ। कतिपय विद्यालयमा खेल्नका लागि खेलकुद मैदान, घेरावार, खानेपानी, पुस्तकालय, प्रयोगशाला, जिन्सी कोठा, बुक कर्नर जस्ता पूर्वाधार पुग्न सकेको छैन। कक्षाअनुसारको कक्षाकोठा, प्रशासन, लेखा, बैठक कक्ष जस्ता सुविधाहरू अझै नपुग देखिन्छ। कतिपय विद्यालयमा त सुरक्षित र स्वच्छ खानेपानीको व्यवस्था समेत छैन। पुस्तकालयका लागि फर्निचर, प्रयोगशाला सामग्रीको अभाव छ। २०७२ सालको भूकम्पका कारण क्षति पुगेका विद्यालय भवनहरूको मर्मत सम्भार अझ पनि बाँकी छन्। भवन बन्ने र बनाउने विधि र प्रक्रियामा कतै-कतै विवाद र कानुनी प्रश्न उठिरहेका छन्। प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) भित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालय, बुक कर्नर समेत हालसम्म पूर्ण हुन सकेको छैन भने PMEC नै पर्याप्त पूरवाधार हो वा होइन भन्ने कुरा विचारणीय छ। भौतिक पूर्वाधार सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गरिए पनि प्राविधिक एवम् वस्तुनिष्ठ आँकलन गर्न सकिएको छैन। विद्यालय भवन निर्माणका लागि अवलम्बन गरिएका लागत अनुमान (Cost Estimate) मा एकरूपता कायम हुन सकेको छैन। जस्तै ४ कोठे भवन बनाउँदा विद्यालय क्षेत्र विकास कार्यक्रमले रू. ३६ लाख बजेट विनियोजन गर्ने गरेको छ भने सोही नाप बमोजिमको भवन केन्द्रीय आयोजना कार्यान्वयन एकाइबाट निर्माण गर्दा रू. ६० लाखदेखि ७२ लाखसम्मको लागत अनुमान तयार भई कार्यान्वयन भइरहेको छ।

पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय, पारदर्शी र जवाफदेही बनाउने, सुरक्षित विद्यालयको लागि भौतिक पूर्वाधारका लागि उपयुक्त मापदण्ड र मोडालिटी विकास गर्ने, पूर्वाधार विकास एवम् विस्तारका लागि गुरूयोजना ( Master Plan) निर्माण, आवश्यक स्रोतको प्रबन्ध, भौतिक पूर्वाधारहरू अपाङ्गतामेत्री, बालमैत्री तथा लैङ्गिकमेत्री बनाउने चुनौतीहरू विद्यमान छन्।

### ४.३.१ उद्देश्यहरू

पर्याप्त भौतिक पूर्वाधार विकासमार्फत गुणस्तरीय विद्यालय शिक्षाको व्यवस्थापनमा सहयोग पुर्याउनु यस योजनाको मुख्य उद्देश्य रहेको छ। यो उद्देश्य हासिल गर्न निम्नलिखित उद्देश्य निर्धारण गरेको छ :

- सुरक्षित विद्यालयको अवधारणाअनुरूप गुणस्तरीय विद्यालय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु,
- विद्यालय भौतिक पूर्वाधार विकास र विस्तारका लागि तोकिबमोजिमको मापदण्ड कार्यान्वयन गर्नु/गराउनु,
- पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरी भौतिक पूर्वाधार विकासका कार्यक्रमहरू सञ्चालन गर्नु,
- सबै विद्यालयमा पर्याप्त पूर्वाधारको विकासको कार्यमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय गैससहरूसँग लागत साझेदारीको आधारमा स्रोत व्यवस्थापन गर्नु।

### ४.३.२ रणनीतिहरू

माथिका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने भौतिक पूर्वाधारको आँकलन गरिनेछ।
- भूगोल, हावापानी, विद्यार्थी सङ्ख्या र लागतका आधारमा भौतिक पूर्वाधार विकास सम्बन्धी मापदण्ड यकिन गरिनेछ।
- विद्यालयहरूको भौतिक पूर्वाधार विकासका लागि संघीय र प्रदेश सरकार तथा स्थानीय गैरसरकारी संघसंस्थाहरूसँग स्रोत व्यवस्थापनमा लागत साझेदारीको अवधारणा अपनाइनेछ।
- एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक निर्माण गर्ने (Build Back Better-BBB) अवधारणा कार्यान्वयनको आरम्भ गरिनेछ।
- पूर्वाधार विकाससँगै सुरक्षित विद्यालय, सामाजिक एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको रूपमा संस्थागत क्षमता सुदृढीकरण गरिनेछ।
- सम्बन्धित सरोकारवालाहरूबीच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधारको समुचित उपयोग सुनिश्चित गरिनेछ।

### ४.३.३ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

| क्र. सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| १ | सबै विद्यार्थीहरूलाई | • विद्यालय भौतिक पूर्वाधार विकासको लागि पूर्वाधारको स्वरूप र मापदण्ड यकिन हुने। | • भौतिक पूर्वाधार विकासको प्रक्रिया र मापदण्ड तयार गर्ने।<br>• भौतिक पूर्वाधार विकासको लागि आवश्यक्ता |

| क्र. सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
| --- | --- | --- | --- |
| | सुरक्षित र उपयुक्त भौतिक वातावरण सहितको विद्यालय मा अध्ययन गर्ने अवसर प्राप्त हुने । | • भौतिक पूर्वाधारको लागि आवश्यकता पहिचान हुने ।<br>• स्रोत र जिम्मेवारी स्पष्ट निर्धारण भएको हुने ।<br>• नगरपालिकाभित्रका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार भएको हुने ।<br>• विद्यालयहरूको भौतिक वातावरण अपाङ्गतामैत्री, बालमैत्री र लैङ्गिकमैत्री हुने ।<br>• पूर्वाधार विकासका लागि आवश्यक विधि, मापदण्ड र स्तरीकरणका सूचक तयार हुने ।<br>• विद्यालय भौतिक सम्पत्तिको संरक्षण, सम्वर्द्धन र उपयोग एवम् निरन्तर मर्मत सम्भारका लागि पद्धतिको विकास हुने । | पहिचान गरिने ।<br>• संघीय र प्रदेश सरकार तथा गैरसरकारी संघसंस्थाहरूसँग लागत साझेदारी गरिने ।<br>• एक विद्यालय सम्पूर्ण पूर्वाधार विकासको अवधारणा शुरूवात गरिने ।<br>• मापदण्ड एवम् स्तरीकरणका सूचक विकास गरिने ।<br>• विद्यालयहरूमा निर्मित संरचनाको नियमित मर्मत सम्भार गरिने ।<br>• विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको भौतिक सम्पत्तिको संरक्षण, सम्बर्द्धन र समुचित उपयोगको लागि जवाफदेही बनाउने ।<br>• प्रत्येक वडामा एकओटा नमुना विद्यालयको विकास गर्न सबै कार्य एकै पटक निर्माण गर्ने (Build Back Better-BBB) अवधारणा अनुरूप भौतिक पूर्वाधार निर्माण गर्दै लैजाने । |

## ४.४ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा समुचित प्रयोगले विद्यार्थीहरूबीच विद्यमान प्रविधिगत भिन्नता (Digital Divide) कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षणसिकाइको साधनको रूपमा सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय एवम् शासकीय पद्धतिमा सुधार ल्याउने कार्य गर्दछ । कोभिड-१९ को महामारीले यसको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपत तथा महामारीमा पनि शिक्षणसिकाइलाई निरन्तरता दिने कार्यमा यसले महत्त्वपूर्ण सहयोग सहयोग गर्न सक्दछ । राष्ट्रिय शिक्षा नीति, २०७६ मा सबै विद्याय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्तिको संरचना तयार गर्ने विषय उल्लेख गरिएको छ । त्यसैगरी विद्यालय क्षेत्र विकास कार्यक्रममा शिक्षणसिकाइमा सूचना प्रविधिको प्रयोगको लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान/गणित/अंग्रेवी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षणसिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर (CGAS) कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने मुख्य क्रियाकलापहरू रहेका थिए । एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली वेवमा आधारित बनाइए पनिक धैरैजसो विद्यालयमा कम्प्युटर लगायत सूचना प्रविधिसम्बन्धी सामग्री वा इन्टर्नेट कनेक्टिभिटीको अभावले पूर्णरूपमा विद्यालयमा आधारित बनाउन सकिएको छैन ।

सुरुङ्गा नगरपालिकाका विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको संरचना विकासका लागि वार्षिक रूपमा लगानी गरिएको हुँदा माध्यमिक विद्यालयहरूमा कम्प्युटर लगायतका सामग्रीहरू उपलब्ध गराउने र इन्टरनेट कनेक्टिभिटीका केही

काम भए पनि एकातिर यी सुविधाहरू न्यून छन् भने अर्कोतिर शिक्षणसिकाइमा यी स्रोतहरूको प्रयोग गर्ने विद्यालयहरूको सङ्ख्या कम रहेको छ । सुरुङ्गा नगरपालिकाका ५ ओटै माध्यमिक विद्यालयमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT in Education) अनुदान उपलब्ध गराइएको छ । कतिपय आधारभूत तथा माध्यमिक विद्यालयहरूले विभिन्न व्यक्ति तथा संघसंस्थामार्फत यस्ता सामग्री प्राप्त गरेका छन् । एकातिर साधन तथा संरचना बढाउन आवश्यक छ भने अर्कोतिर यसको प्रभावकारी प्रयोगको लागि क्षमता अभिवृद्धि गर्नुपर्नेछ । कोभिड-१९ को महामारीको अवस्थामा सिकाइलाई निरन्तरता दिन विभिन्न भर्चुअल माध्यमबाट पनि कक्षा सञ्चालन गरिएको छ । केही मात्रामा डिजिटल सामग्री निर्माण भएपनि ती सामग्रीहरू पर्याप्त मात्रामा उपलब्ध नहुनु, भएका सामग्रीहरू पनि अन्तरक्रियात्मक नहुनु र सहज रूपमा प्राप्त हुननसक्नु जस्ता समस्याहरू रहेका छन् । सबै विद्यालयमा इन्टरनेट कनेक्टिभिटी लगायत सूचना तथा सञ्चार प्रविधिको संरचना पुर्याउने, क्षमता विकास गर्न विभिन्न किसिमका सामग्री विकास गर्ने कार्यमा चुनौतीहरू सामना गर्नुपरेको छ । धैरै विद्यालयमा विद्युतको पहुँच नभएको, शिक्षणसिकाइमा भन्दा प्रशासनिक कार्यमा कम्प्युटरको प्रयोग भइरहेको, कम्प्युटर भएपनि प्रयोग नभएको अवस्था पनि विद्यमान छ । यसरी हेर्दा सरकारी तथा अन्य संस्थाहरूबाट हाल सञ्चालनमा रहेका प्रविधिमा आधारित विभिन्न विधि तथा पद्धतिलाई अझ समयसापेक्ष बनाउन सके मात्र उपलब्ध सुविधाहरूलाई अधिकतम उपयोग गर्नसकिने देखिन्छ ।

### ४.४.१ उद्देश्यहरू

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विस्तार गरी सिकाइ प्रक्रियामा सुधार गर्नु यस योजनाको मुख्य उद्देश्य रहेको छ । यो उद्देश्य हासिल गर्न निम्नलिखित उद्देश्य निर्धारण गरेको छ :

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने ।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा सबैको पहुँच बढाई प्रविधिगत भिन्नता (Digital Divide) कम गर्ने ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत सहज र छिटोछरितो शैक्षिक सेवा प्रवाह हुने व्यवस्था मिलाउने ।
- विद्यालय शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिमैत्री बनाई प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउने ।
- सूचना तथा सञ्चार प्रविधिमार्फत विद्यालयहरूको आर्थिक, भौतिक र शैक्षिक गतिविधि पारदर्शी तुल्याउने ।

### ४.४.२ रणनीतिहरू

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारका लागि यस योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत सुविधा र उपकरणको व्यवस्था गरिनेछ ।
- स्थानीय तहमा एकीकृत शैक्षिक सूचना तथा सञ्चार प्रणालीको विकास गरिनेछ ।
- सबै शिक्षक र लेखासम्बन्धी कार्य गर्ने कर्मचारीलाई सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभूत ज्ञान, सीप र क्षमता विकास गरिनेछ ।
- नगरपालिकाभित्रका विद्यालयहरूमा विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्री उपलब्ध गराई उचित प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।
- सबै पाठ्यक्रम तथा पाठ्यसामग्रीहरूको डिजिटल प्रति सहजै उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ।
- सबै विद्यालयहरूमा क्रमश: इन्टरनेटको सुविधा पुर्याइनेछ र प्रत्येक विद्यालयको वेबसाइट सञ्चालन तथा व्यवस्थापनको प्रबन्ध मिलाइनेछ।
- सबै विद्यालयमा क्रमश: शैक्षिक व्यवस्थापन सूचना प्रणाली र लेखासम्बन्धी एकीकृत सफ्टवेयरको व्यवस्था गरिनेछ।
- विद्यालयका प्रशासनिक, लेखासम्बन्धी, भौतिक र शैक्षिक अभिलेख सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाइनेछ।
- सञ्चारका निकायहरूसँग समन्वय गरी कक्षा ४ देखि १२ सम्मका विद्यार्थीहरू र सबै तहका शिक्षकहरूलाई **CUG** सिम उपलब्ध गराई वैकल्पिक शिक्षणसिकाइमा पहुँच बढाइनेछ।

### ४.४.३ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

| क्र. सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| १ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक सिकाइको अवसर हुने र विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्द्धन हुने। | • नगरपालिकामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको विकास हुने।<br>• सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने।<br>• विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको पहुँच पुग्ने।<br>• सबै विद्यालयहरूले शिक्षणसिकाइ र व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने।<br>• सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास र सञ्चालन हुने।<br>• नगरपालिका र विद्यालयहरूमा सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली सुदृढ हुने।<br>• विद्यार्थी प्रगति विवरण र प्रमाणीकरणको कार्य सूचना तथा सञ्चार प्रविधिमा आधारित हुने।<br>• विद्यालयहरूको आर्थिक कारोवार तथा लेखा प्रणाली सूचना प्रविधिमा | • शिक्षा शाखामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली स्थापना गर्ने।<br>• विद्यालयहरूमा ICT in Education को सुविधा विस्तार गर्ने।<br>• प्रत्येक विद्यालयमा इन्टरनेट सेवा विस्तार गर्ने।<br>• शिक्षक र लेखासम्बन्धी काम गर्ने कर्मचारीलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी आधारभूत तालिम दिने।<br>• विभिन्न कक्षा र विषयको अन्तरक्रियात्मक डिजिटल सामग्री उपलब्ध गराउने।<br>• सबै विद्यालयको IEMIS Excel-based Software प्रणाली सुदृढीकरण गर्ने।<br>• सबै विद्यालयको वेबसाइट निर्माण गरी व्यवस्थापकीय र शैक्षिक गतिविधि पारदर्शी बनाउने।<br>• सूचना प्रविधिमा आधारित विद्यार्थी प्रगति विवरण र प्रमाणीकरणको व्यवस्था मिलाउने।<br>• क्रमश: प्रत्येक विद्यालयमा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली र लेखासम्बन्धी सफ्टवेयरको व्यवस्था गर्ने।<br>• सबै विद्यालयको आर्थिक कारोवार, व्यवस्थापकीय कार्य र शिक्षणसिकाइमा सूचना प्रविधिको प्रयोगलाई जोड दिने। |

| क्र. सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| | | आधारित हुने।<br>• सूचना तथा सञ्चार प्रविधिको विस्तार र प्रयोगले शिक्षा शाखा र विद्यालयहरूको व्यवस्थापन र सुशासनमा सुधार आउने।<br>• मोबाइल प्रविधिको उपयोगमार्फत वैकल्पिक शिक्षणसिकाइको अवसर उपलब्ध गराउने।<br>• अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणालीमा सुधार आई लागत, जनशक्ति र समयको बचत हुने। | • शिक्षा शाखाका हरेक कार्यलाई सूचना तथा सञ्चार प्रविधिमा आवद्ध गर्ने।<br>• विद्यालय शिक्षा सम्बन्धी सबै गतिविधि वेबसाइटमा प्रकाशन गर्ने व्यवस्था मिलाउने (नगरपालिका र क्रमश: सबै विद्यालय)।<br>• शिक्षणसिकाइमा Online र Offline प्रविधिको प्रयोगमा जोड दिने।<br>• विद्यार्थी र शिक्षकहरूलाई CUG सिम उपलब्ध गराउने र वैकल्पिक सिकाइ प्रवर्द्धन गर्ने। |

## खण्ड - पाँच
## संस्थागत विकास, वित्तीय व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन

शिक्षा पद्धतिमा निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ। यसमा संरचना र प्रक्रिया दुवै पर्दछन्। यस योजनाको प्रभावकारी र कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न संरचना, भूमिका र कार्यप्रक्रिया आवश्यक हुन्छन्। शिक्षामा तीनै तहका सरकार, विद्यालय, समुदाय तथा गैरसरकारी संघसंस्थाहरूको भूमिकाबाट मात्र सुशासन कायम गर्न सकिन्छ। शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, कार्य जिम्मेवारी र अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ हुनुपर्दछ। नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध र व्यवस्थापन हुने व्यवस्था गरेको छ। यस सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनुका साथै शिक्षामा विशिष्ट प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकता पर्छ। त्यसैगरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्द्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्त्वजस्ता पक्षहरूलाई प्राथमिकता दिनुपर्दछ।

यस परिच्छेदमा योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संरचना, क्षमता विकास, योजना कार्यान्वयनको स्रोत व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन प्रणालीका सम्बन्धमा समीक्षा गरिएको छ। वर्तमान समीषाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको स्रोत व्यवस्था र अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ।

### ५.१ संस्थागत संरचना र क्षमता विकास

नेपालको संविधानले परिकल्पना गरेको संघीय शासन व्यवस्थाको स्वरूपअनुसार विद्यालय शिक्षाको सञ्चालन, व्यवस्थापन गर्नका लागि संघीय, प्रादेशिक र स्थानीय तहमा शिक्षा ऐन तथा नियमावलीको निर्माण भइनसकेकोले

कार्यान्वयनमा विधि तथा प्रक्रियागत जटिलता देखिएको छ । संघीयता कार्यान्वयनको ४ वर्ष वितिसक्दा समेत संघीय शिक्षा ऐन र नियमावली जारी हुननसकेको कारणले प्रदेश र स्थानीय कानुनहरू तर्जुमा गर्न बाधा उत्पन्न भई शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुनु नसकिरहेको गुनासो सरोकारवालाहरूबाट आइरहेको छ । केन्द्रमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय यस अन्तर्गत विभागीय निकायहरू तथा जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाई रहेको छ । प्रदेश मातहत सामाजिक विकास मन्त्रालय अन्तर्गत शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केन्द्रहरू रहेका छन् । स्थानीय तहमा शाखा र महाशाखाबाट शिक्षा सेवाका १/२ जना कर्मचारीहरूबाट नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापकीय दायित्त्व निर्वाह भइरहेको छ । धेरै स्थानीय तहमा शिक्षा सेवाका कर्मचारी छैनन् अर्थात् अझै पनि पूर्ति हुनसकेको छैन । तत्कालीन निजामती सेवा ऐनमा भएको व्यवस्थाअनुसार नियुक्त कर्मचारीहरूको समायोजन स्थानीय तहमा गरिए पनि पदसोपान अझै व्यवस्थित हुनसकेको छैन । संघीय स्वरूपअनुसार सेवा प्रवाहका लागि आवश्यक संरचना तथा क्षमतामा सुधार गर्नुपर्ने देखिन्छ ।

सुरुङ्गा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शिक्षा सेवाका एकजना शाखा अधिकृत (अधिकृतस्तर आठौं), एकजना अधिकृतस्तर छैठौं र एकजना विद्यालय शिक्षक सेवाका प्रा.शि.द्वितीय श्रेणीका शिक्षकलाई स्रोतव्यक्तिका रूपमा काजमा खटिएका छन् । साविकका जिल्ला शिक्षा कार्यालयबाट सम्पादन भइआएका सम्पूर्ण कार्यहरूको व्यवस्थापन गर्न तीनजना कर्मचारी अपर्याप्त छन् । नगर क्षेत्रभित्रका ३१ ओटा सामुदायिक विद्यालयहरूमा २१६ स्वीकृत दरबन्दी र राहतका शिक्षक छन् । कक्षा ८ सम्म सञ्चालन भइरहेका अधिकांश विद्यालयमा निम्नमाध्यमिक तहमा शून्य वा कम दरबन्दी वा राहतका कारण चरम शिक्षक अभाव झेलिरहेका छन् । माध्यमिक विद्यालयहरूमा समेत शून्य वा कम दरबन्दी तथा राहतका कारण विद्यालयहरू शिक्षक अभावले पिरोलिएका छन् । शैक्षिक गुणस्तर सुधारका कैयौँ दस्तावेजहरू कार्यान्वयन भए तर ती दस्तावेजहरूमा उल्लेखित शिक्षक दरबन्दी थप गर्ने कुरा जस्ताको त्यस्तै रहे । प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरू अन्तर्राष्ट्रिय श्रम संगठनले तोकेको न्यूनतम ज्याला समेतको सुविधाविना अति न्यून पारिश्रमिकमा खटिरहेका छन् । आ.व. २०७८/७९ को बजेट बक्तव्यमा न्यूनतम पारिश्रमिक रू. १५,००० पुर्याउने भनिए पनि त्यसमध्ये रू. ७,००० स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्थाले स्थानीय तहमा स्रोतको अभाव हुने देखिन्छ । प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरूका लागि प्राथमिक तह तृतीय श्रेणी सरको दरबन्दी सिर्जना गरी सुविधा दिने आश्वासन पनि कुहिने गरी बासी भइसकेको छ । अपर्याप्त सुविधाका कारण सहजकर्ता र कर्मचारीहरूमध्ये धेरैजसो अदक्ष र न्यून शैक्षिक योग्यताका नियुक्ति भइ कार्यरत छन् । जुन दीर्घकालीन सोचको अभावका कारण सिर्जित चुनौतीपूर्ण समस्या हो ।

विद्यालयको प्राज्ञिक र प्रशासनिक प्रमुखको रूपमा एकजना प्रधानाध्यपक रहने भनी प्रधानाध्यापकको परिभाषा गरिएको छ । विद्यालयको बागडोर सम्हाल्ने प्रधानाध्यापकको पद छुट्टै हुननसक्दा पठनपाठनबाट बाँकी बचेको समय विद्यालय व्यवस्थापनमा लगाउनुपर्ने वाध्यता रहेको छ । विद्यालय सञ्चालन, व्यवस्थापन र रेखदेख गर्न गठित विद्यालय व्यवस्थापन समिति र विद्यालयमा शैक्षिक गुणस्तर कायम भए-नभएको सुनिश्चित गर्न गठित शिक्षक अभिभावक संघका पदाधिकारीहरूमा आफ्नो भूमिका तथा काम, कर्तब्य र अधिकारप्रति नै अनभिज्ञ छन् । शिक्षक नियुक्ति र भौतिक पूर्वाधार निर्माणमा बढी सक्रिय तर शैक्षिक वातावरणमा सुधार ल्याउने कार्यमा निष्कृय प्राय: छन् । यी समितिको बैठकको एजेण्डामा शिक्षण सिकाइ सुधारका मुद्दाहरूमा विरलै छलफल हुने गर्दछ । भनेजति व्यवस्थापकीय क्षमता विकासको कार्य समेत हुनसकेको छैन । शिक्षक-कर्मचारी स्टाफ बैठकलाई साप्ताहिक बनाउन सकिएको छैन र बैठक बसे पनि शिक्षणसिकाइ प्रक्रियामा सुधार ल्याउने विषयमा कमै छलफल हुने गर्दछ । शिक्षणसिकाइ सुधारका लागि योजना बनाउने र शैक्षिक सामग्री निर्माण, सङ्कलन र उपयोग गर्ने कार्य गर्ने शिक्षक विरलै पाइन्छन् । मूल्याङ्कन प्रक्रियालाई सिकाइको

अभिन्न अङ्गको रूपमा उपयोग गर्ने कार्य भइरहेको छैन। यस्ता यावत समस्याहरू छन् जसले गर्दा विद्यालयको शासकीय प्रबन्ध नतिजामुखी हुनसकिरहेको छैन।

संघीय र प्रदेश शिक्षा ऐनको पर्खाइले लामो समय वितेपनि यस नगरपालिकामा हालसम्म सुरुङ्गा नगरपालिकाको शिक्षा ऐन, २०७७, आधारभूत शिक्षा (कक्षा ८) परीक्षा सञ्चालन, व्यवस्थापन र नियमन कार्यविधि, २०७४, प्रारम्भिक बालविकास नीति, २०७५ र स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७ जारी भई कार्यान्वयनमा आएको छ। विद्यालय शिक्षाको सुदृढीकरणको लागि शिक्षा नियमावली लगायत अन्य आवश्यक निर्देशिका र कार्यविधिहरू आवश्यक छन् । संघीय शिक्षा ऐनको अभावमा स्थानीय तहबाट तर्जुमा गरिएका शिक्षा ऐन तथा नियमावली कार्यान्वयनका सन्दर्भमा अलग अलग धारणा र विश्लेषण भइरहेका छन्। शिक्षकको स्थायी नियुक्ति, बढुवा, अवकाश र अन्तर जिल्ला वा स्थानीय तहमा सरूवासम्बन्धी कार्यबाहेक अन्य विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापनका कार्य स्थानीय तहले प्रबन्ध मिलाउनुपर्ने नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको सूचीबाट प्रष्ट हुन सकिन्छ। संघीय सरकारको नीति निर्माण तहका पदाधिकारीहरूमा विद्यमान पुरानो केन्द्रीय मानसिकताका कारण स्थानीय तहको आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापन गर्ने एकल अधिकारको विषयमा समन्वय र सहकार्यको नाममा कुण्ठित गर्ने कार्य भइरहेको कुरा बुझ्न अप्ठ्यारो छैन। संघीयता कार्यान्वयनको पूर्वार्धमा अस्तित्वमा नरहनुपर्ने जिल्लास्थित कार्यालयहरू अझै विभिन्न सैशोधित नाममा अस्तित्वमा छन्। समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लय र गतिमा तर आ-आफ्ना भिन्नभिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत संरचना, क्षमता विकास र सोअनुसार प्रभावकारी कार्यान्वयन गर्ने थप प्रयास गर्नुपर्ने देखिन्छ।

### ५.१.१ उद्देश्य

नगरपालिका र विद्यालय शिक्षाको शासकीय प्रबन्ध सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु यस योजनाको संस्थागत संरचना र क्षमता विकाससम्बन्धी समग्र उद्देश्य रहेको छ। यसका विशिष्ट उद्देश्यहरू निम्न छन् :

- संघ र प्रदेश सरकारसँगको समन्वय, सहअस्तित्व र सहकारिताका आधारमा विद्यालय शिक्षाको गतिविधि सञ्चालन गर्न संस्थागत व्यवस्था गर्ने।
- कार्यसम्पादनमा उत्तरदायी र नतिजाप्रति जवाफदेही संयन्त्रको व्यवस्थामार्फत शासकीय प्रबन्ध मिलाई विद्यालय शिक्षामा सुशासन अभिवृद्धि गर्ने।
- विद्यालय शिक्षासम्बन्धी आवश्यक कानुन तर्जुमा र कार्यान्वयन गरी संस्थागत संरचना मजवुत बनाउने,
- विद्यालयका विभिन्न समितिमा समावेशितालाई प्रोत्साहित गर्ने।
- विद्यालयका शिक्षक, प्रधानाध्यापक र विभिन्न समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्ने।
- प्रधानाध्यापकको छनौट र नियुक्ति प्रक्रियामा कार्यसम्पादन करार गरी विद्यालयको व्यवस्थापकीय पक्षमा सुधार ल्याउने।

### ५.१.२ रणनीतिहरू

संस्थागत संरचना र क्षमता विकाससम्बन्धी यस योजनाका रणनीतिहरू निम्न छन् :

- संघ र प्रदेश सरकारसँगको समन्वय, सहअस्तित्व र सहकारिता प्रवर्द्धन गरिनेछ।
- प्रधानाध्यापकसंग कार्यसम्पादन करार गर्ने अभ्यास थालिनेछ।
- विद्यालयका शिक्षक, कर्मचारी र विभिन्न समितिका पदाधिकारीहरूको क्षमता विकास गरिनेछ।

- विद्यालय शिक्षा सम्बद्ध मुख्य जिम्मेवार व्यक्ति तथा पदाधिकारीहरूलाई कार्यसम्पादनमा उत्तरदायी र नतिजाप्रति जवाफदेही बनाइनेछ।
- विद्यालयको सर्बाङ्गीण विकासको लागि वास्तविक विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयनमा सहजीकरण गरिनेछ।
- प्रधानाध्यापकलाई शिक्षक सहायता प्रणालीप्रति जिम्मेवार बनाइनेछ।

### ५.१.३ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

| क्र. सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| १ | विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणाली विकास हुने | • विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना र जनशक्ति तयार हुने।<br>• विद्यालय शिक्षाको शासकीय र व्यवस्थापनमा सहभागी हुने सबै निकाय एवम् व्यक्तिहरूको दायित्व र अधिकार स्पष्ट हुने।<br>• विद्यालय शिक्षा सम्बद्ध व्यक्ति, नियका र जनशक्तिको क्षमता सुधार हुने।<br>• विद्याल शिक्षासम्बन्धी कानुन तर्जुमा भई कार्यान्वयन हुने। | • विद्यालय शिक्षासम्बन्धी आवश्यक कानुन तर्जुमा<br>• प्रधानाध्यापकसंग कार्यसम्पादन करार गरी नतिजाप्रति उत्तरदायी र जिम्मेवार बनाउने<br>• शिक्षक सहायता प्रणाली विकास तथा परिचालन<br>• विद्यालय शिक्षा सम्बद्ध निकाय तथा पदाधिकारीहरूको क्षमता विकास<br>• आवश्यकता, क्षमता र व्यापक सहभागितामा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन<br>• अधिकार, जिम्मेवारी र कामको बाँडफाँड |

## ५.२ वित्तीय व्यवस्थापन

उन्नत समाज विकासका लागि बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्न आवश्यक छ। बालबालिकाको शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ। शिक्षामा लगानीले प्रमुख तीन पक्षहरू; सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता, सहभागी सबैलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता र स्रोतको समतामूलक वितरण र उपयोगमा ध्यान दिने गरेको पाइन्छ । संवैधानिक एवम् कानुनी प्रावधानअनुसार मौलिक हकको रूपमा लिई आधारभूत शिक्षा अनिवार्य र नि:शुल्क र माध्यमिक शिक्षा नि:शुल्क हुने व्यवस्था गरेको छ। यसअनुरूप विद्यालय शिक्षामा समतामूलक पहुँचसहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु सरकारको दायित्व भएको छ। यसका लागि स्रोतको खोजी, प्राथमिकीकरण, स्रोतको उचित विनियोज, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी व्यवस्था गर्न जरूरी छ।

संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषयसमेत भएकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ। नेपालको संविधानमा वित्तीय व्यवस्थापन सम्बन्धमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र आन्तरिक ऋणको व्यवस्था गरेको छ। यस्ता अनुदानबाहेक स्थानीय तहले आफ्नै स्रोतमा आधारित बजेट शिक्षा क्षेत्रमा विनियोजन गर्नुपर्ने देखिन्छ। शिक्षामा राज्यको पर्याप्त लगानी समतामूलक र न्यायपूर्ण सामाजिक व्यवस्थाका लागि हुने गर्दछ। एकातिर संवैधानिक प्रावधानले मुलुकले समता र न्यायमा आधारित

समाजवाद उन्मुख राज्य परिकल्पना गर्नु, अर्कोतिर शिक्षा क्षेत्रको लगानी र निजी क्षेत्रको संलग्नता क्रमश: बढ्दै जानुले शिक्षामा लगानीका सम्बन्धमा चुनौती थपिएको छ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकत्रित गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनुपर्ने महत्त्वपूर्ण पक्ष हुन्। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन-कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयमा जति ध्यान पुग्दछ, शैक्षिक लगानीको पक्ष उत्तिनै सक्षम र व्यवस्थित हुन्छ। यो योजना कार्यान्वयनका लागि लगानी र स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरिएको छ। सुरुङ्गा नगरपालिकाको विगत ४ वर्षको शिक्षा क्षेत्रमा बजेट प्रवाहको स्थिति र आ.व. २०७८/७९ को प्रस्तावित बजेट निम्नानुसार रहेको छ।

| आर्थिक वर्ष | शिक्षा क्षेत्रको बजेट (रू. हजारमा) | | | | कुल बजेट (रू. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सशर्त अनुदान | आन्तरिक स्रोत | जम्मा | शिक्षा क्षेत्रको अंश | वित्तीय समानीकरण | सशर्त अनुदान | आन्तरिक स्रोत | जम्मा |
| २०७४/७५ | ९,७०,६४ | १,५०० | ९८,५६४ | | ६९,३९२ | ९३,९७२ | ६८,८९९ | २,३२,२६३ |
| २०७५/७६ | १,२२,३१४ | १०,००० | १,३२,३१४ | | | | | |
| २०७६/७७ | १,४७,९९२ | १०,५८८ | १,४८,५८० | २५.७६ | | | | |
| २०७७/७८ | १,६०,६५८ | १०,१५२ | १,७०,८१० | २४.४२ | ६५७,६२९ | | | |
| २०७८/७९ | १,६३,१८६ | २०,००० | १,८४,२०७ | २४.४२ | १,५०,७०३ | ३,८१,३०० | २३,५०० | ६,७१,९०१ |

संवैधानिक मार्गदर्शन तथा त्यसबाट सिर्जना भएका दायित्त्व, प्राथमिकता तथा जिम्मेवारीले शिक्षा क्षेत्रमा स्रोत तथा लगानीको स्वरूप निर्धारण प्रक्रियाको महत्त्वपूर्ण आधार प्रदान गर्दछन् भने दिगो विकासका लक्ष्य, बालअधिकार, शिक्षासम्बन्धी नेपालले गरेका प्रतिबद्धता, राष्ट्रिय कानुन र नीतिहरू पनि शिक्षामा सार्वजनिक लगानीका आधारहरू हुन्। शिक्षाका सबै तहमा गुणस्तर र पहुँच अभिवृद्धिका विभिन्न कार्यक्रमहरू सञ्चालनका लागि समन्वयात्मक रूपमा स्रोतको खोजी र व्यवस्थापन गर्ने जस्ता प्रयास निरन्तर रूपमा भइरहेका छन्। विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालयमा ल्याउन, टिकाउन र सिकाइका लागि आवश्यक न्यूनतम प्रबन्ध मिलाउन पनि थप लगानी आवश्यक देखिन्छ। शिक्षाको वित्तीय प्रणालीमा संघ, प्रदेश र स्थानीय सरकारका साथै समुदायको साझेदारी रहनेछ। स्रोत साधनको परिचालनका लागि नगरपालिकाको दृढ प्रतिवद्धता, निजी क्षेत्रसँग साझेदारीको प्रबन्ध र समुदायबीच खर्च साझेदारीको आवश्यकता पर्नेछ। यस्ता बहुपक्षीय पद्धति केबल कोष सञ्चालनका लागि मात्र नभई प्रमुख साझेदारहरूबीच सुदृढ स्वामित्व तथा जवाफदेहिताको अभिवृद्धि गर्नुपर्ने हुन्छ। वित्तीय व्यवस्थापन, प्रतिवेदन तयारी र सामाजिक परीक्षणलाई संस्थागत गर्ने सम्बन्धमा सम्बद्ध निकायको क्षमता वृद्धि यस योजनाको अर्को महत्त्वपूर्ण पक्ष हो। समता रणनीतिको कार्यान्वयन र न्यायोचित स्रोत विनियोजनका लागि समतामा आधारित सूत्रको सुदृढीकरण गरी गुणस्तरीय विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँच सुनिश्चित गर्न शैक्षिक लगानीको प्राथमिकीकरण गरिनेछ।

नगर शिक्षा योजनाले आ.व. २०७८/७९ देखि २०८२/८३ सम्मको लागि स्रोत जुटाउनेछ। यस योजनाको अधिकांश हिस्सा आधारभूत शिक्षामा र माध्यमिक शिक्षामा खर्च हुनेछ। शिक्षक अभाव पूर्ति, विज्ञान शिक्षा प्रवर्द्धन, नमुना विद्यालय कार्यक्रम, सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको उपयोग आदि विषयमा लागत समेटिनेछ।

### ५.२.१ उद्देश्य

यस योजनाको कार्यान्वयनका लागि देहायअनुसारका उद्देश्यहरू निर्धारण गरिएका छन् :

- योजना अवधिभर विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,
- शिक्षा क्षेत्रका लागि पर्याप्त वित्तीय स्रोत जुटाउनु र उपलब्ध स्रोतको प्रभावकारी व्यवस्थापन गर्नु,
- पहिचान गरिएका कार्यक्रमहरू कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,
- पहिचान गरिएका कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,
- खर्चको प्रक्रिया र नगरपालिकाको भूमिका र दायित्व स्पष्ट पार्नु,
- लगानीको उपयोगको अवस्था, विधि र प्रक्रिया प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट पार्नु,
- योजना कार्यान्वयनका लागि उपलब्ध सहायताको सक्षमता र प्रभावकारितामा सुधार गर्नु ।

### ५.२.२ रणनीतिहरू

वित्तीय व्यवस्थापनसम्बन्धी उद्देश्य प्राप्तिका लागि अपनाइने रणनीतिहरू निम्न छन् :

- विद्यालय शिक्षामा कानुनमा तोकिएबमोजिम संघीय र प्रदेश सरकारसँग लागत साक्षेदारीमा आर्थिक दायित्व व्यहोरिनेछ ।
- शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी नगरपालिकाको भएकोले शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न जवाफदेही हुने पद्धतिको विकास गरिनेछ ।
- स्रोतको उपयोग गर्ने प्रमुख इकाई विद्यालय हुने भएकाले गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयबाट निर्वाह हुने व्यवस्था गरिनेछ ।
- सुत्र र नतिजामा आधारित स्रोत विनियोजन पद्धतिलाई अङ्गीकार गरिनेछ ।
- वित्तीय व्यवस्थापन प्रणाली र सार्वजनिक खरिद प्रणालीक दृढताका साथ परिपालना गरिनेछ ।
- शिक्षा बजेटमा हुने न्यूनता पूरा गर्नका लागि गैरसरकारी संघसंस्थाहरू परिचालन गरिनेछ ।
- सार्वजनिक सेवा, सामाजिक दायित्व र सेवामूलक व्यवसायका रूपमा विद्यालय सञ्चालन गर्न निजी विद्यालयहरूलाई प्रोत्साहित गरिनेछ ।
- अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, सशर्त र विशेष अनुदानको अवलम्बन गरिनेछ ।
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिनेछ ।
- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सुदृढ गरिनेछ ।

### ५.२.३ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

| क्र. सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| १ | विद्यालय शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, | • विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि आवश्यक स्रोतको पहिचान र परिचालन हुने ।<br>• विद्यालय शिक्षाका हरेक निकायमा कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व निर्वाह भएको हुने ।<br>• मापदण्डका आधारमा खर्च गर्ने | • पाँच वर्षका लागि कार्यक्रमगत स्रोत अनुमान ।<br>• कार्यक्रमहरूको प्राथमिकीकरण ।<br>• विद्यालयहरूमा लेखासम्बन्धी सफ्टवेयर व्यवस्था ।<br>• लगानीको लागि स्थानीय गैससहरूसँग साझेदारी ।<br>• नतिजामा आधारित स्रोत विनियोजन पद्धति |

| क्र.सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| | समता, गुणस्तर र क्षमता विकासमा सुधार आउनेछ। | पद्धतिको विकास हुने<br>• निजी शिक्षण संस्थाहरूले सार्वजनिक सेवा, सामाजिक दायित्त्व र सेवामूलक व्यवसायको रूपमा विद्यालय सञ्चालन गरेको हुने।<br>• स्रोत व्यवस्था र परिचालनमा गैससहरूसँगको साझेदारी विकास भएको हुने।<br>• सबै शिक्षण संस्थाहररूको सामाजिक परीक्षण भएको हुने। | विकास।<br>• विद्यालयको लेखा प्रणाली सुदृढीकरणको लागि लेखासम्बन्धी तालिम सञ्चालन।<br>• विद्यालयहरूबाट शिक्षा ऐन-नियम र आर्थिक ऐन-नियमको परिपालना र दोहोरो लेखा प्रणाली अवलम्बन।<br>• सम्बद्ध सबै संस्थाहरूको लागि सामाजिक परीक्षण अनिवार्य।<br>• योजनामा आधारित स्रोत बाँडफाँड र लगानी गर्ने प्रणालीको स्थापना। |

### ५.२.४ प्रस्तावित कार्यक्रम र बजेट अनुमान

यस खण्डमा योजना अवधिभर कार्यान्वयन गरिने विद्यालय शिक्षाका प्रमुख कार्यक्रमहरू, अन्तरसम्बन्धित विषयहरू र तिनको लागि लाग्ने बजेट अनुमान प्रस्तुत गरिएको छ। उच्च शिक्षातर्फ समन्वय, सहकार्य र साझेदारीका कार्यक्रम समेत समेटिएको छ। सबैका लागि नि:शुल्क र अनिवार्य आधारभूत शिक्षाको सुनिश्चिततासहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम सक्षमताका मापदण्ड पूरा गरी गुणस्तरीय बालविकास सेवा सुनिश्चित गर्नका लागि आवश्यक हुने गरी लागत अनुमान गरिएको छ। माध्यमिक शिक्षालाई नि:शुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना वृद्धि गरी टिकाउ दर बढाउन र व्यावसायिक सीप तथा प्रविधिमा आधारित सिकाइ सुनिश्चित गर्न आवश्यक बजेट समावेश गरिएको छ। पाँच वर्षभित्र आधारभूत र माध्यमिक तहका सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमताका मापदण्ड (PMEC) पूरा गर्ने प्रस्ताव गरिएको छ। विद्यालयको भौतिक अवस्था र गुणस्तर सुधारका लागि शिक्षकको पेशागत विकास र सहायता प्रणालीमा बजेट प्रस्ताव गरिएको छ। नि:शुल्क पाठ्यपुस्तक, छात्रवृत्ति (विपन्न लक्षित समेत), दिवा खाजा, मसलन्द, शिक्षण सिकाइ सामग्री, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन, वैकल्पिक सिकाइ सुदृढीकरण, प्रोत्साहन भत्ता, अभिभावक शिक्षा (सचेतना), अनुगमन तथा मूल्याङ्कन, शिक्षककव क्षमता विकास, योजना/कानुन तर्जुमा, आपतकालीन अवस्थामा शिक्षाको व्यवस्थापन लगायत विषयको लागि बजेट समावेश गरिएको छ।

**विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट (रू. हजारमा)**

| क्र.सं. | उपक्षेत्र | क्रियाकलाप | | ५ वर्षे बजेट | उपक्षेत्रको जम्मा |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | १. | सहजकर्ताहरूका लागि पारिश्रमिक | ४८,७५० | १०७,३०० |
| | | २. | सहजकर्ताहरूका लागि क्षमता विकास तालिम | १,००० | |
| | | ३. | शिक्षणसिकाइ सामग्री अनुदान | ३,००० | |
| | | ४. | भौतिक पूर्वाधार विकास | ३६,००० | |
| | | ५. | डिजिटल (अडियो/भिडियो) सामग्री व्यवस्था | ३,१०० | |
| | | ६. | अभिभावक शिक्षा | ६०० | |

| क्र.सं. | उपक्षेत्र | क्रियाकलाप | | ५ वर्षे बजेट | उपक्षेत्रको जम्मा |
|---|---|---|---|---|---|
| | | ७. | दिवा खाजा | १४,८५० | |
| २. | आधारभूत शिक्षा (कक्षा १-८) | १. | शिक्षक तलब भत्ता | ५००,००० | ८९४,८५० |
| | | २. | स्वयंसेवक शिक्षक परिचालन | २५,००० | |
| | | ३. | विद्यालय कर्मचारी पारिश्रमिक | २५,३५० | |
| | | ४. | नि:शुल्क पाठ्यपुस्तक | २०,००० | |
| | | ५. | छात्रवृत्ति | १०,००० | |
| | | ६. | दिवा खाजा | ६७,५०० | |
| | | ७. | सञ्चालन तथा व्यवस्थापन मसलन्द | ६,००० | |
| | | ८. | कार्यसम्पादन अनुदान | १,२५० | |
| | | ९. | विज्ञान प्रयोगशाला | ६,५०० | |
| | | १०. | पुस्तकालय | ३,२५० | |
| | | ११. | सूचना तथा सञ्चार प्रविधि (ICT) र इन्टरनेट | ६,००० | |
| | | १२. | शैक्षिक गुणस्तर सुदृढीकरण | १,००० | |
| | | १३. | परीक्षा व्यवस्थापन | ६,००० | |
| | | १४. | शिक्षणसिकाइ सामग्री व्यवस्थापन | ६०,००० | |
| | | १५. | विद्यालय खेलकुद प्रतियोगिता | २,००० | |
| | | १६. | अतिरिक्त क्रियाकलापमार्फत विद्यार्थीको प्रतिभाको खोजी कार्यक्रम (Talent Hunt) | १,००० | |
| | | १७. | अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग | ५,००० | |
| | | १८. | नि:शुल्क स्यानिटरी प्याड व्यवस्थापन | ५,००० | |
| | | १९. | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Computer Software) | २,००० | |
| | | २०. | सिकाइ उपलब्धि परीक्षण र नतिजा प्रबोधीकरण | २०० | |
| | | २१. | शिक्षक तालिम (विषय शिक्षण, पाठ्यक्रम, कम्प्युटर विषय शिक्षण, CAS आदि) | ५,००० | |
| | | २२. | भौतिक पूर्वाधार विकास (नमुना विद्यालय समेत) | २५,००० | |
| ३. | माध्यमिक शिक्षा | १. | शिक्षक तलब भत्ता | १२०,००० | १७२,३७५ |
| | | २. | स्वयंसेवक शिक्षक परिचालन | ४,००० | |
| | | ३. | नि:शुल्क पाठ्यपुस्तक | ६,५०० | |
| | | ६. | सञ्चालन तथा व्यवस्थापन मसलन्द | १,९२५ | |
| | | ८. | विज्ञान प्रयोगशाला | ६५० | |

| क्र.सं. | उपक्षेत्र | क्रियाकलाप | | ५ वर्षे बजेट | उपक्षेत्रको जम्मा |
|---|---|---|---|---|---|
| | | ९. | पुस्तकालय व्यवस्थापन | १,३०० | |
| | | १०. | स्मार्ट बोर्ड व्यवस्था | १,००० | |
| | | ११. | शैक्षिक गुणस्तर सुदृढीकरण | १,००० | |
| | | १२. | शिक्षणसिकाइ सामग्री व्यवस्थापन | १०,००० | |
| | | १३. | अतिरिक्त क्रियाकलापमार्फत विद्यार्थीको प्रतिभाको खोजी कार्यक्रम (Talent Hunt) | १,००० | |
| | | १४. | अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग | ५,००० | |
| | | १५. | नि:शुल्क स्यानिटरी प्याड व्यवस्थापन | ५,००० | |
| | | १६. | भौतिक पूर्वाधार विकास (प्राविधिक धार र नमुना विद्यालय समेत) | १५,००० | |
| ४. | उच्च शिक्षा | १. | उच्च शिक्षा शिक्षण संस्थामा फर्निचरसहितको पुस्तकालय व्यवस्थापन | १,००० | ५१,२०० |
| | | २. | विपन्न लक्षित छात्रवृत्ति (स्नातक र स्नातकोत्तर) | २०० | |
| | | ३. | ईञ्जिनियरिङ कलेजको लागि भौतिक पूर्वाधार विकास | ५०,००० | |
| ४. | अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ | १. | साक्षरता अभियान, साक्षर वडा वा नगर घोषणा | २,५०० | ४,५०० |
| | | २. | सामुदायिक अध्ययन केन्द्र स्थापना र सञ्चालन | २,००० | |
| ५. | शिक्षकको पेशागत विकास र सहायता | १. | शिक्षक सहायता परिचालन | ५०० | १,२५० |
| | | २. | शिक्षकहरूबाट शिक्षणसँग सम्बन्धित कार्यमूलक अनुसन्धान र प्रतिवेदन | २५० | |
| | | ३. | अनुभवी शिक्षक वा समकक्षी शिक्षकबाट सुपरिवेक्षण र मेन्टरिङ (कक्षा अवलोकन समेत) | २५० | |
| | | ४. | नवनियुक्त शिक्षकहरूका लागि सेवा प्रवेश तालिम | २५० | |
| ६. | आपतकालमा शिक्षा | १. | वैकल्पिक सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम | ५,००० | ५,००० |
| ७. | व्यवस्थापन र क्षमता विकास | १. | विभिन्न समिति तथा प्रअ बैठक सञ्चालन | १,००० | ३,००० |
| | | २. | विव्यस/अशिसंका पदाधिकारीहरूका लागि क्षमता विकास तालिम तथा अभिभावक सचेतना | १,००० | |
| | | ३. | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली | १,००० | |

| क्र.सं. | उपक्षेत्र | क्रियाकलाप | | ५ वर्षे बजेट | उपक्षेत्रको जम्मा |
|---|---|---|---|---|---|
| | | | सुदृढीकरण | | |
| ८. | अनुगमन तथा मूल्याङ्कन | १. | विद्यालय अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन | १,००० | १,००० |
| | | | **कुल बजेट** | | **१,२४०,४७५** |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

विद्यालय शिक्षाका कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटिहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख छन् वा छैनन् भन्ने कुरा निरश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगतिका सम्बन्धमा नियमित र आवधिक रूपमा निगरानी, निरीक्षण, सुपरिवेक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको जानकारी गराउँदछ । अर्कोतिर शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ र लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यत: कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका क्रममा र सम्पन्न भएपश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायी बनाउन सहयोग गर्दछ ।

मुलुकमा संघीयता कार्यान्वयन भएपछि शैक्षिक अनुगमन र मूल्याङ्कनको कार्य संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालय र स्थानीय तहमा शिक्षा शाखाबाट हुँदै आएको छ । शिक्षण प्रक्रियामा शिक्षकलाई स्थलगत प्राविधिक सहयोगका लागि कुनै संस्थागत प्रबन्ध भएको छैन । तथापि अनुगमन निरीक्षणको कार्य यस नगरपालिकामा साविकभन्दा नियमित र निरन्तर भइरहेको छ ।

कार्यक्रम कार्यान्वयनको प्रभावकारिता उक्त कार्यको निरीक्षण, अनुगमन र पृष्ठपोषण लिनेदिने कार्यमा निर्भर गर्दछ । कार्यान्वयनको वास्तविक अवस्था, कमीकमजोरी पहिचान गरी समाधानका लागि दिशानिर्देश गर्न अनुगमन आवश्यक हुन्छ । नगरपालिकालाई प्राप्त कार्यक्रमलगायत अन्य निरन्तर रूपमा चलिरहने कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नका लागि जनप्रतिनिधिको रायसुझाव र मार्गदर्शनअनुरूप शिक्षा शाखाबाट मासिक, चौमासिक तथा वार्षिक अनुगमन एवम् सुपरिवेक्षण योजना निर्माण गरी कार्यान्वयन गर्नाले कार्यक्रमको प्रभावकारितामा थप सुधार आएको छ । यस कार्यलाई अझ प्रभावकारी तुल्याउन विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको संलग्नतामा नगरपालिकाबाट समूह सुपरिवेक्षण र अनुगमनको कार्य गर्न आवश्यक भएअनुरूप हाल यसको व्यवस्था समेत गरिएको छ । विद्यालय क्षेत्र सुधार योजनाले साधन, प्रक्रिया र प्रतिफलको अनुगमन गर्ने लक्ष्य लिएअनुरूप नगर शिक्षा योजनाले लिएका लक्ष्यहरू हासिल गर्न कार्यक्रम कार्यानवयनमा अनुगमनलाई प्रमुख तत्वका रूपमा लिन थालिएको छ । स्थानीय तहमा आवश्यक कर्मचारी विशेषगरी फिल्ड कर्मचारीको अभावका कारण नियमित अनुगमन एवम् सुपरिवेक्षणको कार्यलाई सुदृढीकरण गर्ने कार्य भइरहेको छ । विगत २ वर्षदेखि नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी र गैसस प्रतिनिधिहरूबाट समूहगतरूपमा विद्यालयहरूको निरीक्षण एवम् अनुगमन गर्ने कार्यको थालनी भएको छ । विद्यालयहरूको भौतिक, शैक्षिक एवम् सामाजिक वस्तुस्थिति बुझी नगरपालिकाबाट प्रवाह हुने विविध कार्यक्रमहरूको वितरण तथा बाँडफाँड गर्ने कार्यलाई

यसले वास्तविक तुल्याउन सहयोग पुगेको छ । आगामी दिनहरूमा पनि यस कार्यलाई निरन्तरता दिनसके अपेक्षित उपलब्धि हासिल गर्न सकिनेछ ।

### ५.३.१ उद्देश्य

नगरपालिका र विद्यालय शिक्षाको शासकीय प्रबन्ध सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु यस योजनाको संस्थागत संरचना र क्षमता विकाससम्बन्धी समग्र उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरू निम्न छन् :

- कार्यक्रमको साधन, प्रक्रिया र परिणामको अनुगमन र योजनाको प्रभाव मूल्याङ्कन गर्ने ।
- कार्यक्रमहरूको अनुगमन गरी कार्यक्रममा प्रभावकारीता ल्याउन सुधार गर्दै जाने ।
- नगरस्तरीय र विद्यालयस्तरीय कार्यक्रमहरूलाई प्रभावकारी बनाउने ।
- शैक्षिक वयवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई प्रभावकारी बनाउने ।
- शाखामा उपलब्ध जनशक्तिको ज्ञान, सीप र क्षमतालाई शैक्षिक प्रवर्द्धनात्मक कार्यमा उपयोग गर्ने ।
- संघ र प्रदेश सरकारसँगको समन्वय, सहअस्तित्व र सहकारिताका आधारमा विद्यालय शिक्षाको गतिविधि सञ्चालन गर्न संस्थागत व्यवस्था गर्ने ।
- कार्यसम्पादनमा उत्तरदायी र नतिजाप्रति जवाफदेही संयन्त्रको व्यवस्थामार्फत शासकीय प्रबन्ध मिलाई विद्यालय शिक्षामा सुशासन अभिवृद्धि गर्ने ।
- विद्यालय शिक्षासम्बन्धी आवश्यक कानुन तर्जुमा र कार्यान्वयन गरी संस्थागत संरचना मजवुत बनाउने,
- विद्यालयका विभिन्न समितिमा समावेशितालाई प्रोत्साहित गर्ने ।
- विद्यालयका शिक्षक, प्रधानाध्यापक र विभिन्न समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्ने ।
- प्रधानाध्यापकको छनौट र नियुक्ति प्रक्रियामा कार्यसम्पादन करार गरी विद्यालयको व्यवस्थापकीय पक्षमा सुधार ल्याउने ।

### ५.३.२ रणनीतिहरू

संस्थागत संरचना र क्षमता विकाससम्बन्धी यस योजनाका रणनीतिहरू निम्न छन् :

- संघ र प्रदेश सरकारसँगको समन्वय, सहअस्तित्व र सहकारिता प्रवर्द्धन गरिनेछ ।
- प्रधानाध्यापकसंग कार्यसम्पादन करार गर्ने अभ्यास थालिनेछ ।
- विद्यालयका शिक्षक, कर्मचारी र विभिन्न समितिका पदाधिकारीहरूको क्षमता विकास गरिनेछ ।
- विद्यालय शिक्षा सम्बद्ध मुख्य जिम्मेवार व्यक्ति तथा पदाधिकारीहरूलाई कार्यसम्पादनमा उत्तरदायी र नतिजाप्रति जवाफदेही बनाइनेछ ।
- विद्यालयको सर्बाङ्गीण विकासको लागि वास्तविक विद्यालय सुधार योजना निर्माण एवम् कार्यान्वयनमा सहजीकरण गरिनेछ ।
- प्रधानाध्यापकलाई शिक्षक सहायता प्रणालीप्रति जिम्मेवार बनाइनेछ ।

### ५.३.३ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

| क्र. सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|

| क्र.सं. | उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|
| १ | विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणाली विकास हुने | • विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना र जनशक्ति तयार हुने ।<br>• विद्यालय शिक्षाको शासकीय र व्यवस्थापनमा सहभागी हुने सबै निकाय एवम् व्यक्तिहरूको दायित्व र अधिकार स्पष्ट हुने ।<br>• विद्यालय शिक्षा सम्बद्ध व्यक्ति, नियका र जनशक्तिको क्षमता सुधार हुने ।<br>• विद्याल शिक्षासम्बन्धी कानुन तर्जुमा भई कार्यान्वयन हुने । | • विद्यालय शिक्षासम्बन्धी आवश्यक कानुन तर्जुमा<br>• प्रधानाध्यापकसंग कार्यसम्पादन करार गरी नतिजाप्रति उत्तरदायी र जिम्मेवार बनाउने<br>• शिक्षक सहायता प्रणाली विकास तथा परिचालन<br>• विद्यालय शिक्षा सम्बद्ध निकाय तथा पदाधिकारीहरूको क्षमता विकास<br>• आवश्यकता, क्षमता र व्यापक सहभागितामा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन<br>• अधिकार, जिम्मेवारी र कामको बाँडफाँड |

अनुगमन तथा मूल्याङ्कन संरचना, भूमिका तथा उत्तरदायित्वको अद्यावधिक प्रतिवेदन ।
परिमार्जित अनुगमन तथा मूल्याङ्कन प्रणालीमा आधारित अनुगमन तथा मूल्याङ्कन योजना ।
सबै विद्यालयहरूको शुद्ध तथ्याङ्क उत्पादन गर्ने ।
योजनाबद्ध शैक्षिक विकास तथा व्यवस्थापन हुने ।
विद्यालयहरूको आर्थिक स्थिति र Performance को परीक्षण हुने ।
समुदायद्वारा योजना निर्माण व्यवस्थापनमा प्र.अ., शिक्षक, वि.व्य.स.मा दक्षता हासिल हुने ।

## ३.२ उपलब्धि

## अपेक्षित उपलब्धि

| विद्यालय क्षेत्र सुधार कार्यक्रममा उल्लिखित क्रियाकलापहरू | | |
|---|---|---|
| क.नं. र नाम | उद्देश्य | आगामी वर्षको अपेक्षित मुख्यमुख्य नतिजाहरू |
| १.प्रारम्भिक बालविकास र शिक्षा | ३-४ वर्ष उमेरका सबै बालबालिकाका लागि आधारभूत शिक्षाको तयारीका निम्ति बालविकास सेवामा पहुँच बढाउने। | ९३% बालबालिकाहरूले बाविकेको सुविधा पाउने। |
| | कक्षा १ मा बालविकास केन्द्रको अनुभव प्राप्त बालवालिकाहरूको भर्नादर बृद्धि गर्ने। | सबै बाविकेहरूले न्यूनतम मापण्ड हासिल गरेका हुने। |
| | | कक्षा १ का विद्यार्थीमध्ये ७३ प्रतिशत बाविकेको अनुभव प्राप्त गरेको हुने। |
| २. आधारभूत शिक्षा | गुणस्तरीय आधारभूत शिक्षामा ५–१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरूको समतामूलक पहुँचको सुनिश्चितता गर्ने।<br>गुणस्तरीय आधारभूत शिक्षाको सूनिश्चितता गर्दै समतामूलक पहुँच बृद्धि गर्ने । विशेष आवश्यकता भएका बालबालिकाहरूको आधारभूत शिक्षाको पहुँचमा सुधार ल्याउने।<br>विद्यालयको भौतिक वातावरण सिकाइ अनुकुल बनाउने।<br>मुल पाठ्यक्रमका अतिरिक्त स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम बाट समेत शिक्षा प्रदान गर्ने।<br>मूल्याङ्कन प्रणालीलाई विश्वसनीय बनाई उपलब्धिस्तर अभिबृद्धि गर्ने।<br>गुणस्तरीय शिक्षा सुदृढीकरणका लागि सबै पक्षमा सुधार गर्ने । छात्राहरूको पहुँचको सुनिश्चितता र लक्षित वर्गका बालबालिकाहरूको शिक्षामा पहुँच बृद्धि गर्ने।<br>विद्यालयहरूको व्यवस्थापन तथा सञ्चालनमा सुधार गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने। | कक्षा १ को खुद भर्नादर ९७% र प्राथमिक तहको भर्ना ९६% हुने । न्यूनतम मापदण्डका ३० वटा नयाँ कक्षाकोठा, १५ वटा शौचालय, १५ वटा छात्रा शौचालय निर्माण र २० वटा विद्ययलहरूको मर्मत सम्भार, ५४५ जनालाई अपाङ्ग छात्रवृत्ति, १२९ जनालाई सिमान्तकृत छात्रवृत्ति पाउने। २ वटा समाहित शिक्षा स्रोतकक्षा सञ्चालन हुने।<br>निमावि तह सम्मका सबै विद्यार्थीहरूले समयमै पाठ्यपुस्तक निःशुल्क रूपमा प्राप्त गर्ने।<br>पाठ्यक्रम, शिक्षक निर्देशिका तथा पाठ्यपुस्तकहरूको पारिमार्जन तथा अद्यावधिक भई प्रत्येक विद्यालयमा व्यवस्था हुने।<br>मुख्य पाठ्यक्रमका अतिरिक्त स्थानीय पाठ्यक्रम र मातृभाषाका पाठ्यक्रम, पा.पु.को विकास भई अध्यापन हुने।<br>निरन्तर मूल्याङ्कन र उपचारात्मक सहयोग भई विद्यार्थीको उत्तीर्ण दर र सिकाइ उपलब्धि अभिवृद्धि हुने ।<br>बहुभाषिक समुदायका विद्यालयहरूमा बहुभाषिक शिक्षण मार्फत उपलब्धि बृद्धि हुने।<br>गुणस्तरीय शिक्षाको न्यूनतम आधार तयार भई अभिवृद्धि हुने।<br>छात्रा, सिमान्तकृत, विपन्नवर्ग, द्वन्द्वपीडित र लक्षित वर्गको<br>शिक्षा पाउने अधिकार सुनिश्चित भई पहुँच बृद्धि हुने। |

| विद्यालय क्षेत्र सुधार कार्यक्रममा उल्लिखित क्रियाकलापहरू | | |
|---|---|---|
| क.नं. र नाम | उद्देश्य | आगामी वर्षको अपेक्षित मुख्यमुख्य नतिजाहरू |
| | | विद्यद्यालयको शैक्षिक वातावरणमा सुधार आई गुणस्तर अभिवृद्धिमा सहयोग पुग्ने । |
| ३. माध्यमिक शिक्षा | माध्यमिक शिक्षाको पहुँच, समता, गुणस्तर तथा सान्दर्भिकतामा सुधार ल्याउने ।<br>विद्यायल बाहिर रहेका बालबालिकाहरूलाई बैकल्पिक शैक्षिक कार्यक्रम मार्फत शिक्षाको अवसर उपलब्ध गराउने ।<br>माध्यमिक शिक्षा<br>सम्मको समतामूलक पहुँच बृद्धि गर्ने ।<br>माध्यमिक तहसम्मको निःशुल्क शिक्षालाई विस्तार र सुदृढ गर्ने ।<br>माध्यमिक तहसम्मको शिक्षाका सबै पक्षहरूमा समतामुलक सहभागिता को अवसर सृजना गर्ने ।<br>गुणस्तरीय शिक्षा सुदृढका सबै पक्षहरूमा सुधार गर्ने। छात्राहरूको पहुँचको सुनिश्चितता र लक्षितवर्गका बाल<br>बालिकाहरूको शिक्षामा पहुँच बृद्धि गर्ने । | विद्यालय बाहिर रहेकाविद्यार्थीहरूले बैकल्पिक माध्यम बाट मा.वि. तहको शिक्षा प्राप्त गर्ने ।<br>उच्च र न्यून नतिजा भएका विद्यालयहरू वीच सहकार्य भई शैक्षिक उपलब्धी सुधार हुने ।<br>मा.वि.तह सम्मका सबै विद्यार्थीहरूले समयमै पाठ्य पुस्तक निःशुल्क रूपमा प्राप्त गर्ने ।<br>गुणस्तरीय शिक्षा को न्यूनतम आधार तयार भई अभिवृद्धि हुने । लक्षित वर्गको शिक्षा पाउने अधिकार सुनिश्चित भई पहुँच बृद्धि हुने ।<br>सिमान्तकृत विपन्न र द्वन्द्वपीडित बाल बालिकाहरूको पहुँचमा वृद्धि हुने ।<br>विद्यालयहरूको शैक्षिक अवस्थामा सुधार आई आधुनिक शैक्षिक प्रविधि तर्फ उन्मुख हुने विद्यालय कर्मचारीहरूको व्यवस्थापन हुने । |
| ४. साक्षरता तथा निरन्तर शिक्षा | युवा तथा प्रौढहरूमा कार्यमूलक साक्षरता तथा आधारभूत सक्षमताको विकास गर्नु ।<br>सामुदायिक अध्ययन केन्द्र मार्फत साक्षरहरूका लागि निरन्तर शिक्षाको अवसर उपलब्ध गराउने ।<br>निम्न आय भएका नवसाक्षरहरूलाई स्वरोजगार सीप प्रदान गरी साक्षरता सीपलाई दिगो बनाउने ।<br>आयमूलक कार्यक्रम मार्फत स्वरोजगारीमा बृद्धि गरी गरिवी न्यूनीकरणमा टेवा पुर्याउने । | साक्षर र नवसाक्षरहरू सशक्तिकृत हुने र उन्नत जीवनयापन गर्न सघाउ पुग्ने ।<br>सूचना तथा सीपमा पहँुच पुग्ने ।<br>३० वटा सामुदायिक अध्ययन केन्द्र स्थापना भई सञ्चालन हुने ।<br>६००० जना नवसाक्षर प्रौढहरूले साक्षरोत्तर शिक्षा प्राप्त गर्ने<br>५४० जना नवसाक्षर महिलाहरूले आयआजर्नका लागि सीप हासिल गर्ने । |

| विद्यालय क्षेत्र सुधार कार्यक्रममा उल्लिखित क्रियाकलापहरू | | |
|---|---|---|
| क.नं. र नाम | उद्देश्य | आगामी वर्षको अपेक्षित मुख्यमुख्य नतिजाहरू |
| ५. शिक्षकको पेशागत विकास | विद्यार्थीहरूको सिकाइ प्रक्रियामा प्रभावकारी रूपमा सधाउ पु¥याउन सबै शिक्षकहरूको योग्यता तथा पेशागत दक्षता, क्षमतामा अभिवृद्धि गर्ने । | शिक्षक तयारी कोर्स र पुनर्ताजगी तालिम मार्फत सबै शिक्षकका पेशागत ज्ञान तथा सीप विकास एवम् अद्यावधिक भएको हुने ।<br>शिक्षकहरूलाई शैक्षिक क्षेत्रका नयाँ नयाँ प्रविधि र सीप हासिल भई शिक्षण सिकाइ क्रियाकलापमा सुधार एवम् सिकाइ उपलब्धि वृद्धि हुने ।<br>शिक्षकको शिक्षण सीपमा अभिवृद्धि भई शिक्षण सिकाइ प्रभावकारी हुने । |
| ६.सेवा प्रवाहको लागि क्षमता अभिवृद्धि | सेवा प्रवाह पद्धतिको कार्यसम्पादनमा अभिवृद्धि गर्नु ।<br>विद्यालय शिक्षाका सरोकावालाहरूको क्षमता अभिवृद्धि गर्नु । | तालिम, सचेतना, अनुसन्धान कार्य तथा प्रोत्साहनका कार्यक्रम मार्फत विद्यालय सञ्चालन तथा कार्य सम्पादनमा सुधार आउने ।<br>व्यक्तिगत क्षमता तथा कामको अवस्थामा सुधार आउने । |
| ७. विद्यालय व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन | | |

नगरपालिकाको अवस्था

| नगरपालिकाको वर्तमान अवस्था | | | |
|---|---|---|---|
| प्राप्त उपलब्धि | कार्यक्रम | समस्या तथा चुनौतीहरू | समाधानका प्रयासहरू |
| ७६.१ प्रतिशत ४ वर्ष उमेरका बालबालिकाले बाविकेको सुविधा पाएका । | ३१६ वटा पुराना र २० वटा नयाँ बालविकास केन्द्र सञ्चालन ।<br>स.का. तालिम सञ्चान । | स.का.को पारिश्रमिक अत्यन्तै न्युन रहेको । | बालविकासको क्षेत्रमा स्थानीय निकायका कार्यक्रम, योजना तथा बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिएको । |
| बाविकेहरू सामग्रीयुक्त र व्यवस्थित हुने । | न्यूनतम मापदण्ड पूरा हुने गरी शैक्षिक सामग्रीहरूको व्यवस्था | सामग्रीका लागि बजेट न्यून | उपलब्ध बजेटको समुचित प्रयोग तथा अन्य सङ्घसंस्थाको सहयोग तथा समन्वयमा कार्यक्रम |

| नगरपालिकाको वर्तमान अवस्था | | | |
|---|---|---|---|
| प्राप्त उपलब्धि | कार्यक्रम | समस्या तथा चुनौतीहरू | समाधानका प्रयासहरू |
| | | | सञ्चालन |
| कक्षा १ का विद्यार्थीमध्ये ४९% बाविकेको अनुभव लिएका । | स्थानीयस्तर र स्रोतकेन्द्रबाट निरीक्षण, अनुगमन । | माग अनुसार बाविके कोटा उपलब्ध गराउन नसकिनु । | उपलब्ध कोटालाई मापदण्ड तयार गरी लक्षित क्षेत्रमा वितरण |
| २ वटा स्रोतकक्षा, १८ गाविसमा अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन, ५४५ जनालाई अपाङ्ग छात्रवृत्ति र १२९ जनालाई सिमान्तकृत छात्रवृत्तिको व्यवस्था ।<br>१ वटा धार्मिक विद्यालयलाई अनुदान, ३० बटा नयाँ कक्षाकोठा, १५ वटा शौचालय, १५ वटा छात्रा शौचालय निर्माण, २० वटा विद्यायलहरूको मर्मत।<br>निरन्तर विद्यार्थी मुल्याङ्कनको सुदृढीकरण र परीक्षा प्रणालीमा सुधार ।<br>कक्षा १ देखि ८ सम्मका सबै विद्यद्यार्थीहरूलाई निःशुल्क पा.पु. वितरण,<br>सरोकारवालाहरूको लागि वार्षिक कार्यक्रम अभिमुखीकरण ।<br>स्थानीय पाठ्यक्रम र निरन्तर मूल्याङ्कन सम्बन्धी अभिमुखिकरण ।<br>कक्षा ८ को प्रश्न पत्र निमार्ण सम्बन्धी कार्यशाला ।<br>दलित,छात्रा,द्वन्द्वपीडित,सिमान्तकृत छात्रवृत्ति वितरण।<br>विद्यालयहरूलाई शैक्षिक सामग्री व्यवस्था तथा शैक्षिक | २० जना अपाङ्ग विद्यार्थीले आवास सुविधा र ५४५ जना अपाङ्गहरू छात्रवृत्तिवाट लाभान्वित हुने । विद्यालयको भौतिक वातावरण सुदृढ हुने ।<br>६५७६ विद्यार्थी हरूको निरन्तर मूल्याङ्कन भई उपलब्धि अभिवृद्धि हुने ।<br>कक्षा १ देखि ८ सम्मका ३९५८९ जना विद्यार्थीहरूले निःशुल्क पा.पु.प्राप्त गर्ने ।<br>सरोकारवालाहरू सुसूचित भई कार्यान्वयनमा प्रभावकारिता आउने,<br>४० जना विषयगत शिक्षक प्रश्न निर्माणमा दक्ष भई प्रश्न बैङ्क तयार हुने ।<br>कक्षा १–८ का ४७५६ जना दलित, १९९२२ छात्रा, ५ जना द्वन्द्वपीडित विद्यार्थीहरूले छात्रवत्ति पाउने<br>भ्क्रम् का ४२५२ जना प्रावि<br>तहका २६२५८<br>जना, निमावि तहका १३३३१ विद्यार्थी बराबर एॐ अनुदान पाउने ।<br>विद्यालय सञ्चालन र | स्रोतकक्षाको आवास व्यवस्थापन गर्न कठिनाइ भएको ।<br>मातृभाषा अध्यापनका लागि छुट्टै शिक्षक व्यवस्था र तालिम नभएको । कार्यक्रम सञ्चालनका लागि स्वीकृत नम्र्स महङ्गी अनुसार अत्यन्त न्यून, बजेट वृद्धि नहुनु ।<br>स्थानीय पाठ्यक्रम निर्माणका लागि दक्ष जनशक्ति नहुनु ।<br>सिकेको सीप कक्षाकोठामा प्रयोग नहुनु ।<br>पाठ्यपुस्तक को रकम अन्य शीर्षक<br>हरूमा खर्च हुनु । शैक्षिक सामग्रीहरूको<br>व्यवस्थापनमा<br>विद्यालयहरूले ध्यान नदिनु ।<br>जिल्लाको प्रस्तावअनुसार को बजेट व्यवस्था नहुनु ।<br>छात्रवृत्तिको रकम समय सापेक्ष अत्यन्त कम हुनाले विद्यार्थीहरूमा खासै प्रभाव नदेखिएको ।<br>एॐ अनुदान<br>रकम कम रहेको ।<br>कर्मचारी ब्यवस्थापनका | लक्षित बर्गको पहिचान, प्राथमिकी करणको आधारमा कार्यक्रमको छनौट तथा वितरण गरिएको ।<br>विद्यार्थी भर्ना तथा निरन्तरताका लागि विद्यार्थी भर्ना अभियान तथा अभिभावक घरदैलो कार्यक्रम, सचेतना कार्यक्रम सञ्चालन गरिएको ।<br>निरन्तर विद्यार्थी मूल्यांकन प्रणालीको पुर्ण कार्यान्वयन का लागि शिकक्षहरू लाईस्रोतकेन्द्र मार्फत उत्प्रेरित तथा प्राविधिक सहायता उपलब्ध गराइएको । |

| नगरपालिकाको वर्तमान अवस्था | | | |
|---|---|---|---|
| प्राप्त उपलब्धि | कार्यक्रम | समस्या तथा चुनौतीहरू | समाधानका प्रयासहरू |
| वातावरण सुधारका लागि प्रति विद्यार्थी अनुदान वितरण विद्यालय सञ्चालन र कर्मचारी वयवस्थापनका लागि तहगत रूपमा एकमुष्ट अनुदान वितरण। | कर्मचारी वयवस्थापनका लागि तहगत रूपमा एकमुष्ट अनुदान वितरण। | लागि स्पष्ट निर्देशिका तयार नभएको।<br>एक्रँ रकम गुणस्तर अभि वृद्धिमा कम खर्च हुने गरेको। | |
| ५० जना विद्यार्थीहरू बैकल्पिक शिक्षा मार्फत क्ीऋ उतीर्ण हुने।<br>कक्षा ९ र १० का<br>६४३१ जना र कक्षा ११ – १२ का ९३३ विद्यार्थीहरू<br>ले निःशुल्क पा.पु.प्राप्त गर्ने<br>९१४ विद्यार्थी बराबर प्रति विद्यार्थी लागत अनुदान प्राप्त गर्ने।<br>मा.वि.हरूका ४८८<br>जना दलित विद्यार्थीहरूले छात्रवृत्ति पाउने।<br>५ जना द्वन्द्वपीडित, ८६४ जना गरिव तथा जेहेनदार, ६४ जना अपाङ्ग र ६ जना सिमान्तकृत विद्यार्थीहरूले मा.वि. तहको छात्रवृत्ति पाउने।<br>१८वटा विद्यालयहरू मा पुस्तकालय,<br>मा.वि.,उ.मा.वि. तहका ९१४ विद्यार्थी वरावर एक्रँ अनुदान पाउने।<br>६६वटा मा.वि.हरूले सञ्चालन मसलन्द र कर्मचारी वयवस्थापन अनुदान प्राप्त गर्ने। | १ वटा खुला विद्यालय सञ्चालन,<br>उच्च र न्यून विद्यालय सहकार्य<br>कक्षा ९ र १० सम्मका सबै र ११–१२का लक्षित वर्गका विद्यार्थीहरू लाई निःशुल्क पाठ्य पुस्तक वितरण।<br>विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान (शिक्षक विद्यार्थी<br>अनुपातका ँबिकज क्षक्ष् का आधारमा)वितरण।<br>दलित छात्रवृति ,द्वन्द्वपीडित छात्रवृत्ति,<br>माध्यमिक शिक्षा छात्रवृत्ति वितरण<br>विद्यालयहरू लाई पुस्तकालय,कम्प्युटर र इन्टरनेट व्यवस्थाका लागि सहयोग।<br>विद्यालयहरूलाई शैक्षिक सामग्री व्यवस्था तथा शैक्षिक वातावरण सुधारका लागि प्रतिविद्यार्थी अनुदान वितरण।<br>विद्यालय सञ्चालन र कर्मचारी व्यवस्थापनका | माध्यमिक शिक्षाको गुणस्तर र सान्दर्भिकतामा सुधारका लागि कार्यक्रम अप्रयाप्त हुनु।<br>माध्यमिक शिक्षामा अझै सबैको पहुँच पुग्न नसक्नु।<br>नतिजामा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन नहुनु।<br>उपलब्धीस्तर एकदमै न्युन हुनु।<br>ठूलो संख्यामा अनुमतिमात्र पाई विद्यालयलय सञ्चालन हुन र न्यूनतम मापदण्ड समेत पूरा नहुनु।<br>विद्यमान विद्यालय शिक्षा प्रति विद्यार्थी तथा अभिभावकको विश्वास नहुनु। | प्राप्त कार्यक्रमलाई जिल्लाको आवश्यकता, वस्तु स्थिति तथा कार्यक्रम कार्यान्वयन निर्देशिका मा उल्लेखित आधार लाई ध्यान दिई सञ्चालन गरिएको।<br>शैक्षिक उपलब्धी सुधारका लागि विद्यालय तथा स्रोत केन्द्रलाई कार्ययोजना बनाई कार्यान्वयन गर्न लगाईको।<br>मागको आधारमा भन्दा आवश्यकताको आधारमा मात्र विद्यालय खोल्ने, अपग्रेड गर्ने र सञ्चालित विद्यालय लाई न्यूनतम पूर्वाधारयक्त बनाउने रणनीति साथ स्थानीय निकाय, सघ संस्था गैससको समेत परिचालन गरिएको। |

| नगरपालिकाको वर्तमान अवस्था | | | |
|---|---|---|---|
| प्राप्त उपलब्धि | कार्यक्रम | समस्या तथा चुनौतीहरू | समाधानका प्रयासहरू |
| | लागि तहगत रूपमा एकमुष्ठ अनुदान वितरण। | | |
| सामुदायिक अध्ययन केन्द्रको स्थापना र संचालन। साक्षरता र साक्षरोत्तर सिकाइका कार्यक्रमहरूको विस्तार र सुदृढीकरण आयआर्जनका लागि महिला समूह गठन भई सीपमूलक व्यवसाय गर्न सीप हासिल। | ३० वटा सा.अ. केन्द्र मार्फत साक्षरोतर , निरन्तर शिक्षा प्रदान। ६००० प्रौढ र महिलाहरूलाई निरन्तर शिक्षा प्राप्त ८१० जना महिलाहरू सीपयुक्त हुने। | नम्र्स अत्यन्त थोरै भएको, बजेट अपर्याप्त भएको। माग अनुसार सा.अ. केन्द्र उपलब्धगराउन नसक्नु। पुराना आय आर्जनका समूहहरूलाई पुनर्ताजगी तालिम उपलब्ध गराउन नसक्नु। | सामुदायिक अध्ययन केन्द्रलाई गाविस तथा अन्य संघ संस्थासँग समन्वय गराई कार्यक्रम सञ्चालन गरिएको जिल्ला अनौपचारिक शिक्षा समितिबाट आवश्यकताका आधारमा निर्णय गरी कार्यक्रम सञ्चालन गर्ने गरिएको। |
| शिक्षकको पेशागत विकासका लागि आवश्यकतापहिचान गरी तालिमका विषयहरू तय गर्ने। शिक्षकका आवश्यकता अनुसार १० दिने टि.पी.डि. शिक्षक तालिम मोड्युल सञ्चालन। पेशागत कामसँग सम्बन्धित परियोजना कार्य तयारी। त्क्ष्ए तयारी। अन्तरविद्यालय अवलोकन भ्रमण। | ३०० जना शिक्षक हरूले १० दिने तालिम प्राप्त गर्ने। ३०० वटा त्क्ष्ए तयार हुने। | ँबअभ तय ाबअभ तालिमका लागि ५ दिनको अवधि छोटो भएको। तालिमको नमर्ुस अत्यन्त थोरै भएको । प्याकेज तयारीमा दक्ष जनशक्तिको कमी। प्रोजेक्ट वर्क तयारीमा शिक्षक हरू उदासिन। | जिल्लास्तरमा रोष्टर प्रशिक्षकहरूलाई पुर्नताजगी प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन, सिएफओबाट प्राविधिक अडिट, मोड्युल सामाग्री विकासमा सहजीकरण, तालिम कार्यक्रमको अनुगमन तथा पृष्ठपोषण। |
| विद्यालयको व्यवस्थापकीय क्षमता सुधार तथा सुशासनका सम्बन्धी सरोकारवालाहरूलाईतालिम सञ्चालन गर्ने। विद्यार्थी प्रतिभा पहिचान। ४०५ विद्यालयमा वाल क्लब गठन तथा परिचालन। शैक्षिक प्रदर्शनी तथा सञ्चार | !^@) hgf k\|=c=, lj=Jo=;= kbflwsf/Lx¿sf] Ifdtf ljsf; x'g] . !* j6} ;\|f]ts]Gb\| dfljBfno gSzfIg cBfjlws x'g] . ;~rf/sf] pkof]u x'g] . k\|ltefsf] vf]hL x'g] . | बढ्दो महँगी अनुसार नम्र्स थोरै हुनु। बजेट थोरै हुनु। तालिमको अवधिकम हुनु। सरोकारवालाहरूको उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गर्ने प्रयास अप्रयाप्त हुनु। विद्यालय | सामाजिक परीक्षण मार्फत विद्यालयका गतिविधिमा सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्ने प्रयास गरिएको। विद्यालयमा अभिभावक भेला मार्फत विद्यालयका गतिविधि प्रस्तुत गरी पृष्ठपोषण लिने कार्य गर्न |

| नगरपालिकाको वर्तमान अवस्था | | | |
|---|---|---|---|
| प्राप्त उपलब्धि | कार्यक्रम | समस्या तथा चुनौतीहरू | समाधानका प्रयासहरू |
| माध्ययमको उपयोग। विद्यालयनक्शांकनको विश्लेषण | $)% ljBfnodf jfn Snj u7g eO{ z}lIfs ;]jf k|jfxdf u'0f:t/ १६२० जना प्र.अ., वि.व्य.स. पदाधिकारीहरूको क्षमता विकास हुने। १८ वटै स्रोतकेन्द्र माविद्यालय नक्शाङ्कन अद्यावधिक हुने। सञ्चारको उपयोग हुने। प्रतिभाको खोजी हुने। ४०५ विद्यालयमा वाल क्लव गठन भई शैक्षिक सेवा प्रवाहमा गुणस्तर बढ्ने। | शासनमासरोकारवालाहरू को अर्थपूर्ण सहभागिता हुन नसक्नु पारदर्शिता र सुशासनका लागि थप प्रयासको जरुरी | लगाइएको। विद्यालका सम्पूर्ण गतिविधिहरू सार्वजनिकीकरण गर्ने अभ्यासको थालनी गरिएको। सरोकारवालाहरूको जिम्मेवारी , दायित्व, काम कर्तव्य सम्बन्धमा क्षमता विकास तालिम सञ्चालन गरिएको। |
| विद्यालय स्तरीय र जिल्ला स्तरीय योजना र वर्षिक योजना तथा कार्यक्रम तयारी। चौमासिक प्रगति र वाषर्ि्िाक अवस्था प्रतिवेदन। नियमित निरीक्षण, अनुगमन। शैक्षिक बुलेटिन प्रकाशन। स्रोतकेन्द्र, वि.नि. क्षेत्र व्यवस्थापन, सुदृदिकरण र परिचालन। विद्यार्थी परिचयपत्र कर्यान्वयन। जिल्लाको आफ्नै प्रस्तावित कार्यक्रम सञ्चालन। | विद्यालयहरूको स्तर पुन मुल्याङ्कन । कार्यक्रमको नियमित अनुगमन र व्यवस्थापन हुने। नगर शिक्षा योजना, विद्यालय सुधार योजना र वाषर्ि्िाक योजना तथा कार्यक्रम तयारी हुने चौमासिक रुपामा बुलेटिन प्रकाशन हुने १८ वटा स्रोतकेन्द्र हरू र ५ वटा निरीक्षण क्षेत्र मार्फत निरीक्षण अनुगमन तथा कार्यक्रम संचालन हुने। सव इन्जिनियर मार्फत विद्यालय भौतिक सुधारको अनुगमन हुने। जि.पाठ्यक्रम व्यवस्थाप समितिको बैठक हुने। | अनुगमन र व्यवस्थापनको बजेट अत्यन्त न्यून रहेको। योजना निर्माण सम्बन्धी बजेट न्यून रहेको। कार्यक्रम संचालनका लागि स्वीकृत खर्च गर्ने नम्र्स अत्यन्त कम रहेको। समय सापेक्ष नभएको। आराम हुन्छ भन्ने भावनाले स्रोतव्यक्तिमा शिक्षकहरू आउने गरेको। सामाजिक परीक्षण प्रभावकारी हुन नसकेको। गाउँ शिक्षा समिति प्रभावकारी हुन नसकेको। | जिल्ला तथा स्रोतकेन्द्रस्तरमा कार्यक्रम बारेमा आ.व.को शुरुमै अभिमुखीकरण गरी समझदारीको विकास गेरर कार्यक्रम सञ्चालन गरिएको। सघन निरीक्षण तथा समूह निरीक्षण कार्य शुरु गरिएको। |

## ३.३ प्राथमिकता

- बालबालिकाको सर्बाङ्गीण विकासका लागि समुदाय र विद्यालयमा आधारित बालविकास केन्द्र स्थापना र सञ्चालन गर्ने,
- विद्यालय उमेर समूका विद्यालयबाहिर रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षाको अवसर उपलब्ध गराउने,
- विद्यालयको भौतिक सुविधा विस्तार गरी सबैका लागि शिक्षाको पहँुच पु¥याउन सहयोग पु¥याउने ।
- प्रौढ निरक्षरहरूलाई साक्षरता कार्यक्रममार्फत् साक्षर बनाउने ।
- साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रमहरू प्रभावकारीरूपमा सञ्चालन गर्न सामुदायिक अध्ययन केन्द्र स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने ।
- साक्षरता कार्यक्रममार्फत् साक्षर भएका तर न्यून आय भएका वर्गलाई आयआर्जन कार्यक्रम सञ्चालन गरी स्वरोजगारमूलक सीप प्रदान गर्ने ।
- विशेष आवश्यकता भएका बालबालिकाहरूका लागि शिक्षामा पहुँच बढाउने ।
- शिक्षाको मूलधारमा आउन नसकेका बालबालिकाहलरूलाई उनीहरूको अनुकूल हुने गरी सिकाइ आवश्यकता परिपूर्ति गर्ने ।
- लैङ्गिक सचेतना कार्यक्रम सञ्चालन गरी लैङ्गिक समानताको भावना विकास गराउने ।
- गुणस्तरीय शिक्षाको लागि संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- शिक्षकहरूको पेशागत दक्षता अभिबृद्धि गरी विद्यार्थी सिकाइलाई प्रभावकारी बनाउने ।
- जिल्ला र स्थानीय तहको निरीक्षण र अनुगमन प्रणालीलाई प्रभावकारी तुल्याउने ।
- विद्यालयको भौतिक तथा व्यवस्थापकीय पक्षको सुधारका लागि सहयोग अभिवृद्धि गर्ने ।

## ३.४ जिल्लाका विद्यमान समस्या, अवसर तथा चुनौतीहरू

### ३.४.१ समस्याहरू

- योजनामा निहीत कार्यक्रम कार्यान्वयन गर्दा विगतमा भौगोलिक अवस्था र सूचना तथा सञ्चारको प्रभावकारी व्यवस्थाको अभावले गर्दा माथिल्लो निकायबाट प्राप्त हुने कार्यक्रम तथा बजेट÷अख्तियारीको निकासा फुकुवा समयमा नआउँदा कार्यक्रम सञ्चालनमा बाधा परेको ।
- प्रत्येक स्रोतकेन्द्रमा स्रोतव्यक्तिको व्यवस्था नभएका कारण स्रोतकेन्द्रगत कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न नसकिएको ।
- जिल्लामा विद्यालय निरीक्षकहरूको पद सङ्ख्याका आधारमा पदपूर्ति हुननसक्दा कार्यक्रम कार्यान्वयनमा अझै समस्या उत्पन्न भएको ।
- कतिपय कार्यक्रमहरूको सञ्चालन निर्देशिका तथा सामग्री समयमा प्राप्त नभएकाले कार्यक्रम सञ्चालन गर्न बाधा परेको ।
- विद्यालयसँग प्रत्यक्षरूपमा सम्बन्धित विभिन्न निकायहरू विव्यस, शिक्षक अभिभावक संंघ, स्थानीय निकाय र सर्वसाधारण सरोकारवालाहरूको सहभागिता र अपनत्वको भावनाको आशातीत रूपमा विकास हुन नसक्दा सञ्चालित कार्यक्रम भने जति उद्देश्यमूलक र दीगो हुुन नसकेको ।
- कतिपय कार्यक्रमहरू आ.व.को अन्तिम समयमा प्राप्त हुन आएको हुँदा पूर्व योजना र तयारी साथ प्रभावकारी रूपमा कार्यक्रम सम्पन्न गर्न अवरोध महशुस भएको ।

### ३.४.२ अवसरहरू

- शिक्षाका कार्यक्रमहरू राष्ट्रिय अभियानको रूपमा सञ्चालन गरिने र राष्ट्रिय मूल बजेट प्रवाह हुने प्रमुख प्राथमिकताका कार्यक्रमहरूको पहिचान भएको।
- स्थानीय तहमा शिक्षाको दीगो विकासको लागि शिक्षाको राष्ट्रिय लक्ष्य हासिल गर्न अभिभावक र समुदायको प्रतिबद्धता जाहेर भएको।
- सरोकारवालाहरू शैक्षिक व्यवस्थापनको निर्णय प्रक्रिया र स्रोत परिचालनमा उत्तरदायी एवम् उत्साही देखिएको।
- शैक्षिक सेवाहरूको विस्तार र सुधारमा एकरुपता ल्याउन राजनीतिक पार्टी र नागरिक समाजको समेत सहयोग र समर्थन प्राप्त भएको।
- सबैका लागि शिक्षाको सफल कार्यान्वयनबाट देशभर सेवा प्रवाहमा दक्षता बृद्धि भई विद्यालय क्षेत्र सुधार कार्यक्रम सञ्चालन गर्न आवश्यक पूर्वाधार तयार भएको।
- विद्यार्थीको सक्रिय सहभागिता र सिकाइका लागि सेवा प्रदान गर्न मन्त्रालयको संयन्त्रको आन्तरिक क्षमता र दक्षतामा आवश्यक बृद्धि भएको।
- सबैका लागि शिक्षा कार्यक्रमबाट शिक्षा क्षेत्रमा पहँुच र गुणस्तर सुधारको लागि योगदान पुगेको।
- बालबालिकाहरूका लागि गुणस्तरीय शिक्षामा समान पहुँच र अवसरमा बृद्धि गर्न विभिन्न विकास साझेदार संस्था र अन्तर्राष्ट्रिय समुदायको साझा प्रतिबद्धता जाहेर भएको।
- सबैका लागि शिक्षा र अन्य उपक्षेत्रका कार्यक्रमहरूबाट बनेका भौतिक पूर्वाधारहरूलाई जग बनाई विद्यालय क्षेत्र सुधार कार्यक्रम एकीकृत रूपमा कार्यान्वयन र विस्तार गर्न मजबुत आधारशीला निर्माण भएको।

### ३.४.३ चुनौतीहरू

- विद्यालय सञ्चालन र व्यवस्थापनमा राजनैतिक प्रभाव पर्नु।
- विद्यालय उमेरका ५% भन्दा बढी बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच पुग्न नसक्नु।
- बालबालिकाहरूको बीचैमा विद्यालय छाड्ने र पुनःकक्षा दोहो¥याउने दर उच्च हुनु।
- अझै घर र विद्यालयमा शिक्षासम्बन्धी सामाजिक एवम् लैङ्गिक विभेद कायमै रहनु।
- बिशेष किसिमको आवश्यकता भएका बालबालिकाहरूका चाहना र आवश्यकतालाई पहिचान गरी सम्बोधन गर्न नसकिनु।
- भौगोलिक, जातीय र आर्थिक विविधताका कारण सबैका लागि समान र समतामूलक शैक्षिक सेवा र सुविधा प्रवाह तथा वितरण हुन नसक्नु।
- गुणस्तरीयताको अवस्था अझै पनि न्युन रहेको छ। विस्तारै क्रमिकरूपमा शिक्षाको गुणस्तरमा सुधार भए तापनि शैक्षिक सुधारका लागि गुणस्तर शब्द अझै ओझेलमा पर्नु।
- विद्यालयस्तरीय पाठ्यक्रमलाई बालमैत्री, बालमनोविज्ञानमा आधारित बनाई सबै तहका बालबालिकाहरूका लागि समय सान्दर्भिक, स्तरयुक्त र आवश्यकता पूरा गर्ने खालको बनाउन नसकिनु।
- अझै पनि ठूलो जनसङ्ख्या निरक्षर रहनुले तिनीहरूलाई साक्षर बनाई सान्दर्भिक र जीवनोपयोगी सीप प्रदान गर्न नसकिनु।
- सुधारका लागि अभै**m** पनि विद्यमान् संरचना र पद्धतिको क्षमतामा बृद्धि गर्न संस्थागत, सङ्गठनात्मक र वैयक्तिक सक्षमता बृद्धि हुन नसक्नु।

- विद्यालयहरूमा समुदायको बढ्दै गएको सहभागिता र अपनत्वको भावनालाई साकार पारी विकेन्द्रीकरणको सिद्धान्तलाई व्यवस्थिततरूपमा कार्यान्वयन गर्न कठिनाइ देखिनु ।

३.५

## खण्ड – चार
## दूरदृष्टि, लक्ष्य तथा कार्यक्रम, कार्यान्वयन रणनीति, कार्यान्वयन योजना

### ४.१ दूरदृष्टि

सुरुङ्गा नगरपालिकाको भावी शैक्षिक दूरदृष्टि निम्नानुसार छन् :-

- जिल्लाको वर्तमान साक्षरता दर, विद्यार्थीको खुद भर्नादर, छात्रा भर्नादर, दलित भर्नादर आदि जस्ता शैक्षिक सूचकहरू विभिन्न कार्यक्रममार्फत् लक्षित राष्ट्रिय मान समान पुगेको हुनेछ ।
- शिक्षक तथा विद्यार्थीहरूको विद्यालयमा नियमितता आई विद्यालय शान्ति क्षेत्रका रूपमा विकसित भई विना कुनै अवरोध विद्यालय सञ्चालन हुनेछन् ।
- शिक्षामा पहुँच, गुणस्तर बृद्धि तथा संस्थागत क्षमता सुधारका लागि स्थानीय गैरसरकारी सङ्घसंस्था तथा स्थानीय निकाय आदिको माध्यमबाट विव्यस, सामुदायिक सङ्घसंस्था, शिक्षक अभिभावक सङ्घ आदि सक्रिय सहभागी हुनेछन् ।

### ४.२ लक्ष्य तथा कार्यक्रम

योजना कार्यान्वयन अवधिभर सबैका लागि शिक्षा (२००४-२००९), माध्यमिक शिक्षा सहयोग कार्यक्रम (२००३-२००८), शिक्षक शिक्षण आयोजना, जस्ता क्षेत्रगत अवधारणा अनुरूपका कार्यक्रमहरू कार्यान्वयन भएपनि आ.व. ०६६/०६७ देखि यी सबै कार्यक्रमहरूलाई विस्थापन गरी विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६-२०७२) कार्यान्वयन पश्चात हाल मुलुकभर विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३-२०८०) लागू भएको ५ वर्ष भइसकेको छ । यसमा राखिएका लक्षित कार्यक्रम एवम् क्रियाकलापहरू विद्यालय क्षेत्र सुधार कार्यक्रममा आधारित छन् । जिल्लाको भौगोलिक, सामाजिक र आर्थिक अवस्था, उपलब्ध साधन र स्रोत तथा नेपाल सरकारको नीति निर्देशनहरू समेतका आधारमा आगामी वर्षहरूमा जिल्लामा निम्न अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गरिने एवम् निरन्तरता दिइनेछ :-

| कार्यक्रम | क्रियाकलापहरू |
|---|---|
| विद्यालय क्षेत्र सुधार कार्यक्रम (३५०८०३३/४) | १) प्रारम्भिक बालविकास तथा शिक्षा<br>• पुराना बालविकास केन्द्र सञ्चालन<br>• नयाँ बालविकास केन्द्र स्थापना र सञ्चालन<br>• प्रत्येक विद्यालयमा बालविकास केन्द्र सञ्चालन<br>२) विद्यालय शिक्षामा पहुँचको सुनिश्चितता<br>• नयाँ प्राथमिक शिक्षा विस्तार कार्यक्रम<br>• विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम<br>• विशेष आवश्यकता भएका बालबालिकाहरूका लागि शिक्षा<br>• वैकल्पिक आधारभूत शिक्षा कार्यक्रम<br>३) साक्षरता तथा निरन्तर शिक्षा |

| कार्यक्रम | क्रियाकलापहरू |
|---|---|
| | • सामुदायिक अध्ययन केन्द्र सञ्चालन र व्यवस्थापन<br>• आयआर्जन कार्यक्रम सञ्चालन<br>• साक्षरता अभियान र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन<br>४) शैक्षिक गुणस्तर अभिवृद्धि<br>• विभिन्न भाषाभाषीहरूका लागि शैक्षिक सामग्री<br>• एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS)<br>• शिक्षामा सूचना तथा सञ्चार प्रविधि सञ्चालन र व्यवस्थापन<br>• पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिकासम्बन्धी प्रबोधीकरण<br>• स्थानीय पाठ्यक्रम निर्माण तथा प्रबोधीकरण<br>• विद्यार्थी मूल्याङ्कन र निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली<br>• निःशुल्क पाठ्यपुस्तक<br>• विद्यालय स्तरीकरण<br>५) शिक्षक शिक्षा र विकास<br>• शिक्षकको पेसागत विकास तालिम<br>• बहुभाषिक शिक्षा तालिम<br>• क्ष्ऋत् ष्ल भ्मगअबतष्यल तालिम<br>• प्रअ व्यवस्थापन तथा नेतृत्व क्षमता अभिवृद्धि तालिम<br>• शैक्षिक योग्यता बृद्धि कार्यक्रम<br>• नवप्रवेशी शिक्षक तथा कर्मचारीहरूका लागि सेवा प्रवेश तालिम<br>६) प्रभावकारी सेवा प्रवाहका लागि क्षमता अभिवृद्धि कार्यक्रम<br>• विद्यालय व्यवस्थापनसम्बन्धी क्षमता विकास तालिम<br>• स्रोतकेन्द्रस्तरीय दक्षता अभिवृद्धि कार्यक्रम<br>• समुदायबाट व्यवस्थापन हुने विद्यालयलाई प्रोत्साहन अनुदान<br>• कम्प्युटर तथा पुस्तकालय जोडकोष अनुदान<br>७) विद्यालय व्यवस्थापन तथा अनुगमन<br>• योजना, अनुगमन र मूल्याङ्कन<br>• निरीक्षण क्षेत्र÷स्रोतकेन्द्र व्यवस्थापन एवम् सुदृढीकरण<br>• अनुसन्धान क्रियाकलाप<br>• ब्क्षिए, बध्एद्य, म्भ्ए, ख्भ्ए, क्ष्ए निर्माण<br>• विद्यालय पुनःसंरचनाका लागि अनुदान<br>• गाउँ शिक्षा समितिका लागि अनुदान<br>८) प्रोत्साहन तथा सहयोग<br>• दलित छात्रवृत्ति<br>• छात्रा छात्रवृत्ति<br>• अपाङ्ग छात्रवृत्ति<br>• लक्षित समूह विद्यार्थीका लागि छात्रवृत्ति |

| कार्यक्रम | क्रियाकलापहरू |
|---|---|
| | • माध्यमिक शिक्षा छात्रवृत्ति<br>• द्वन्द्वपीडित छात्रवृत्ति<br>९) कार्यक्रम व्यवस्थापन<br>• विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनका लागि अनुदान<br>• लेखापरीक्षण/सामाजिक परीक्षणका लागि अनुदान<br>• जिल्ला प्रारम्भिक बालविकास समितिका लागि व्यवस्थापन खर्च<br>१०) PCF का आधारमा Non-salary अनुदान<br>• PCF का आधारमा Non-salary recurrent cost अनुदान<br>• विद्यालय कर्मचारी व्यवस्थापन खर्च<br>• विद्यालय सञ्चालन मसलन्द खर्च |
| शिक्षक तलब भत्ता तथा शिक्षक अनुदान | १०) शिक्षक तलब तथा निवृत्तिभरण अनुदान<br>• प्राथमिक तथा निम्नमाध्यमिक तह<br>• माध्यमिक तथा उच्चमाध्यमिक तह |

## ४.३ कार्यक्रम कार्यान्वयन रणनीति

प्रचलित शिक्षा ऐन तथा स्थानीय स्वायत्त शासन ऐनले शिक्षा क्षेत्रमा योजना निर्माण तथा कार्यान्वयन लगायतका कार्यहरू विकेन्द्रीकरणको सिद्धान्तका आधारमा गर्ने व्यवस्था गरेको छ । जसले स्थानीय समुदायलाई आप्**m**नो वास्तविक शैक्षिक समस्याहरू पहिचान गरी तिनको निदानका लागि योजना निर्माण गर्ने तथा योजना कार्यान्वयनका लागि स्रोत परिचालनका निमित्त सरोकारवालाहरूलाई प्रोत्साहित गर्दछ । यसैको अभ्यासस्वरुप विगत केही वर्षयता स्थानीय स्तरमा विद्यालय सुधार योजना, गाउँ शिक्षा योजना र नगर शिक्षा योजना निर्माण तथा सोहीअनुसार कार्यान्वयन गर्ने कार्यको थालनी गरिएको छ । नगर शिक्षा योजना भनेको विद्यालय सुधार योजना र गाउँ शिक्षा योजनाका आधारमा तयार गरिएको योजनाको समष्टिगत रुप हो । नगर शिक्षा योजनालाई कार्यान्वयन गर्नका लागि हरेक वर्ष पूरक योजनाको रूपमा वार्षिक रणनीतिक कार्यान्वयन योजना तथा बजेट तयारी गरिन्छ । आगामी वर्षका लागि दिशानिर्देश गर्न तयार गरिएको यस नगर शिक्षा योजना तपसिल बमोजिमका सिद्धान्तमा आधारित रही े कार्यान्वयन गरिनेछ ः–

- विकेन्द्रीकरण **:-** सम्बन्धित सरोकारवालाहरूकै सक्रिय सहभागिता र प्रत्यक्ष संलग्नतामा उनीहरूसँग सरोकार राख्ने कुनै पनि कार्यक्रमको योजना निर्माण, कार्यान्वयन, अनुगमन÷मूल्याङ्कन तथा प्रतिफल उपभोग गराउने विकेन्द्रीकरणको मर्मलाई आत्मसात गर्दै आगामी आर्थिक वर्षका कार्यक्रमहरू तयारी तथा सञ्चालन गरिनेछन् । यसक्रममा विकेन्द्रीकरणकै अवधारणा अनुसार विद्यालय सुधार योजना तथा गाउँ शिक्षा योजनाको निर्माणका साथै कार्यान्वयन गर्न प्रोत्साहन तथा सहजीकरण गरिनेछ । विद्यालयहरूलाई स्थानीय साधन स्रोतको अधिकतम उपयोग गर्दै आफ्ना आवश्यकताहरू अनुसार प्राथमिकीकरण गरी कार्य सञ्चालन गर्न प्रोत्साहन गरिने र विद्यालयहरूको व्यवस्थापन स्थानीय समुदायद्वारा नै सक्रिय रुपले गराउने विगतको व्यवस्थालाई निरन्तरता दिइनेछ । यसैगरी नेपाल सरकारले निर्धारण गरेको े बजेटको परिधिभित्र रही विद्यालयहरूलाई विद्यालय सुधार योजना कार्यान्वयनका लागि एकमुष्ट अनुदान रकम तथा अन्य सशर्त अनुदानहरू समेत उपलब्ध गराइनेछ ।
- विद्यालयमा आधारित लगानी **:-** जिल्लामा सञ्चालन गरिने शैक्षिक सुधारका लागि जिल्ला तहमा आवश्यक पर्ने बाहेक सम्पूर्ण अनुदान रकम सरल तरिकाले समयमा नै विद्यालयको खातामा जम्मा गरिने विगत देखिको व्यवस्थालाई निरन्तरता दिइनेछ । विभिन्न प्रकारका छात्रवृत्तिका रकमहरू, विद्यालयका शिक्षक तथा बालविकास

केन्द्र तथा वैकल्पिक विद्यालय प्रणाली अन्तर्गतका कक्षाका सहयोगी कार्यकर्ताहरूको पारिश्रमिक रकम, विद्यालय÷बाल विकास केन्द्र÷वैकल्पिक विद्यालय प्रणालीका कक्षाहरूका लागि आवश्यक शैक्षिक सामग्री वापतको रकम, एक्रँ ल्यल(कबबिचथ अनुदान, मसलन्द खर्च आदि वापत प्रदान गरिने रकमहरू सम्बन्धित विद्यालय÷मातृ विद्यालयको खातामा नै निकासा गर्ने गतविगत देखिको अभ्यासलाई निरन्तरता दिइनेछ । यसैगरी गाविसमार्फत् सञ्चालन गरिने गाउँ शिक्षा योजना निर्माण÷कार्यान्वयन, महिला साक्षरता कक्षा आदिको रकम समेत सम्बन्धित गाविसमार्फत् पठाइनेछ । स्रोतकेन्द्रमा सञ्चालन गरिने कार्यक्रमको रकम स्रोतकेन्द्रमै पठाइनेछ । यस व्यवस्थाबाट विनियोजित बजेटको ठूलो अंश विद्यालयमा पुग्नेछ ।

- सरोकारवालाहरूको सशक्तीकरण :- सम्बन्धित सरोकारवालाहरू नै सक्रिय र सशक्त नभई कुनै पनि कुराको विकास सजिलै हुँदैन भन्ने तथ्यलाई मनन गरी सरोकारवालाहरूलाई सक्रीय, सक्षम र उत्तरदायी बनाउन विभिन्न क्रियाकलापहरू सञ्चालन गरिनेछन् । यस उद्देश्यले प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूका लागि वर्तमान शैक्षिक नीति तथा कार्यक्रमहरूका बारेमा जानकारी प्रदान गर्ने तथा आपू**m**लाई आवश्यक पर्ने योजना निर्माण गर्ने सम्बन्धमा आवश्यक सूचना प्रदान गर्न योजना तथा व्यवस्थापनसम्बन्धी क्षमता विकास तालिम एवम् कार्यशाला सञ्चालन गरिनेछ । यसबाट नेपाल सरकारको प्रचलित नीति तथा कार्यक्रमअन्तर्गत रहेर राम्रो प्रकारको विद्यालय सुधार योजना तयार भई सफल कार्यान्वयन समेत हुनजानेछ । अभिभावकहरूको सचेतनाका लागि समेत समुदाय परिचालनका कार्यक्रमहरू सञ्चालन गरिनेछन् । कक्षाकोठाभित्रको अध्ययन अध्यापनलाई अझ बढी प्रभावकारी बनाउनका लागि शिक्षकहरूलाई मागमा आधारित पुनर्ताजगी तालिम, सेवाकालीन तालिम एवम् पेसागत विकास कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
- **Advocacy & Partnership :-** आगामी वर्षहरूमा जिल्लामा सञ्चालन गर्न प्रस्ताव गरिएका शैक्षिक कार्यक्रमहरूलाई अझ बढी प्रभावकारी र सम्बन्धित सबैको पहुँचयोग्य बनाउन विभिन्न अभियानहरू सञ्चालन गरिनेछन् । यस्ता अभियानहरू सञ्चालन गर्दा स्थानीय सरकारी तथा गैह्रसरकारी सङ्घसंस्थाहरू, स्थानिय निकायहरू, विभिन्न सामुदायिक सङ्घसंस्था तथा समूहहरू आदिसँगको साझेदारीमा सञ्चालन गरिनेछ । विद्यालय उमेर समूहका बालबालिका सबैलाई विद्यालयमा भर्ना गराउन र भर्ना भएकाहरूलाई टिकाउनका लागि विभिन्न प्रकारका अभियानहरू, शैक्षिक प्रदर्शनी, चेतनामूलक कार्यक्रमहरू तथा समुदाय परिचालनका विविध कार्यक्रमहरू विभिन्न सङ्घसंस्थाहरू तथा समूहहरूको साझेदारीमा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
- नतिजामा आधारित अनुगमन तथा सुपरिवेक्षण :- निरन्तर अनुगमन तथा सुपरिवेक्षणद्वारा समयमै उचित पृष्ठपोषण प्रदान गरेर कार्यक्रमको सफल कार्यान्वयनको सुनिश्चितता प्रदान गर्न सजिलो हुन्छ । तसर्थ आगामी आ.व.मा सञ्चालन गर्न प्रस्ताव गरिएका शैक्षिक सुधारका कार्यक्रमहरूलाई नियमित निरीक्षण, सुपरिवेक्षण र अनुगमन गर्न जिल्ला, स्रोतकेन्द्र, गाविस, स्थानिय समुदाय, विद्यालय सबै तहलाई सक्रिय गराइनेछ । स्थानीय र निकट अनुगमन तथा मूल्याङ्कन नै बढी प्रभावकारी हुने भएकाले विद्यालयमा आधारित विद्यालय सुधार योजना लगायत गाविसहरूबाट तयार गरिने गाउँ शिक्षा योजना तथा नगर शिक्षा योजनामा नै अनुगमन तथा सुपरिवेक्षणका लागि आवश्यक व्यवस्था मिलाई कार्यान्वयन गरिनेछ । विद्यालय  तहमा प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारी तथा अभिभावकहरू समेतबाट नियमित अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गर्न प्रोत्साहित गरिनेछ । स्रोतकेन्द्रबाट हाल भइरहेको सुपरिवेक्षण व्यवस्थालाई अझ बढी नियमित र प्रभावकारी बनाउन पहल गरिनेछ ।
- सामाजिक परीक्षण, लेखापरीक्षण तथा सूचना :- प्रत्येक निकायमा प्राप्त हुने साधन र स्रोतलाई सबैको जानकारीमा आउने गरी पारदर्शी तरिकाले सार्वजनिक गर्ने व्यवस्था गरिनेछ । यसका लागि विद्यालयमा प्राप्त जुनसुकै प्रकारका आयव्ययको विवरण प्रत्येक महिना सार्वजनिक रूपमा टाँस गर्ने र त्यस सम्बन्धमा कुनै

सरोकारवालाहरूले जानकारी लिन चाहेमा यथार्थ विवरण तत्काल दिनुपर्ने व्यवस्थालाई प्रभावकारी बनाइनेछ । यसैगरी आयव्यय सार्वजनिक गरेर मात्र उद्देश्य पूरा नहुने तथा स्रोतको सही र उद्देश्यपूर्ण सदुपयोग भयो भएन भनी पहिचान गर्नका लागि रजिष्टर्ड लेखापरीक्षकद्वारा कानुनी लेखापरीक्षणका साथै अभिभावकहरू सम्मिलित टोलीद्वारा सामाजिक परीक्षण समेत गर्नुपर्ने व्यवस्थालाई प्रभावकारी तुल्याइनेछ । लेखापरीक्षणबाट औंल्याइएका बुँदाहरूका बारेमा तत्काल आवश्यक कारवाही समेत गर्ने व्यवस्था मिलाइनुका साथै यी सम्पूर्ण कार्यहरूको च्भउयचतष्लन सम्बन्धित सबै निकायहरूमा गरिनेछ । जिल्ला तहमा समेत प्रत्येक महिनाको आयव्यय सार्वजनिक गर्ने विगतदेखिकै परम्परा कायम राखिनेछ ।

- लैङ्गिक मूलप्रवाहीकरण **:-** समाजमा पछिपरेका जात, वर्ग र लिङ्गका व्यक्तिहरूलाई शिक्षाको मूलधारमा ल्याई समाजका हरेक गतिविधिमा समान सहभागिता गराउनका लागि यस्ता वर्गका व्यक्तिहरूलाई लक्षित गरी छात्रवृत्ति, तालिम जस्ता प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । जिल्लादेखि विद्यालय तहसम्म हुने विभिन्न प्रकारका तालिम, गोष्ठी जस्ता कार्यक्रमहरू तथा विद्यालयमा हुने शिक्षण सिकाइ क्रियाकलापहरूमा समेत यस पक्षलाई विशेष ध्यान दिइनेछ । विभिन्न तहमा गठन हुने विभिन्न किसिमका समिति तथा कार्यदल, सञ्चालन गरिने गोष्ठी तालिम आदिमा समेत यस प्रकारको सहभागितामा पूर्ण ध्यान पुर्याइनेछ । विद्यालयहरूमा रिक्त शिक्षक दरबन्दीमा नेपाल सरकारको नीति अनुरूप नयाँ शिक्षक नियुक्ति गर्दा महिला तथा पिछडिएको समुदायका व्यक्तिहरू नियुक्ति गर्ने कार्यलाई प्रोत्साहित एवम् पुरस्कृत गरिनेछ ।

माथि उल्लिखित आधारभूत मार्गदर्शनका आधारमा आगामी आ.व.का लागि शैक्षिक कार्यक्रमहरू कार्यान्वयन गर्दा आधारभूत तथा माध्यमिक शिक्षामा निम्नानुसारका कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन र व्यवस्थापन गर्न आवश्यक देखिन्छ **:-**

### ४.३.१ आधारभूत शिक्षा

- स्थानीय गैरसरकारी सङ्घसंस्था, सामुदायिक संस्थासँगको साझेदारीमा विशेषगरी पिछडिएको वर्गको क्षेत्र तथा घना जनसङ्ख्या भएका गाउँ एवम् टोलहरूमा समुदायमा आधारित बालविकास केन्द्र सञ्चालन गरिनेछ ।
- स्थानीय तहमा शैक्षिक योजना निर्माण र कार्यान्वयनका निमित्त सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरी गाउँ शिक्षा योजना तथा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन गर्न लगाइनेछ । गाउँ शिक्षा योजना कार्यान्वयनका लागि एकमुष्ट अनुदान र विद्यालय सुधार योजना कार्यान्वयनका लागि तथा निःशुल्क पाठ्यपुस्तक र व्यवस्थापन खर्चको वितरणका लागि प्रति विद्यार्थी लागतका आधारमा विद्यालयहरूलाई अनुदान उपलब्ध गराइनेछ ।
- भौगोलिक विकटताका कारण विद्यालयको पहुँच पुग्न नसकेका बालबालिका अत्यधिक रहेको क्षेत्र पहिचान गरी वैकल्पिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- साक्षरता सर्वेक्षणका आधारमा अत्यधिक निरक्षर रहेको स्थानमा साक्षरता कक्षा सञ्चालन गरिनेछ । सोको लागि बढी भन्दा बढी स्थानीय सङ्घसंस्थाहरूलाई परिचालन गरिनेछ ।
- विद्यालयमा पिछडिएको वर्गका केटाकेटी र छात्राहरूको पहुँचमा बृद्धि गर्न सम्पूर्ण दलित विद्यार्थी तथा सबै छात्राहरूलाई छात्रवृत्ति रकम उपलब्ध गराइनेछ ।
- शिक्षामा गुणस्तर अभिवृद्धिका लागि स्थानीय गैरसरकारी संस्था तथा स्थानीय निकायहरूको साझेदारीमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- विद्यालयको भौतिक अवस्थाको प्रोफाइल तयार गरी सोका आधारमा भौतिक अवस्था कमजोर रहेका विद्यालयहरूको प्राथमिकीकरण गरी विद्यालय भौतिक सुविधा विस्तार गर्न शिक्षा क्षेत्रमा कार्य गर्ने गैरसरकारी संस्थाहरूसँगको साझेदारीमा कार्य गरिनेछ ।

### ४.३.२ माध्यमिक शिक्षा

- गरीब तथा जेहन्दार विद्यार्थीको अध्ययनलाई निरन्तरता दिनको लागि विद्यालय व्यवस्थापन समिति मार्फत् विद्यार्थी पहिचान गरी माध्यमिक शिक्षा छात्रवृत्ति वितरण गरिनेछ।
- दलित तथा पिछडिएको वर्गका विद्यार्थीहरूले शुल्क तथा पाठ्यपुस्तक जुटाउन नसकेको कारण पढाइ छाड्न नपरोस् भन्ने उद्देश्यले त्यस्ता विद्यार्थीहरूबाट विद्यालयमा तिर्नुपर्ने शुल्कको व्यवस्थापन र विद्यालय सुधार योजना कार्यान्वयनका लागि विद्यार्थी सङ्ख्याका आधारमा विद्यालयलाई अनुदान रकम उपलब्ध गराइनेछ।
- सिकाइ सामग्री निर्माण तथा खरिद एवम् पुस्तकालय व्यवस्थापनको लागि एकमुष्ट अनुदान दिइनेछ।
- शिक्षक तथा विद्यालय व्यवस्थापना समितिका पदाधिकारीहरूको क्षमता विकासका लागि आवश्यकता अनुसारको तालिमको व्यवस्था गरिनेछ।
- धेरै वर्षदेखि निजी स्रोतमा सञ्चालन गरी पूरा दरबन्दी नपाएका विद्यालयहरूलाई प्राथमिकताको आधारमा राहत स्वरुप शिक्षक अनुदान कोटा उपलब्ध गराइनेछ।
- विद्यार्थीहरूको पढाइका साथै सर्बाङ्गीण विकासका लागि अतिरिक्त क्रियाकलापसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- योजनामा समावेश गरिएका सम्पूर्ण कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय निकाय र गैरसरकारी सङ्घसंस्थाहरूसँग सहकार्य एवम् साझेदारी गरी कार्य सम्पादन गर्ने रणनीति अपनाइनेछ।

### ४.४ कार्यक्रम कार्यान्वयन योजना

खासगरी नगर शिक्षा योजना (२०७८/७९-२०८२/८३) कार्यान्वयन अवधिभर कार्यान्वयनमा आउने तर तिनको कार्यान्वयनका बखत समस्या देखापर्ने कार्यक्रम एवम् क्रियाकलापहरूलाई मात्र समेटी कार्यक्रमगत रूपमा समस्या, चुनौती, समस्या समाधानका उपाय र कार्यान्वयनमा सक्रियता देखाउनुपर्ने निकायहरूका बारेमा चर्चा गरिएको छ। हालसम्मको कार्यक्रम कार्यान्वयनको अनुभव र सिकिएका पाठका आधारमा मुख्यमुख्य क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनको लागि यस कार्ययोजनाले स्पष्ट दिशा प्रदान गर्ने अपेक्षा गरिएको छ।

| क्र. सं. | कार्यक्रमको नाम | मुख्य रणनीतिहरू | रणनीतिक क्रियाकलापहरू |
|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास तथा शिक्षा | १. पुराना बाल विकास केन्द्रहरूको भौतिक तथा शैक्षिक व्यवस्थापनमा सुधार ल्याइनेछ।<br>२. विभिन्न सरकारी, गैरसरकारी, सामुदायिक र निजी सङ्घसंस्थाहरूलाई ECD खोल्न प्रोत्साहन गरी जिशिकाबाट आवश्यक सेवा, टेवा तथा सहजीकरण सुविधा उपलब्ध गराइनेछ।<br>३. सबै विद्यालयहरूलाई बाविके सञ्चालन गर्न प्रोत्साहित गरिनेछ। | १. विभिन्न सङ्घसंस्थाहरूसँग समन्वय गरी आर्थिक स्रोत जुटाउने, स.का.लाई पुनर्ताजगी तालिम प्रदान गर्ने।<br>२. स्थानीय सङ्घसंस्थाहरूसँग सहकार्य गर्ने।<br>३. प्रत्येक वर्ष दुई पटक स.का.हरूको अर्धवार्षिक सिकाइ आदान प्रदान कार्यशाला सञ्चालन गरिनेछ। |
| २. | आधारभूत शिक्षा | १. शिक्षामा दलित, पिछडिएको समुदायका, सीमान्तकृत वर्ग, अपाङ्ग बालबालिका तथा छात्राहरूको पहुँच, समता र निरन्तरता अभिवृद्धि गरिनेछ। | १. विभिन्न किसिमका तोकिएको छात्रवृत्तिहरू प्रदान गर्ने, पा.पु. रकम, पि.सि.एफ. रकम र अन्य अनुदान रकम निकासा दिने। |

| क्र. सं. | कार्यक्रमको नाम | मुख्य रणनीतिहरू | रणनीतिक क्रियाकलापहरू |
|---|---|---|---|
| | | २. गाविस, राजनैतिक दल तथा अन्य सरोकारवालाहरू समेतको सहयोगमा विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम प्रभावकारी रुपले सञ्चालन गरिनेछ।<br>३. विद्यालयमा विद्यार्थीहरूलाई आकर्षित गर्न र अभिभावक शिक्षाको लागि स्रोतकेन्द्रगत सडक नाटक, लोकगीत प्रतियोगिता, आमभेला, बाल क्लब गठन, बालर्याली, शैक्षिक प्रदर्शनी, विद्यार्थी भर्ना, टिकाउ तथा उपलब्धिमा सुधार सप्ताह जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>४. कक्षा १–३ सम्म अङ्ग्रेजी माध्यमबाट शिक्षण गर्न प्रोत्साहित गरिनुका साथै त्रयभाषिक नीति अपनाइनेछ।<br>५. नमुना विद्यालय घोषणा र नमुना जिल्ला अभियान सञ्चालन गरिनेछ। | २. जिल्लास्तरीय, स्रोतकेन्द्रस्तरीय र विद्यालयस्तरीय समिति निर्माण गरी कार्यक्रम सञ्चालन गर्ने।<br>३. अतिरिक्त क्रियाकलाप र सहक्रियाकलाप सञ्चालन गरी विद्यार्थी प्रतिभाको खोजी गरिने ।<br>४. गुरुकूल, गुम्बा र धार्मिक विद्यालय शिक्षाका कक्षाहरू सञ्चालन गर्ने।<br>५. विद्यालय साक्षरता समूह गठन र परिचालन गरी विद्यालय साक्षरता कार्यक्रम सञ्चालन गर्ने।<br>६. नमुना विद्यालयहरूमा कक्षा १–३ सम्म अङ्ग्रेजी माध्यमबाट शिक्षण सञ्चालन गरिने र आवश्यकता अनुसार त्रयभाषिक नीतिलाई कार्यान्वयन गर्दै लगिने।<br>७. सक्षम विद्यालयहरूलाई नमुना विद्यालयका रूपमा विकास गरी क्रमशः नमुना जिल्ला घोषणा गरिनेछ। |
| ३. | माध्यमिक शिक्षा | १. शिक्षामा दलित, पिछडिएको समुदाय, सीमान्तकृत वर्ग र अपाङ्ग बालबालिका तथा छात्राहरूको पहुँच, समता र निरन्तरता अभिवृद्धि गरिनेछ।<br>२. गाविस, राजनैतिक दल तथा अन्य सरोकारवालाहरू समेतको सहयोगमा विद्यार्थी भर्ना, टिकाउ तथा उपलब्धिमा सुधार कार्यक्रम प्रभावकारी रुपले सञ्चालन गरिनेछ।<br>३. विद्यालयमा विद्यार्थीहरूलाई आकर्षित गर्न र अभिभावक शिक्षाको लागि स्रोतकेन्द्रगत सडक नाटक, लोकगीत प्रतियोगिता, आमभेला, बाल क्लब, बालर्याली, शैक्षिक प्रदर्शनी, विद्यार्थी भर्ना, टिकाउ तथा उपलब्धिमा सुधार सप्ताह जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>४. नमुना विद्यालय घोषणा र नमुना जिल्ला अभियान सञ्चालन गरिनेछ। | १. विभिन्न किसिमका छात्रवृत्ति प्रदान गर्ने, निःशुल्क पा.पु. रकम, पि.सि.एफ. रकम र अन्य अनुदान रकम निकासा दिने।<br>२. जिल्लास्तरीय, स्रोतकेन्द्रस्तरीय र विद्यालयस्तरीय समिति निर्माण गरी कार्यक्रम सञ्चालन गर्ने।<br>३. अतिरिक्त क्रियाकलाप र सहक्रियाकलाप सञ्चालन गरी विद्यार्थी प्रतिभाको खोजी गरिनेछ।<br>४. विद्यालय साक्षरता समूह गठन र परिचालन गरी विद्यालय साक्षरता कार्यक्रम सञ्चालन गर्ने।<br>५. सक्षम विद्यालयहरूलाई नमुना विद्यालयका रूपमा विकास गरी क्रमशः नमुना जिल्ला घोषणा गरिनेछ। |

| क्र. सं. | कार्यक्रमको नाम | मुख्य रणनीतिहरू | रणनीतिक क्रियाकलापहरू |
|---|---|---|---|
| ४. | साक्षरता तथा निरन्तर शिक्षा | १. निरक्षर सङ्ख्या बढी भएको क्षेत्रको पहिचान गरी अनौपचारिक शिक्षाका कार्यक्रमहरू सघन रूपमा (त्यस क्षेत्रबाट निरक्षरता उन्मूलन हुने गरी) सञ्चालन गरिनेछ।<br>२. नवसाक्षर प्रौढहरूका लागि साक्षरोत्तर शिक्षा तथा आयआर्जन कार्यक्रम सञ्चालन गरी स्वरोजगारी सिर्जना गरिनेछ।<br>३. विद्यालय साक्षरताका कार्यक्रमहरू सञ्चालन गर्न जोड दिइनेछ। | १. शिक्षकको पेशागत सङ्घसंस्था, राजनैतिक दल, पत्रकारहरू, सरकारी तथा गैरसरकारी सङ्संस्था, समाजसेवी बुद्धिजीवि र सरोकारवालाहरूसँग समन्वय गर्ने।<br>२. साक्षरोत्तर शिक्षा र आय आर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने।<br>३. विद्यालय साक्षरता समूह गठन र परिचालन गरी विद्यालय साक्षरता कार्यक्रम सञ्चालन गर्ने। |
| ५. | प्राविधिक शिक्षा तथा व्यावसायिक सीप | १. विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालन गरी प्राविधिक तथा व्यवसायिक शिक्षामा पहँच बढाइनेछ।<br>२. विद्यालयहरूमा सूचना तथा प्रविधिमा आधारित शिक्षा कार्यक्रमको विस्तार गरिनेछ। | १. प्राविधिक तथा व्यावसायिक शिक्षा धार र एनेक्स कार्यक्रम सञ्चालनका लागि शिक्षक तथा अन्य अनुदान निकासा दिइने।<br>२. क्ष्ऋत् ष्ल भ्मगअबतष्यल सञ्चालनका लागि अनुदान उपलब्ध गराई विद्यार्थीहरूलाई कम्प्युटर शिक्षा प्रदान गर्ने। |
| ६. | शिक्षक शिक्षा तथा विकास | १. सबै शिक्षकहरूलाई आवश्यकता प्रमाणिकरणका आधारमा पेसागत विकास तालिम दिइनेछ।<br>२. प्रअ नेतृत्व क्षमता विकास गरी विद्यालयहरूको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।<br>३. अङ्ग्रेजी माध्यमबाट शिक्षण, बहुभाषिक शिक्षण सम्बन्धी तालिम सञ्चालन गरी शिक्षकहरूमा सक्षमता अभिवृद्धि गरिनेछ। | १. आवश्यकता सङ्कलन र प्राथमिकीकरण गरी प्याकेज निर्माण गरेर सम्पूर्ण शिक्षकहरूलाई ३ मोड्युलमा ३० कार्य दिने तालिम दिने।<br>२. प्रअ नेतृत्व क्षमता विकास तालिम दिने।<br>३. आवश्यकता अनुसार शिक्षक छनोट गरी अङ्ग्रेजी माध्यमबाट शिक्षण, बहुभाषिक शिक्षण सम्बन्धी तालिम सञ्चालन गर्ने। |
| ७. | प्रभावकारी सेवा प्रवाहका लागि क्षमता विकास | १. स्थानीय सरोकारवालाहरूको संलग्नतामा विद्यालय सुधार योजना र गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन गर्ने कार्यलाई गैसस समेतको साझेदारी र सहयोगले प्रभावकारी बनाइनेछ।<br>२. सरोकारवालाहरूको संस्थागत तथा व्यवस्थापकीय सक्षमता अभिवृद्धिका लागि विभिन्न तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ। | १. विव्यस पदाधिकारी, शिअसं पदाधिकारी, शिक्षक, विद्यार्थी र सरोकारवालाहरूलाई तालिम दिने।<br>२. शैक्षिक संस्थाहरूको संस्थागत क्षमता विकासका लागि विभिन्न खालका तालिम सञ्चालन गर्ने।<br>३. शिक्षा ऐन तथा नियमावली अनुरूप विव्यस, शिअसं गठनको कार्य गर्ने।<br>४. आम्दानी र खर्च (आयव्यय) सार्वजनिक |

| क्र. सं. | कार्यक्रमको नाम | मुख्य रणनीतिहरू | रणनीतिक क्रियाकलापहरू |
|---|---|---|---|
| | | ३. विव्यस र शिक्षक अभिभावक संघ गठनको कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ।<br>४. आर्थिक नियमितता, जिम्मेवारी तथा पारदर्शीता सुनिश्चित गर्न विद्यालयमा विव्यस, शिअसं एवम् सामाजिक परीक्षण समितिबाट क्यअष्ब िब्गमष्त गराई आम्दानी खर्च सार्वजनिक गराउनुपर्ने नीति अवलम्बन गरिनेछ। | गरी आर्थिक पारदर्शिता कायम गराउने कार्यक्रम सञ्चालन गर्न लगाइने।<br>५. विद्यालय अनुदान निकासालाई कार्य कुशलता र कार्यसम्पादनसँग आबद्ध गरिने। |
| ८. | अनुगमन तथा प्रतिवेदन | १. मासिक अनुगमन तथा निरीक्षण योजना र कार्यान्वयन मार्पmत स्रोतकेन्द्रस्तरीय र निरीक्षण क्षेत्रस्तरीय अनुगमनलाई प्रभावकारी बनाइनेछ।<br>२. सामूहिक सुपरीवेक्षणको कार्यक्रमलाई नियमित र अझ प्रभावकारी तुल्याइनेछ।<br>३. अन्य विषयगत कार्यालयहरू, राजनैतिक दल, पत्रकार, शिक्षकका पेसागत सङ्घसंस्थाहरूबाट समेत विद्यालय अनुगमन हुने गरी संयन्त्र विकास गरिनेछ। | १. स्रोतव्यक्ति, विद्यालय निरीक्षकबाट मासिक योजना तयारी र नियमित निरीक्षण गराई प्रतिवेदन लिने । जिल्लाको समष्टिगत प्रतिवेदन क्षे.शि.नि. पठाउने।<br>२. जिशिका कर्मचारी, शिक्षकको पेशागत सङ्घसंस्थाका प्रतिनिधि, राजनैतिक दल, पत्रकार आदिको सहभागितामा सामूहिक सुपरिवेक्षण गरी प्रतिवेदन सार्वजनिक गर्ने र प्रतिवेदन क्षेशिनि र शिक्षा विभाग पठाउने। |

## खण्ड-पाँच
## अनुगमन तथा प्रतिवेदन

कार्यक्रम कार्यान्वयनको प्रभावकारिता उक्त कार्यको निरीक्षण, अनुगमन र पृष्ठपोषण लिनेदिने कार्यमा निर्भर गर्दछ । कार्यान्वयनको वास्तविक अवस्था, कमीकमजोरी पहिचान गरी समाधानका लागि दिशानिर्देश गर्न अनुगमन आवश्यक हुन्छ । जिल्लालाई प्राप्त कार्यक्रमलगायत अन्य निरन्तर रूपमा चलिरहने कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नका लागि विद्यालय निरीक्षक एवम् स्रोतव्यक्तिहरूबाट मासिक, चौमासिक तथा वार्षिक अनुगमन एवम् सुपरिवेक्षण योजना निर्माण गरी कार्यान्वयन गर्ने गरिए बमोजिम कार्यक्रमको प्रभावकारितामा थप सुधार आएको छ । यस कार्यलाई अझ प्रभावकारी तुल्याउन विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको संलग्नतामा जिशिकाबाट समूह सुपरिवेक्षण र अनुगमनको कार्य गर्न आवश्यक भएअनुरूप हाल यसको व्यवस्था समेत गरिएको छ । विद्यालय क्षेत्र सुधार योजनाले साधन, प्रक्रिया र प्रतिफलको अनुगमन गर्ने लक्ष्य लिएअनुरूप नगर शिक्षा योजनाले लिएका लक्ष्यहरू हासिल गर्न कार्यक्रम कार्यानवयनमा अनुगमनलाई प्रमुख तत्वका रूपमा लिन थालिएको छ । जिल्लामा आवश्यक कर्मचारी विशेषगरी फिल्ड कर्मचारीको अभावका कारण नियमित अनुगमन प्रभावित भएपनि स्रोतकेन्द्रको अवधारणा बमोजिम स्रोतकेन्द्रस्तरबाट नियमित सुपरिवेक्षण एवम् अनुगमनलाई सुदृढीकरण गर्ने कार्य भइरहेको छ । विगत केही वर्षदेखि जिशिअ र जिशिकामा कार्यरत अन्य कर्मचारीहरूबाट समूहगतरूपमा विद्यालयहरूको निरीक्षण एवम् अनुगमन गर्ने कार्यको थालनी भएको छ । विद्यालयहरूको भौतिक, शैक्षिक एवम् सामाजिक वस्तुस्थिति बुझी जिशिकाबाट प्रवाह हुने

विविध कार्यक्रमहरूको वितरण तथा बाँडफाँड गर्ने कार्यलाई यसले वास्तविक तुल्याउन सहयोग पुगेको छ । आगामी दिनहरूमा पनि यस कार्यलाई निरन्तरता दिनसके अपेक्षित उपलब्धि हासिल गर्न सकिनेछ । जिल्लामा भएगरेका कार्यहरूको निरीक्षण तथा अनुगमन गर्ने दायित्व क्षेत्रीय एवम् केन्द्रीय निकायहरूको पनि हुनजान्छ । आवश्यकतानुसार ती निकायहरूबाट पनि आवधिक अनुगमन हुनेछन् एवम् बेलाबेलामा सन्दर्भसापेक्ष जिल्लाबाट समेत आमन्त्रण गरिनेछ ।

## ५.१ उद्देश्य

- विद्यालयको व्यवस्थापकीय पक्ष र शैक्षिक उपलब्धि पहिचान गरी पृष्ठपोषण प्रदान गर्ने ।
- विद्यालयहरूमा कार्यक्रमहरूको कार्यान्वयनको अवस्था पहिचान र विश्लेषण गरी आवश्यक पृष्ठपोषण दिने ।
- विद्यार्थी सङ्ख्यासम्बन्धी तथ्याङ्क सत्यापन र प्रमाणीकरण गर्ने ।
- विद्यालय र समुदायबीचको सम्बन्ध सुधारका लागि आवश्यक सुझाव दिने ।
- विद्यालयको समग्र विकासका लागि विभिन्न पक्षबीच अन्तर्क्रिया र विश्लेषण गर्ने ।
- जिल्ला, स्रोतकेन्द्र र विद्यालय तहमा शैक्षिक सुधार संयन्त्र निर्माण गरी सिकाइ उपलब्धि सुधार सम्बन्धी आवश्यक कार्यहरू गर्नुका साथै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गर्ने ।

## ५.२ विधि/प्रक्रिया

जिल्ला, स्रोतकेन्द्र र विद्यालय तहमा शैक्षिक सुधार संयन्त्र निर्माण र परिचालन, वार्षिक तथा मासिक अनुगमन योजना बनाई विद्यालय एवम् शैक्षिक संस्थाहरूको भौतिक पक्षको अवलोकन, अभिलेख अध्ययन, कक्षा अवलोकन, सरोकारवालाहरूसँग अन्तर्क्रिया, सल्लाह सुझाव, पृष्ठपोषण, नमुना पाठ प्रदर्शन, आदि ।

## ५.३ अनुगमन तथा सुपरिवेक्षणमा सहभागिता

जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षकहरू, स्रोतव्यक्तिहरू, सब÷इञ्जिनीयरहरू, जिल्लास्थित अन्य विषयगत कार्यालयका कर्मचारी, शिक्षकका पेशागत सङ्घसंस्थाका प्रतिनिधिहरू, राजनैतिक दलका प्रतिनिधि, विद्यार्थी प्रतिनिधि, पत्रकार, सरकारी तथा गैरसरकारी सङ्घसंस्थाका पदाधिकारीहरू, आदि ।

## ५.४ विद्यमान अवस्था

- कार्यक्रमहरूको अनुगमन योजना निर्माण गरी कार्यान्वयन गर्ने गरिएको ।
- प्रधानाध्यापक, स्रोतव्यक्ति, विद्यालय निरीक्षक, शाखा अधिकृत र जिल्ला शिक्षा अधिकारी आदिले अनुगमन गर्ने गरी संयन्त्र निर्माण गरिएको ।
- अनुगमन गरी प्रतिवेदन पेश गर्ने कार्य भएको ।
- सूचकहरूमा आधारित निरीक्षण÷अनुगमन फारम विकास गरी त्यसका आधारमा अनुगमन गर्ने गरिएको ।
- अनुगमन गरिएका विद्यालय र निरीक्षण÷अवलोकन गरिएका शिक्षकहरूको समेत हस्ताक्षर र विद्यालयको छाप अनुगमन फाराममा प्रयोग गरिएको ।
- अनुगमन प्रतिवेदनको समष्टिगत प्रतिवेदन तयार गरी सम्प्रेषण गर्ने कार्य भएको ।
- सामूहिक सुपरीवेक्षणको पद्धति कार्यान्वयन गरिएको ।

## ५.५ कार्यान्वयनको अवस्था

- अनुगमन/निरीक्षण गरी पेश भएका प्रतिवेदनहरूको समष्टिगत प्रतिवेदन तयार गरी समप्रेषण गरिएको ।
- अनुगमन/निरीक्षणका लागि निर्माण भएका फारामको प्रयोग भएको ।

- अनुगमन/निरीक्षण प्रतिवेदन अनिवार्य पेश गर्नुपर्ने व्यवस्था गरिएको ।
- अनुगमनमा देखिएका कुराहरूका बारेमा मासिक जिल्ला बैठकमा छलफल गरिएको ।
- सामूहिक सुपरीवेक्षणमा देखिएका कुराहरू जिल्ला बैठक, जिल्ला शिक्षा समिति बैठक, सामाजिक सम्वाद समन्वय समिति बैठक, पेशागत सङ्घसंस्था, पत्रकार, विद्यार्थी सङ्गठन र राजनैतिक दलहरूसँग छलफल गर्ने गरिएको ।

## ५.६ चुनौती तथा अवसरहरू

चुनौतिहरू

- स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरूलाई विद्यालय सङ्ख्या बढी भएको ।
- कार्यसम्पादनका आधारमा दण्ड र पुरस्कारको व्यवस्थालाई कडाइकासाथ लागू गर्न नसकिएको ।
- शिक्षामा राजनीतिकरणको प्रभाव परेको ।
- अनुगमन प्रभावकारी हुननसकेको गुनासो विद्यमान रहेको ।
- पेशाकर्मीहरूमा नैतिकता र जिम्मेवारी बोध हुन नसकेको ।
- शिक्षकहरूलाई पेसागत सहयोग गर्न नसकिएको ।
- जिशिकाको प्रशासनिक कार्यबोझका कारण नियमित अनुगमन, निरीक्षण, सुपरिवेक्षण हुन नसकेको ।

अवसरहरू

- स्रोत र साधनको उपलब्धता ।
- दक्ष जनशक्तिको पर्याप्तता ।
- शिक्षकको पेशागत सङ्घसंस्था, पत्रकार, राजनैतिक दल, सरोकारवाला, विद्यार्थी संगठनहरूबाट सहयोग गर्ने प्रतिबद्धता प्राप्त ।
- शैक्षिक सुधारका लागि सरोकारवालाहरूले प्रतिबद्धता व्यक्त गरेको ।
- स्थानीय संस्था र गैसस समेतको सहयोगमा बृद्धि भएको ।

## ५.७ रणनीतिक प्राथमिकताहरू

- अनुगमन योजना निर्माण गरी स्वीकृत गराएर अनुगमन गर्ने ।
- तहगत अनुगमन संयन्त्र बनाई अनुगमनलाई नियमित र प्रभावकारी बनाउने ।
- अनुगमन फारामको प्रयोग गर्ने ।
- अनुगमनपश्चात् प्रतिवेदन दिने ।
- अनुगमन प्रतिवेदनको समष्टिगत प्रतिवेदन तयार गर्ने ।
- अनुगमनमा देखिएका समस्याहरूका बारेमा जिल्ला बैठकमा छलफल गर्ने ।

## ५.८ क्रियाकलापहरू

| क्र.सं. | क्रियाकलापहरू | विस्तृत क्रियाकलाप |
|---|---|---|
| १. | शैक्षिक तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रतिवेदन | • तथ्याङ्क फाराम विकास गरी स्रोतव्यक्ति र विद्यालय निरीक्षकहरूलाई प्रबोधीकरण,<br>• स्रोतकेन्द्रस्तरमा विद्यालय प्रअ एवम् शिक्षकहरूलाई प्रबोधीकरण,<br>• स्रोतकेन्द्रबाट वितरण एवम् सङ्कलन र विश्लेषण, |

| क्र.सं. | क्रियाकलापहरू | विस्तृत क्रियाकलाप |
|---|---|---|
| | | • प्राप्त तथ्याङ्कको प्रमाणिकरण (विनि र स्रोतव्यक्तिबाट)<br>• स्रोतकेन्द्रगत सारांश तयारी,<br>• जिल्लामा सङ्कलन र कम्प्युटर प्रविष्टी,<br>• वार्षिकरूपमा २ पटक तथ्याङ्क प्रतिवेदन ँबिकज(क्ष् ७ क्षक्ष् च्भउयचत प्रकाशन र प्रबोधीकरण। |
| २. | कार्यक्रम कार्यान्वयनको अनुगमन | • अनुगमन/निरीक्षण गरी पेश भएका प्रतिवेदनहरूको समष्टीगत प्रतिवेदन तयारी,<br>• अनुगमन/निरीक्षणका लागि निर्माण भएका फारामको प्रयोग,<br>• अनुगमन/निरीक्षणको प्रतिवेदन अनिवार्य पेश गर्नुपर्ने व्यवस्था,<br>• अनुगमनमा देखिएका कुराहरूका बारेमा मासिक जिल्ला बैठकमा छलफल गरिने,<br>• सामूहिक सुपरीवेक्षणमा देखिएका कुराहरू जिल्ला बैठक, जिल्ला शिक्षा समिति बैठक, पेशागत संस्था, पत्रकार, विद्यार्थी सङ्गठन र राजनैतिक दलहरूसँग छलफल गरिने। |
| ३. | सामाजिक परीक्षण तथा प्रतिवेदनको सुदृढीकरण | • शिअसं अध्यक्षको संयोजकत्वमा सामाजिक परीक्षण समिति गठन,<br>• सामाजिक परीक्षण गरी प्रतिवेदन जिशिकामा पेश गर्ने गरेको,<br>• सामाजिक परीक्षणलाई चौमासिक निकासाको आधार बनाइएको,<br>• सरोकारवालाहरूमा सामाजिक परीक्षणको महत्व बोध हुँदै गएको,<br>• सामाजिक परीक्षणमा देखिएको बेरुजु लेखा परीक्षणबाट रुजु गरिदिनाले उपादेयता कम हुँदै गएको,<br>• कतिपय सामाजिक परीक्षण विद्यालयले गरेको खर्च अनुमोदन गर्ने कार्यमा मात्र सीमित रहेको,<br>• विद्यालयको व्यवस्थापकीय क्षमता विकास तालिममा यसलाई विषयवस्तुका रूपमा राखी तालिम दिइएको,<br>• जिशिकाबाट विश्लेषण गरी सुदृढीकरण गर्न नसकिएको। |
| ४. | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनसम्बन्धी क्षमता विकास | • प्रअहरूलाई नेतृत्व क्षमता विकास तालिममा विसुयो निर्माण सम्बन्धी कक्षा सञ्चालन गर्ने गरिएको,<br>• स्रोतकेन्द्र बैठकमा छलफल गरी निर्माण गर्न लगाइएको,<br>• विद्यालयको व्यवस्थापकीय क्षमता विकास तालिममा यसलाई विषयवस्तुका रूपमा राखी तालिम दिइएको,<br>• विसुयो निर्माणमा रकम थोरै विनियोजन हुने गरेकाले समस्या भएको। |
| ५. | अनुसन्धानात्मक कार्य तथा उद्देश्य प्राप्तिमा प्रगतिको अनुगमन | • विगत वर्षहरूमा शिक्षकहरूबाट शिक्षणसिकाइसँग सम्बन्धित अनुसन्धानात्मक कार्य गराई प्राप्तिसहितको प्रतिवेदन लिने गरिएको,<br>• फाइल बढुवामा मूल्याङ्कनको व्यवस्था भएकोले हाल शिक्षकहरूले अनुसन्धानात्मक कार्य गर्न शुरु गरेको,<br>• स्रोतकेन्द्र तथा निरीक्षण क्षेत्र सुदृढीकरण कार्यक्रम अन्तर्गत विद्यालय निरीक्षक एवम् स्रोतव्यक्तिहरूबाट अनुसन्धानात्मक कार्यहरू भएको, |

| क्र.सं. | क्रियाकलापहरू | विस्तृत क्रियाकलाप |
|---|---|---|
| | | • अनुसन्धानात्मक कार्यका प्राप्तिहरूको औपचारिक छलफल र विश्लेषण गरी सिकाइमा जोड्न नसकिएको । |

५.९ सरोकारवालाहरूको भूमिका

| क्र.सं. | व्यक्ति/निकाय | भूमिका |
|---|---|---|
| १. | शिक्षक | • नियमितरूपमा विद्यालयमा उपस्थित भई शिक्षण सिकाइमा सहभागी हुने,<br>• पेसागत दायित्व जिम्मेवारीपूर्वक निर्वाह गर्ने,<br>• सिकाइ उपलब्धि सुधारसम्बन्धी मासिक तथा वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने,<br>• निरन्तर विद्यार्थी मूल्याङ्कनको अवधारणा अनुरूप उदार कक्षोन्नति नीति कार्यान्वयन गर्ने,<br>• विद्यालयमा सिक्ने र सिकाउने संस्कृतिको विकास गर्ने<br>• निरन्तर पेसागत विकासका लागि खोजी कार्य गर्ने,<br>• सामूहिक तथा विषयगत सुपरिवेक्षणमा सक्रियतापूर्वक सहभागी हुने,<br>• सुधारका लागि सुझाव पेश गर्ने । |
| २. | प्रधानाध्यापक | • शिक्षक तथा विद्यार्थी नियमित भए नभएको अनुगमन गर्ने,<br>• अनुगमनका लागि वातावरण निर्माण गर्ने,<br>• शिक्षक स्टाफबीच मैत्रीपूर्ण सम्बन्ध विकास गर्ने,<br>• सामूहिक तथा विषयगत सुपरिवेक्षणमा सहयोग गर्ने,<br>• विद्यालयमा सिकाइ संस्कृतिको विकास गर्ने,<br>• सधारका लागि दिइएका सुझावहरू कार्यान्वयन गर्ने गराउने । |
| ३. | विद्यालय | • आफ्नो विद्यालयमा अनुगमन योजना बनाई लागू गर्ने,<br>• जिम्मेवारी बाँडफाँड गरी कार्य गर्ने गराउने,<br>• प्राप्त प्रतिवेदन तथा सल्लाह सुझावमाथि सामूहिक छलफल गर्ने,<br>• सुधारका सुझाव कार्यान्वयन गर्न पहल गर्ने । |
| ४. | शिक्षक अभिमभावक संघ | • ड्ड अनुगमन गर्ने, अनुगमनमा सहयोग गर्ने,<br>• ड्ड सुधारका उपायहरू अवलम्बन गर्न दवाव दिने,<br>• ड्ड सामाजिक परीक्षणसम्बन्धी कार्य गर्ने,<br>• ड्ड शुल्कका विषयमा छलफल तथा अन्तर्क्रिया गर्ने । |
| ५. | विद्यालय व्यवस्थापन समिति | • ड्ड अनुगमन संयन्त्र निर्माण गरी परिचालन गर्ने,<br>• ड्ड अनुगमन योजना बनाई नियमित अनुगमन तथा निरीक्षण गर्ने,<br>• ड्ड निरीक्षणका क्रममा दिइएका सल्लाह सुझाव एवम् अनुगमन प्रतिवेदनमाथि छलफल गर्ने, |

| क्र.सं. | व्यक्ति/निकाय | भूमिका |
|---|---|---|
| | | • ड्ड आवश्यक कार्यवाहीको लागि माथिल्लो निकायमा पठाउने,<br>• ड्ड सुधारका सुझावहरू कार्यान्वयन गर्ने, गराउने। |
| ६. | समुदाय | • ड्डआप्mना बालबबालिका र शिक्षकहरू विद्यालयमा नियमित भए नभएको हेर्ने,<br>• ड्डसमय–समयमा विद्यालयमा उपस्थित भई सल्लाह सुझाव लिनेदिने,<br>• ड्डविद्यालयबाट सञ्चालित साक्षरता तथा समुदाय विकासका कार्यक्रमहरूमा सरिक भई आवश्यक सहयोग गर्ने<br>• ड्डविद्यालयका समस्याहरू समाधानका लागि पहल गर्ने। |
| ७. | नगरपालिका | • ड्ड विद्यार्थी र शिक्षकहरू विद्यालयमा नियमित भए नभएको हेर्ने,<br>• ड्ड समय–समयमा विद्यालयमा उपस्थित भई आवश्यक सल्लाह सुझाव दिने,<br>• ड्ड विद्यालयका समस्याहरू समाधानका लागि पहल गर्ने,<br>• ड्ड साक्षरता तथा साक्षरोत्तर कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने,<br>• ड्ड गाउँ शिक्षा समितिको गठन, परिचालन र गाउँ शिक्षा योजना बनाई कार्यान्वयन गर्ने गराउने,<br>• ड्ड गाविसभित्र विद्यालयको पहुँच बाहिर रहेका बालबालिकाहरू पहिचान गरी विद्यालयमा ल्याउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने,<br>• ड्ड गाविस क्षेत्रभित्र कार्यान्वयनमा रहेका शैक्षिक कार्यक्रमको अनुगमन÷निरीक्षण गर्ने। |
| ८. | स्रोतकेन्द्र | • ड्ड विद्यार्थी र शिक्षकहरू विद्यालयमा नियमित भए नभएको हेर्ने,<br>• ड्ड समय–समयमा विद्यालयमा उपस्थित भई सल्लाह, सुझाव दिने,<br>• ड्ड विद्यालयका समस्याहरू समाधानका लागि पहल गर्ने,<br>• ड्ड नियमित अनुगमन÷निरीक्षण गरी प्रतिवेदन दिने,<br>• ड्ड शिक्षणसिकाइ सुधारका लागि कक्षा अवलोकन गर्ने र शिक्षकहरूसँग बसी छलफल गर्ने,<br>• ड्ड शिक्षकहरूलाई पेसागत सहयोग उपलब्ध गराउने। |
| ९. | विद्यालय निरीक्षक | • ड्ड विद्यार्थी र शिक्षकहरू विद्यालयमा नियमित भए नभएको हेर्ने,<br>• ड्ड समय–समयमा विद्यालयमा उपस्थित भई छलफल र अन्तर्क्रिया गरी आवश्यक सल्लाह सुझाव दिने,<br>• ड्ड विद्यालयका समस्याहरू समाधानका लागि पहल गर्ने,<br>• ड्ड शैक्षिक कार्यक्रमको नियमित अनुगमन÷निरीक्षण गरी प्रतिवेदन दिने, |

| क्र.सं. | व्यक्ति/निकाय | भूमिका |
|---|---|---|
| | | ● ड्ड कक्षा अवलोकन गरी शिक्षणसिकाइमा सुधार गर्ने र शिक्षकहरूसँग बसी छलफल गर्ने,<br>● ड्ड शिक्षणसिकाइसँग सम्बन्धित समस्या निराकरणका लागि शिक्षकहरूलाई पेसागत सहयोग उपलब्ध गराउने । |
| १०. | शिक्षा विकास तथा समन्वय इकाई | ● ड्डअनुगमनलाई प्रभावकारी बनाउन अनुगमन संयन्त्र बनाउने,<br>● ड्डदण्ड र पुरस्कारको उचित व्यवस्था गर्ने,<br>● ड्डनियमित अनुगमन÷निरीक्षण गर्ने गराउने,<br>● ड्डसम्बन्धित निकायमा नियमितरूपमा प्रतिवेदन पठाउने,<br>● ड्डसरोकारवालाहरूसँग समयसमयमा अन्तर्क्रिया गरी राय सुझाव लिने । |
| ११. | शिक्षा विकास निर्देशनालय | ● ड्ड नियमित अनुगमन गर्ने,<br>● ड्ड सुधारका उपायहरू अवलम्बन गर्न निर्देशन दिने,<br>● ड्ड क्षेत्रभित्रका जिल्लाहरूको अनुगमन प्रक्रियामा एकरुपता ल्याउने र समन्वय गर्ने,<br>● ड्ड प्रतिवेदन अध्ययन गरी छलफल, अन्तरक्रिया गर्ने÷गराउने । |
| १२. | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ● ड्ड समय सुहाउँदो नीति नियम तर्जुमा गरी कार्यान्वयनको व्यवस्था मिलाउने,<br>● ड्ड अनुगमनका लागि आवश्यक रकमको व्यवस्था गर्ने,<br>● ड्ड अनुगमन गर्ने गराउने व्यवस्था मिलाउने,<br>● ड्ड समग्र अनुगमन प्रतिवेदन तयार गरी प्रकाशन गर्ने । |
| १३. | शिक्षा मन्त्रालय | ● ड्ड अनुगमन गर्ने गराउने व्यवस्था मिलाउने,<br>● ड्ड समय सुहाउँदो नीति नियम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,<br>● ड्ड समग्र अनुगमन प्रतिवेदन तयार गरी प्रकाशन गर्ने । |

## ५.१० उपसंहार

आर्थिक वर्ष ०६१÷०६२ देखि ०६५÷०६६ सम्मको अवधिका लागि निर्मित नगर शिक्षा योजनाको समीक्षा २०७१÷०७२ तयार गर्दा जिल्लाको वर्तमान शैक्षिक अवस्थालाई झल्काउने सूचकहरू, नेपाल सरकारका शिक्षासँग सम्बन्धित नीति नियम तथा कार्यक्रमहरू, ते¥हौं त्रिवर्षीय योजना (२०७०÷०७१–२०७२÷०७३), सबैका लागि शिक्षा तथा माध्यमिक शिक्षा सहयोग कार्यक्रमका मूल दस्तावेज र अनुभवका साथै विद्यालय क्षेत्र सुधार कार्यक्रमका मूल दस्तावेज समेतलाई आधार मानेर तयार गरिएको छ । यसैगरी स्रोतकेन्द्रगतरूपमा गराइएको सरोकारवालाहरूको छलफलबाट प्राप्त सुझाव, जिल्ला तहमा विभिन्न शिक्षाविद् तथा विद्वानहरूबाट प्राप्त रायसुझाव समेतलाई ध्यान दिइएको

छ । माथि उल्लिखित आधारहरूसँग हाम्रो तालमेल जति राम्रो भयो यो योजना समीक्षा उति नै राम्रो र सफल मान्न सकिन्छ ।

राम्रो योजनाका लागि कार्यान्वयनमा जाँदा महत्व राख्ने मुख्य तत्व लगानी हो । प्रस्तुत योजना समीक्षा कार्यान्वयन गर्ने क्रममा प्रत्यक्ष आर्थिक लगानी नेपाल सरकारको रहनेछ भने, अन्य सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरू, स्थानीय निकाय, समुदायमा आधारित विभिन्न सङ्घसंस्थाहरू तथा स्थानीय समुदाय, अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यार्थी लगायतका सरोकारवालाहरूको प्रत्यक्ष वा अप्रत्यक्ष लगानी अझ महत्वपूर्ण हुनेछ । लगानीकर्ताहरूबाट गरिएको प्रतिफलको आशा योजनाको सफल कार्यान्वयनमा नै निर्भर रहन्छ । यो योजना निर्माण र कार्यान्वयनको प्रक्रिया शैक्षिक विकेन्द्रीकरणको महत्वपूर्ण स्वरुप तथा अभ्यास पनि हो । शिक्षा क्षेत्रका हरेक पक्षमा समसामयिक सुधार गर्न सरोकारवालाहरूको आवश्यकता र प्राथमिकीकरणमा परेका कार्यक्रम सञ्चालन गर्न सरकारका तर्फबाट केही सहयोग गरी जनसहभागितालाई प्रोत्साहन गर्ने प्रयास समेत हो यो । त्यसैले हरेक तह र क्षेत्रमा सरोकारवालाहरूसँगको साझेदारी र संलग्नतामा हुने यस्ता अभ्यासहरूले लोकतान्त्रीकरणको मर्मलाई अझ सुदृढ तुल्याउने आशा गर्न सकिन्छ ।

जिल्ला तहको यस योजना समीक्षाको प्रभावकारी कार्यान्वयनका लागि विद्यालय तहमा निर्माण भएका विद्यालय सुधार योजना तथा गाउँ शिक्षा योजनाको कार्यान्वयनले समेत प्रभाव पार्नेछन् र यस्ता योजनाहरूको कार्यान्वयनका क्रममा जिम्मेवार तथा उत्तरदायी व्यक्ति तथा निकायको पहिचान एवम् निर्धारण गरिएकाले तल्लो तहसम्म नै उत्तरदायित्व र जिम्मेवारी बहन हुन गई योजना समीक्षाले सार्थकता पाउनेछ ।

# सुरुङ्गा नगरपालिकाको शैक्षिक सुधार मार्गचित्र, २०७८-२०८३

## **सामुदायिक विद्यालयको उन्नयन**
## **शैक्षिक सुधारको लागि हाम्रो अभियान**

पृष्ठभूमि

सुरुङ्गा नगरपालिकामा शै.स. २०७७ सम्ममा १ ओटा प्राविधिक तथा व्यावसायिक धार सहित ५ ओटा माध्यमिक विद्यालय र २७ ओटा आधारभूत विद्यालय गरी कुल ३२ ओटा सामुदायिक विद्यालय सञ्चालनमा रहेका छन्। उच्च शिक्षातर्फ सामुदायिक क्याम्पस १ ओटा रहेको छ। समुदायमा आधारित १ र विद्यालयमा आधारित ४९ गरी ५० प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा छन्। प्रारम्भिक बाल विकास सहजकर्ता ५०, प्राथमिक तहमा १०५ दरबन्दी र ३६ राहत, निम्न माध्यमिक तहमा २० दरबन्दी र २१ राहत, माध्यमिक तहमा २० दरबन्दी र ७ राहत, उच्चमाध्यमिक तहमा दरबन्दी ४ र शिक्षक अनुदान ३ रहेको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा धारतर्फ २/२ जना प्रशिक्षक, सहायक प्रशिक्षक र १ जना ल्याब ब्वाय कार्यरत छन्। प्राथमिक तहदेखि उच्च माध्यमिक तहसम्म करिब २५ जना निजी स्रोतका शिक्षकहरू कार्यरत रहेका छन्। ३१ जना विद्यालय सहयोगी र ५ जना विद्यालय सहायकको रूपमा सरकारी पारिश्रमिक सुविधा पाउने गरी ३६ जना विद्यालय कर्मचारी कार्यरत छन्। केही विद्यालयले निजी शिक्षक एवम् कर्मचारीहरू तहगत र विषयगत आधारमा नियुक्त गरी काममा लगाएका छन्।

२०७६ र २०७७ सालको School IEMIS Report का आधारमा शैक्षिक सत्र २०७७ मा प्रारम्भिक बालविकास कक्षामा १,०८४, प्राथमिक तहमा ४,००१, निम्नमाध्यमिक तहमा २,१७५, माध्यमिक तहमा १,५५५ र उच्च माध्यमिक तहमा ५१४ गरी कुल ९,३२९ जना विद्यार्थी विद्यालय तहमा अध्ययनरत छन्।

शैक्षिक सत्र २०७६ मा आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर क्रमश ८५ र ४५ प्रतिशत रहेको छ। घरपरिवार सर्वेक्षण, २०७५ अनुसार महिला ६३.०५, पुरुष ८३.४७, औसत ७३.६८ प्रतिशत साक्षरता दर रहेको छ।

सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दै गई केही विद्यालयको अस्तित्व नै खतरामा पर्नु, विपन्न समुदाय/जातिका बालबालिकाहरूको अधिक सहभागिता रहनु, सामुदायिक विद्यालयप्रति सम्बद्ध पक्षहरूको चासो कम हुनु, सामुदायिक विद्यालयप्रतिको विश्वास घट्दै जानु, राष्ट्रिय लक्ष्यअनुरूपको सिकाइ उपलब्धि हासिल हुन नसक्नु, निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारी कार्यान्वयनमा उदासिनता देखिनु, कक्षाकोठाको भौतिक तथा शिक्षणसिकाइ क्रियाकलापको सुव्यवस्थापन गर्न नसकिनु, समुदाय सहयोग सम्बन्ध क्रमशः कमजोर बन्दै जानु, सामुदायिक विद्यालयप्रतिको सरोकारवालाहरूको चासो र चिन्ता न्यून हुँदै जानु जस्ता विद्यालय शिक्षाका समस्या एवम् चुनौतीहरू हुन्। यस परिस्थितिमा हामीले नसुधारे, कसले सुधार्ने ? अहिले नसुधारे, कहिले सुधार्ने ?? यहाँबाट नसुधारे, कहाँबाट सुधार्ने ??? हजारौँ माइलको यात्रा पहिलो पाइलाबाट शुरू हुन्छ, सामुदायिक विद्यालयको सुधारको थालनी सुरुङ्गा नगरपालिकाबाट किन नगर्ने ????

विभिन्न जिल्लाका स्थानीय सरकारहरू र प्रदेश सरकारबाट शैक्षिक सुधारको लागि गरिएका प्रतिबद्धता र प्रयासका साथै शिक्षा मन्त्रालयबाट विभिन्न मितिमा जारी शैक्षिक सुधारका प्रतिबद्धता एवम् कार्ययोजनाको सन्दर्भमा सुरुङ्गा नगरपालिकाबाट शैक्षिक सुधार मार्गचित्र कार्यान्वयन सम्बन्धमा विद्यालय तहसम्म छलफल, नतिजा प्रबोधीकरण, सिकाइ उपलब्धिको Baseline निर्धारण गर्ने, विद्यार्थी, शिक्षक तथा विद्यालयको शैक्षिक उपलब्धि बढाउने योजना तर्जुमा, कार्यान्वयन र समीक्षा, विद्यार्थीको नतिजा प्रबोधीकरण जस्ता कार्यहरू विद्यालय तहसम्म आयोजना गरिनेछ।

सामुदायिक विद्यालयहरूको वर्तमान शैक्षिक अवस्था, विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार गर्दै हाल यस नगरपालिका क्षेत्रभित्रका विद्यालयहरूमा भएका प्रयास तथा शैक्षिक सुधारका कार्यलाई संस्थागत गरी नगरपालिकालाई शैक्षिक हबका रूपमा विकास गर्नु आवश्यक भएकोले "**सामुदायिक विद्यालयको उन्नयन, शैक्षिक सुधारको लागि हामी सबैको अभियान**" नाराका साथ सुरुङ्गा नगरपालिकाको शैक्षिक सुधार मार्गचित्र, २०७८-२०८३ कार्यान्वयन गर्न शिक्षासम्बन्धी आवश्यक कानुन तर्जुमा गरिनेछ र नगर सभा/कार्यपालिकाका पदाधिकारी, नगर शिक्षा समितिका पदाधिकारी, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, शिक्षकका पेसागत सङ्घ सङ्गठनका प्रमुख तथा प्रतिनिधि, विद्यालय व्यवस्थापन समिति/शिक्षक अभिभावक संघका पदाधिकारी, प्रधानाध्यापक, शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ताहरू, अभिभावक, विद्यालय कर्मचारी, विद्यार्थी, पत्रकार लगायत सम्पूर्ण शैक्षिक सरोकारवालाहरूले प्रतिबद्धता जाहेर गर्नेछन् ।

दूरदृष्टि

सामुदायिक विद्यालयहरूको शैक्षिक अवस्था सुधार भई सुरुङ्गा नगरपालिका उच्च सिकाइ सक्षमता सहितको शैक्षिक हबको रूपमा स्थापित हुनेछ ।

लक्ष्य

- आगामी पाँच वर्षमा सुरुङ्गा नगरपालिकाका सामुदायिक विद्यालयहरूको विद्यार्थी सिकाइ सक्षमता ७५ प्रतिशत पुग्नेछ ।
- आगामी पाँच वर्षमा सुरुङ्गा नगरपालिकाका सामुदायिक विद्यालयहरू नमुना विद्यालयका रूपमा विकास हुनेछन् ।

उद्देश्य

- विद्यार्थी सिकाइ सक्षमता शैक्षिक सत्र २०७९ मा ६५, २०८१ मा ७० र २०८३ मा ७५ प्रतिशत पुग्नेछ ।
- सामुदायिक विद्यालयहरूलाई सूचकका आधारमा नमुना बनाइनेछ ।

रणनीति तथा कार्यक्रम

१. प्रारम्भिक बालविकास कक्षाहरू उपयुक्त सिकाइ सामग्रीयुक्त एवम् बालमैत्री सिकाइ व्यवस्था सहित नि:शुल्क र अनिवार्य गर्ने :

पहिलो चरण : शैक्षिक सत्र २०७९ सम्ममा स्वीकृत माध्यमिक विद्यालय र सक्षम विद्यालयहरू

दोस्रो चरण : शैक्षिक सत्र २०८१ सम्ममा सबै माध्यमिक विद्यालय, कक्षा ८ सञ्चालित आधारभूत विद्यालय र सक्षम विद्यालयहरू

तेस्रो चरण : बाँकी सबै विद्यालयहरू ।

२. कक्षा १-३ सम्म आवश्यकतामा आधारित त्रैभाषिक (नेपाली, अङ्ग्रेजी र मातृभाषा) नीति अपनाउने ।

पहिलो चरण : शैक्षिक सत्र २०७९ सम्ममा स्वीकृत माध्यमिक विद्यालय र सक्षम विद्यालयहरू

दोस्रो चरण : शैक्षिक सत्र २०८१ सम्ममा सबै माध्यमिक विद्यालय, कक्षा ८ सञ्चालित आधारभूत विद्यालय र सक्षम विद्यालयहरू

तेस्रो चरण : शैक्षिक सत्र २०८३ सम्ममा बाँकी आवश्यक सबै विद्यालयहरू ।

३. नतिजामुखी शैक्षिक प्रशासन तथा व्यवस्थापन अपनाउने :

- सामुदायिक विद्यालयको व्यवस्थापनको समन्वयात्मक कार्य : पाठ्यक्रम, शिक्षण सिकाइ प्रक्रिया, बालमैत्री सिकाइ व्यवस्थापन, मूल्याङ्कन आदिमा ।

- व्यवस्थापनका कार्य तथा कार्य सम्पादनलाई नतिजामा आधारित बनाउने ।

४. सिकाइ सुधारका संयन्त्रको व्यवस्था गर्ने :

- नगर शिक्षा समिति लगायत शिक्षासम्बन्धी क्षेत्रगत विभिन्न समिति/उपसमिति गठन गरी परिचालन गरिनेछ ।
- शैक्षिक सुधारका निमित्त नगरस्तरीय शैक्षिक सुधार समन्वय समिति तथा विज्ञसहितको Quality Circle गठन गरी परिचालन गरिनेछ ।
- नगरपालिका, वडा र विद्यालय तहसम्म सिकाइ सक्षमता परीक्षण समिति तथा सुधार समिति गठन गरिनेछ ।

५. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग :

पहिलो चरण : शैक्षिक सत्र २०८० सम्ममा सबै माध्यमिक तथा आधारभूत (कक्षा ७ र ८) सञ्चालित विद्यालयहरू

पछिल्लो चरण : शैक्षिक सत्र २०८२ सम्ममा बाँकी सबै विद्यालयहरू

६. विद्यालय शान्ति क्षेत्र तथा बालमैत्री विद्यालय घोषणा गर्ने :

- विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ बमोजिम विद्यालय शान्ति क्षेत्र घोषणा गर्ने ।
- बालमैत्री विद्यालय घोषणा :

  पहिलो चरण : पूर्व प्राथमिक तह

  दोस्रो चरण : प्रारम्भिक कक्षा १-३

  तेस्रो चरण : प्राथमिक कक्षा ४-५

७. विद्यालयमार्फत साक्षरता तथा निरन्तर शिक्षा र साक्षरतामार्फत विद्यालय उन्नयन कार्यक्रम सञ्चालन गर्ने ।

- योजना कार्यान्वयनको दोस्रो वर्षसम्ममा नगरपालिकालाई पूर्ण साक्षर नगर घोषणा गरिनेछ ।
- विद्यालयले सेवा क्षेत्रका बासिन्दाको साक्षरताको अवस्थाको अभिलेख अद्यावधिक गरिनेछ ।
- विद्यार्थीमार्फत साक्षरता सीप विकास गरी प्रयोगात्मक अङ्क दिने व्यवस्था मिलाउने ।
- वडा स्तरमा भएका महिला समूह, वन समूह जस्ता समूहलाई विद्यालय शिक्षाका लागि कार्यक्रमहरू सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
- विद्यालय साक्षरता समूह गठन गरिनेछ ।
- विद्यालयमार्फत विद्यालय साक्षरता समूहलाई विद्यार्थीको भर्नाका लागि घरदैलो, नियमितता र सिकाइ सुधारका लागि परिचालन गरिनेछ ।

८. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षा सुनिश्चित गर्ने :

- विद्यालय सेवा क्षेत्रभित्रका तोकिएको उमेर समूहका विद्यालय बाहिरका बालबालिकाहरू (Hard-core Group) को पहुँच सुनिश्चित गर्ने, टिकाउने र आधारभूत सीप सिकाउने कार्यको सुनिश्चितता गर्ने ।
- कुनै तहमा विद्यार्थी भर्ना लगायत अन्य शीर्षकमा शुल्क लिन नपाउने व्यवस्था मिलाउने ।

९. विद्यालय समुदाय व्यावसायिक तथा विकास साझेदारीको सिद्धान्त अपनाउने :

- पेसा, व्यवसाय र प्रविधि शिक्षा तथा अन्य विषयको शिक्षालाई समाजमा प्रयोगमा ल्याउने तथा समाजका सीप विद्यालयमा भित्र्याउने ।
- प्रयोगात्मक अभ्यास, परियोजना, सरसफाइ, समुदाय सचेतना जस्ता कार्यमार्फत सामुदायिक सेवा कार्यक्रम सञ्चालन गर्ने ।

- स्थानीय रूपमा पेसा, व्यवसाय र प्रविधि तथा अन्य क्षेत्रमा कार्य गर्ने दक्ष व्यावसायी तथा उद्योगीलाई स्रोत शिक्षकका रूपमा विद्यालयमा आमन्त्रण गरी उपयोग गर्ने ।
- विद्यार्थीलाई स्थानीय र अन्यत्र सञ्चालित साना तथा मझौला घरेलु उद्योग र अन्य उद्योग/कलकारखानाको अवलोकन गराउने तथा सम्बन्धित रोजगारकर्मीबाट रोजगारी परामर्श सञ्चालन गर्ने ।

१०. शिक्षण सिकाइको अनुगमन, मूल्याङ्कन र सुधारका लागि पृष्ठपोषण, नतिजाको आधारमा दण्ड र पुरस्कारको व्यवस्था गर्ने ।

- स्व-अनुगमन, मूल्याङ्कन तथा स्वअनुभूतिको प्रस्तुति र अभिलेखन गर्ने व्यवस्था मिलाउने ।
- संस्थागत अनुगमन, सुपरिवेक्षणलाई प्रभावकारी बनाउने ।
- तेस्रो पक्षबाट अनुगमन गराई पृष्ठपोषण लिने/दिने व्यवस्था मिलाउने ।
- सूचक एवम् मापदण्ड (Benchmark) विकास गरी अनुगमन, मूल्याङ्कन गर्ने ।
- कार्य सम्पादन स्तर तथा नतिजाको आधारमा प्रोत्साहन, पुरस्कार र दण्ड-सजायको व्यवस्था गर्ने ।

कार्ययोजना

१. शिक्षण सिकाइ सुधार तथा व्यवस्थापन सम्बन्धी कार्य जिम्मेवारी

क) कक्षागत शिक्षण सिकाइ (विद्यार्थी)

- स्वमूल्याङ्कन : विद्यार्थीले आफ्नो सिकाइ सक्षमताको स्वमूल्याङ्कन गर्ने
- लक्ष्य निर्धारण : पाठ/एकाइगत, आवधिक एवम् वार्षिक सिकाइको लक्ष्य निर्धारण गर्ने
- योजना निर्माण : लक्ष्य प्राप्तिका लागि विद्यार्थीले सिकाइ योजनाको निर्माण गर्ने
- सिकाइ समूह निर्माण : सिकाइ समीक्षा, सहपाठी वा मितेरी सिकाइ, सिकाइ अन्तर्क्रियामा सहभागी हुने
- विद्यार्थी दैनिक डायरी : घरमा पढ्ने लेख्ने र परियोजना कार्य गर्ने विषयको अभिलेख र अभिभावकको दस्तखत गर्ने व्यवस्था मिलाउने

ख) कक्षागत शिक्षण सिकाइ (शिक्षक)

- विद्यार्थी पूर्व ज्ञानको अध्ययन, विविधता पहिचान, अभिलेखीकरण (कार्यसञ्चयिका व्यवस्थापन) र स्तरीकरण
- सिकाइको लक्ष्य निर्धारण, योजना निर्माण गरी कार्यान्वयन
- सिकाइका चरण :
    १. सिकाइ सक्षमता निर्धारण, अभिलेखीकरण
    २. कक्षा क्रियाकलाप (कक्षा कार्य, गृहकार्य, समूह कार्य, परियोजना कार्य, खोज तथा नवप्रवर्तनात्मक कार्य) सञ्चालन
    ३. मापन तथा  पृष्ठपोषण (सहभागिता, सक्रियता, सम्बद्धता र सन्तुष्टि परीक्षण)
    ४. शिक्षण सिकाइ अनुभूति र स्वमूल्याङ्कन
- मासिक शिक्षण सिकाइ समीक्षा र अन्तर्क्रिया (तहगत, विषयगत, समष्टीगत)
- शिक्षण सिकाइ स्रोत सामग्रीको सङ्कलन, निर्माण, प्रयोग र भण्डारण
- शिक्षकको दैनिक तथा सिकाइको नोटबुक लेखन

ग) कक्षागत शिक्षण सिकाइ (प्रधानाध्यापक तथा तहगत व्यवस्थापक)

- सिकाइ सुधारसम्बन्धी सम्बद्ध पक्षसँग अभिमुखीकरण, अन्तर्क्रिया

- नीतिगत निर्णय, कार्यान्वयन तथा समीक्षा
- शैक्षिक योजना निर्माण (वार्षिक कार्ययोजना, साप्ताहिक कार्यतालिका)
- कक्षा अवलोकन, पृष्ठपोषण तथा सोधपुछ र सचेतीकरण
- नतिजाको आधारमा प्रोत्साहन, पुरस्कार र दण्ड-सजायको व्यवस्था

२. विद्यालय व्यवस्थापन तथा शैक्षिक सुशासन

क) संरचना ; अनिवार्य पूर्व प्राथमिक शिक्षा/प्रारम्भिक बाल विकास कक्षा

- सिकारूको व्यवहार परिवर्तन (व्यक्तिगत सरसफाइ, नियतिता, शिष्टाचार, अनुशासन ...)
- बालमैत्री सिकाइ व्यवस्था (पुरस्कार, मित्रता, सहयोग, मनोरञ्जन, आकर्षक कक्षा व्यवस्थापन, खेल विधि)
- न्यूनतम सिकाइ सक्षमता विकास, आधारभूत शिक्षाको पूर्व तयारी
- आवश्यकताअनुसार त्रैभाषिक नीतिको उपयोग
- थप सन्दर्भ सामग्रीको प्रयोग (नर्सरी, केजी कक्षाहरूको अवधारणा)
- सक्षमता विकास (प्रारम्भिक बालविकास सहजकर्ता, कक्षा व्यवस्थापन समिति/उपसमिति)
- निरन्तर मूल्याङ्कन, अन्तर्क्रिया, पृष्ठपोषण, कार्यसञ्चयिका व्यवस्था
- अनुगमन, निरीक्षण, मूल्याङ्कन, नतिजाको आधारमा प्रोत्साहन, पुरस्कार र दण्ड-सजायको व्यवस्था
- अभिभावक-समुदाय सचेतना शिक्षा, साझेदारी र समन्वय

ख) सिकाइ व्यवस्थापन

- सिकाइ सुधारसम्बन्धी सम्बद्ध पक्षसँग अभिमुखीकरण, अन्तर्क्रिया
- नीतिगत निर्णय, कार्यान्वयन तथा समीक्षा
- सिकाइ सक्षमता परीक्षण एवम् सुधार समिति : अन्तर्क्रिया, सुधारका लागि योजना, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, सचेतीकरण, स्तरीकरण/वर्गीकरण (विव्यस अध्यक्ष, शिअसं अध्यक्ष, प्रधानाध्यापक)
- शिक्षण सिकाइ सहायता : आवश्यकता र उपलब्धताका आधारमा Visiting Class (सकारात्मक सोच विकास, जीवनोपयोगी र मानवमूल्यमा आधारित शिक्षा तथा नवप्रवर्तनात्मक कार्य)
- सुधारका ४ पक्षहरू :
  १. सहयोग,
  २. प्रतिस्पर्धा (विद्याथी-विद्यार्थी, शिक्षक-शिक्षक, विद्यालय-विद्यालय)
  ३. अनुगमन तथा सुपरिवेक्षण
  ४. समन्वय
- शैक्षिक योजना निर्माण (वार्षिक शैक्षणिक योजना, कार्ययोजना, साप्ताहिक कार्यतालिका, पाठ योजना ...)
- कक्षा अवलोकन (नमुना कक्षा) अन्तरक्रिया, पृष्ठपोषण तथा सोधपुछ र सचेतीकरण
- नतिजाको आधारमा पुरस्कार र दण्डको व्यवस्था
- पुस्तकालय, पठनशीलता र प्रयोगशीलताको विकास
- सूचना तथा सञ्चार प्रविधिको शिक्षामा प्रयोग, Computer Class, E-class, Interactive Videos, E-materials, Digital Class को प्रयोग
- योजनाबद्ध रूपमा नियमित अतिरिक्त क्रियाकलाप सञ्चालन
- पाठ्यक्रममा तोकिएको पाठ्यभार अनुरूप शिक्षण सिकाइ, पाठ्यक्रम, शिक्षक निर्देशिका, पाठ्यपुस्तक लगायतका सन्दर्भ सामग्री एवम् शिक्षण सिकाइ सामग्रीहरूको व्यवस्था

- तनाव, द्वन्द्व, विपत्, विवादको सम्बन्धित निकायबाट तत्काल समाधानको पहल
- असल अभ्यासहरूको खोजी, प्रकाशन र प्रसारण
- विद्यालयमा बाल क्लब गठन र परिचालन
- स्थानीय पाठ्यक्रम निर्माण, स्वीकृति, प्रबोधीकरण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन
- प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ३ सम्म आवश्यकताका आधारमा त्रैभाषिक नीति प्रयोग गर्न प्रोत्साहन

ग) आर्थिक (स्रोत) व्यवस्थापन

- विद्यालयको सम्पत्ति व्यवस्थापन र परिचालन
- स्थानीय स्रोत साधन पहिचान, परिचालन र अभिलेखीकरण : सरकारी संघसंस्था, गैसस, समुदायबाट स्रोतको खोजी
- आर्थिक पारदर्शिता तथा उत्तरदायित्व : वार्षिक बजेट तर्जुमा, सामाजिक परीक्षण, लेखा परीक्षण प्रतिवेदन अभिभावक भेलामा प्रस्तुति र सार्वजनिकीकरण

घ) मानवीय स्रोत व्यवस्थापन

- नेतृत्व विकास, पेसागत सक्षमता विकास (तालिम, गोष्ठी, अन्तर्क्रिया, कार्यशाला, अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण, अन्तर भ्रमण, पुरस्कार र दण्ड)
- विषयगत शिक्षक व्यवस्थापन : सरुवा, बढुवा, कार्यक्षमताको मूल्याङ्कन, काज, दरबन्दी समायोजन/मिलान
- कर्मचारी व्यवस्थापन : आवश्यक कार्यविधि निर्माण, प्रचलित कानुनको परिपालना

ङ) भौतिक व्यवस्थापन

- आवश्यकता पहिचान, प्राथमिकता निर्धारण, पद्धतिगत वितरण
- विद्यालयले न्यूनतम भौतिक पूर्वाधारको सुनिश्चित गर्ने
- उपलब्ध स्रोत साधनको संरक्षण, सम्बर्द्धन र अधिकतम उपयोग
- बालमैत्री भौतिक व्यवस्थापन

च) परीक्षा प्रणालीमा सुधार तथा व्यवस्थापन

- प्रक्रियागत रूपमा स्तरीय प्रश्नपत्र निर्माण, उत्तरकुञ्जिका निर्माण र उत्तरपुस्तिका परीक्षण, सुरक्षण
- निर्माणात्मक र निरन्तर विद्यार्थी मूल्याङ्कन : पाठगत, एकाइगत, प्रयोगात्मक, आवधिक परीक्षाको अभिलेखीकरण
- नमुना परीक्षा सञ्चालन र अभ्यास
- नतिजा विश्लेषण, प्रबोधीकरण, विद्यार्थीको व्यक्तिगत सिकाइ पोर्टफोलियो विकास, (सहजीकरण तथा पृष्ठपोषणः विद्यार्थी, शिक्षक, अभिभावक) अभिलेखीकरण, प्रतिवेदन
- स्थलगत आकस्मिक परीक्षा सञ्चालन
- अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण, नतिजाका आधारमा प्रोत्साहन र दण्ड

## ३. काम, कर्तव्य, अधिकार र जिम्मेवारी

क) विद्यालय व्यवस्थापन समिति/शिक्षक अभिभावक संघ

- शिक्षणसिकाइ सुधारसम्बन्धी योजना निर्माण र कार्यान्वयन
- शिक्षणसिकाइ सुधार सम्बन्धी मार्गचित्र, कार्ययोजना र प्रतिवद्धताको बारेमा विद्यालयमा निर्णय, अभिभावकमा प्रबोधीकरण र कार्यान्वयन

- शिक्षणसिकाइ सुधारका लागि भौतिक, आर्थिक, शैक्षिक, प्रशासनिक व्यवस्थापन
- शिक्षणसिकाइ कार्यको अनुगमन मूल्यांकन गरी सुधारका लागि अन्तरक्रिया तथा सुझाव
- विद्यालयमा सहयोग, नियमन, प्रोत्साहन, पुरस्कार र दण्ड
- विद्यालय समुदायबीच सुमधुर सम्बन्ध, सेतुको कार्य
- शैक्षिक सुधारको लागि समुदायलाई सचेतीकरण र सामेलीकरण
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघसहितको त्भबm क्गउभचखष्कष्यल

ख) नगर शिक्षा समिति

- नगर शिक्षा योजना निर्माण र निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गर्ने घोषणा र कार्यान्वयन
- नगर शिक्षा समितिबाट गाउँ शिक्षा योजना निर्माण र नियमित रूपमा अद्यावधिक गरी कार्यान्वयन गर्ने
- नगर शिक्षा रजिस्टरको विकास गरी विद्यालय पहुँच बाहिरका बालबालिकालाई विद्यालय भित्र्याउने कार्यक्रम सञ्चालन गर्ने
- देउसी/भैलो, चन्दा, दान, स्थानीय स्रोत खोजीमार्फत नगर शिक्षा समितिको कोष विस्तार गर्ने
- कोषमार्फत सहायता आवश्यकता पर्ने विद्यार्थीका लागि प्रोत्साहन, अभिभावकको आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने
- शिक्षण सिकाइ सुधारको लागि सुधारका कार्यक्रम सञ्चालन, अनुगमन र मूल्याङ्कन तथा पृष्ठपोषण
- स्थानीय स्रोतको खोजी र परिचालन गर्ने
- शैक्षिक रूपमा नमुना शैक्षिक नगर घोषणा गर्ने
- विद्यालयहरूको वर्गीकरण, स्तरीकरण, प्रोत्साहन, पृष्ठपोषण

ग) नगरपालिका र शिक्षा शाखा

- नगरस्तरीय प्र.अ. बैठकमा मार्गचित्र, कार्ययोजना र निर्देशनका बारेमा प्रबोधीकरण, छलफल, निर्णय र कार्यान्वयन
- शिक्षण सिकाइ सुधार तथा अनुगमन निरीक्षण प्रतिवेदन, योजना निर्माण र कार्यान्वयन
- सिकाइ सुधारको लागि शिक्षण सहायता केन्द्रको रूपमा शिक्षा शाखाकफ रूपान्तरण
- नियमित विद्यालय अनुगमन तथा निरीक्षण, कक्षा अवलोकन, पृष्ठपोषण
- परीक्षा अनुगमन, मूल्याङ्कन, उत्तरपुस्तिका परीक्षण भए/नभएको जाँच, शैक्षिक उपलब्धि मापन, नतिजा विश्लेषण र प्रबोधीकरण
- सिकाइ प्रक्रियाका चरण : सिकाइ सक्षमता निर्धारण, अभिलेखीकरण, कक्षा क्रियाकलाप (कक्षा कार्य, गृहकार्य, समूह कार्य, परियोजना कार्य, खोज तथा नवप्रवर्तनात्मक कार्य (कार्यमूलक अनुसन्धान) मापन तथा पृष्ठपोषण, शिक्षण सिकाइ अनुभूतिसम्बन्धी अन्तर्क्रिया र छलफल (समूहगत र विद्यालयगत) :अवलोकन तथा सहायता
- नमुना कक्षा, Visiting Class (सकारात्मक सोच विकास, जीवनोपयोगी र मानवमूल्यमा आधारित शिक्षा)
- स्थलगत शैक्षिक सूचना प्रवाह तथा Reporting
- प्रत्येक विद्यालयका प्र.अ., शिक्षकको मोबाइलमार्फत छड्के जाँच
- अन्तर स्थानीय तहस्तरीय शिक्षण सिकाइ सहकार्य, साझेदारी तथा Visiting
- वडागत समूह विद्यालको समूह सुपरिवेक्षण (Team Supervision), अनुगमन, निरीक्षण, पृष्ठपोषण
- शिक्षण सिकाइ सहायता : सूचना आदानप्रदान, सिकाइ अनुभव साझेदारी,
- अन्तर विद्यालय समन्वय र सुधार अभियान सञ्चालन
- नतिजाको आधारमा प्रोत्साहन, पुरस्कार र दण्ड-सजायको व्यवस्था

- शिक्षण सहायता : समूह सुपरीवेक्षण (कर्मचारी, जनप्रतिनिधि, पेसागत संघसंस्था, शिक्षण सिकाइ सुधार समिति), प्रअ बैठकमा अन्तरक्रिया, भिजिटिङ कक्षा
- अन्तरक्रिया, पृष्ठपोषण, कक्षाअवलोकन, परीक्षासम्बन्धी अवलोकन, नतिजा प्रबोधीकरण
- नियमित प्रशासनिक निरीक्षण अनुगमन : निर्देशन, कासमू मूल्याङ्कन, पुरस्कार र दण्डको लागि सिफारिस
- खोज तथा नवप्रवर्तनात्मक कार्य : कार्यमूलक अनुसन्धान, नतिजा विश्लेषण, शैक्षिक प्रोफाइल, स्थानीय पाठ्यक्रम निर्माण ....
- सिकाइसुधार सम्बन्धी मार्गचित्र, कार्ययोजना, निर्देशन तथा शैक्षिक योजना निर्माण, प्रबोधीकरण, प्रतिबद्धता, कार्यान्वयन,मूल्याङ्कन, समीक्षा, पृष्ठपोषण
- सेवा प्रवाहको प्रभावकारिता : विद्युतीय प्रशासन व्यवस्थापन, इमेलबाटै सामान्य पत्राचार हुने (surungamun@gmail.com, Notice board Service क्रमशः व्यवस्था गर्ने, वेभ साइट (surungamun.gov.np) सञ्चालन, हेलो नगरपालिका (फोन नं. ...........................) बाट गुनासो सुनुवाइ गरी Quick Response को व्यवस्था, सहज, छिटो छरितो सेवा उपलब्ध गराउने व्यवस्था
- सिकाइ सुधारको योजना, मार्गचित्र, कार्ययोजना अनुसार शैक्षिक नेतृत्व, सुधारको लागि पहल, प्रयत्न र सिकाइ सुधारको अभियानको लागि समन्वय, सहकार्य, साझेदारीकासाथ अग्रसरताको भूमिका निर्वाह
- नगरपालिकाका सम्पूर्ण कार्यक्रमहरूलाई सिकाइ सुधार केन्द्रित, सिकाइ सुधारको लागि अनुगमन, निरीक्षण, समूह, छड्के, आकस्मिक निरीक्षण, अन्तरक्रिया, छलफल, पृष्ठपोषण, नवप्रवर्तन, खोज, अनुसन्धान सञ्चालन
- प्रअको काज नगरपालिकाले स्वीकृत गर्ने, नगरपालिकाको स्वीकृति बेगर गैसस र शिक्षकले कार्यक्रम सञ्चालन र सहभागी हुन नपाउने
- सिकाइ र परीक्षाको तादात्मीकरण, सिकाइ सुधारको लागि परीक्षाको प्रयोग, परीक्षा तयारीको अभ्यास
- सम्पूर्ण तालिमको सिकाइ केन्द्रीकरण, तालिमको सिकाइमा रूपान्तरण, कक्षाकोठामा प्रत्यावर्तन र सिकाइ उपलब्धिको प्रवर्द्धन
- क्लिन स्कूल घोषणाः अभिभावक भेला सामाजिक परीक्षण, लेखापरीक्षण, आयव्ययको सार्वजनिकरण भाद्र मसान्तसम्म
- विद्यालयहरूको आवश्यकताको आधारमा न्यूनतम भौतिक पूर्वाधारको व्यवस्थापन नगरपालिका र स्थानीय समुदायको सहकार्यमा
- प्रारम्भिक बालविकास कक्षाको पूर्व प्राथमिकीकरण, अनौपचारिक शिक्षाको सिकाइ सुधार उन्मुखता
- शैक्षिक गतिविधिको निरन्तर सार्वजनिकीकरण र सुधारको लागि पृष्ठपोषण
- शिक्षा शाखाका सम्पूर्ण क्रियाकलाप सिकाइ सुधारमा केन्द्रित गर्ने
- सम्पूर्ण संघसंस्थाहरूको समन्वयको लागि सिकाइ सुधार सञ्जाल निर्माण र परिचालन
- वार्षिक शैक्षिक पात्रो (क्यालेन्डर) व्यवस्थापन
- शैक्षिक सुशासन : पेशागत उत्तरदायित्व र जिम्मेवारी, कार्य सम्पादन मूल्यांकन, नतिजामा आधारित प्रोत्साहन, पुरस्कार र दण्ड,
- विद्यालयहरू सिकाइ सङ्गठनका रूपमा विकास
- पत्रकार, सञ्चारकर्मीसँग नियमित अन्तरक्रिया

घ) कार्यपालिका/सामाजिक विकास समिति/नगर शिक्षा समिति

- शिक्षण सिकाइ सुधारसम्बन्धी कार्यको समीक्षा, सुधार योजना, मार्गचित्रलाई आत्मसातीकरण, कानुनी बैधता,
- योजना/मार्गचित्र कार्यान्वयनको लागि आवश्यक निर्देशिका/कार्यविधि तर्जुमा र कार्यान्वयन

- शैक्षिक मुद्दा, समस्या र चुनौतीको पहिचान, अन्तर्क्रिया र निराकरण
- शैक्षिक गतिविधिको अनुगमन, मूल्याङ्कन, समीक्षा र सुधारको पहल
- कार्य सम्पादनको मूल्याङ्कनको आधारमा कर्मचारी र शिक्षकलाई नतिजामा आधारित रहेर प्रेरणा, पुरस्कार, दण्ड र सजाय,
- नगर शिक्षा योजना तर्जुमा र कार्यान्वयनको लागि आवश्यक समिति/उपसमिति/कार्यदल गठन र परिचालन
- नक्साङ्कनका आधारमा विद्यालय स्थापना, कक्षा थपको व्यवस्था
- विद्यार्थी सङ्ख्या र विषयगत आधारमा प्रत्येक पाँच वर्षमा शिक्षक दरबन्दी मिलान
- अनुमतिविना सञ्चालित संस्थागत विद्यालयहरूको नियन्त्रण र बन्द गर्ने कार्य

ङ) नगर शैक्षिक सुधार समन्वय समिति

- बनोट : कार्यपालिका र अन्तर्गतका समिति, सामाजिक विकास समिति, नगर शिक्षा समिति, राजनीतिक दल, शिक्षकका पेसागत संघ सङ्गठन, पत्रकार, गैसस, विषयगत शाखा समेतको प्रतिनिधित्व,
- सिकाइ सुधारसम्बन्धी कार्यको अवस्था विश्लेषण, समीक्षा, सुधार योजना निर्माण र कार्यान्वयन, अनुगमन निरीक्षण, मूल्याङ्कन, प्रोत्साहन, पुरस्कार, दण्ड र सजायको लागि सिफारिस
- सिकाइ सुधारको वातावरण सिर्जना : आवश्यक नीति तर्जुमाको लागि सहयोग, प्रतिबद्धता, अन्तरक्रिया, पृष्ठपोषण
- सम्बद्ध निकायहरूबीच सञ्चार, सम्पर्क, समन्वय, सहकार्य र साझेदारीको पहल र प्रयास
- सिकाइ सुधार सम्बन्धी असल अभ्यासको पहिचान, प्रचारप्रसार, सुधारसम्बन्धी खोज र नवप्रवर्तनात्मक कार्य

च) वडा शिक्षा समिति/शैक्षिक सुधार समिति

- वडास्तरीय शैक्षिक सुधार समिति गठन र परिचालन
- सिकाइ सुधारको लागि वडास्तरीय योजना निर्माण, कार्यान्वयन, अनुगमन र पृष्ठपोषण
- वडाभित्रका विद्यालयका प्र.अ./विव्यस/शिअसं पदाधिकारीहरूको त्रैमासिक/चौमासिक/अर्द्धवार्षिक बैठक सञ्चालन, सिकाइ उपलब्धिको अवस्था पहिचान, छलफल र सुधारका उपायहरूको खोजी
- वडास्तरमा विज्ञहरूको पहिचान, विज्ञ समूह गठन र परिचालन
- सिकाइ सुधारको वातावरण सिर्जना : विद्यालयहरूबीच समन्वय, प्रतिबद्धता, अन्तरक्रिया, पृष्ठपोषण
- सम्बद्ध निकायहरूबीच सञ्चार, सम्पर्क, समन्वय, सहकार्य र साझेदारीको पहल
- शैक्षिक सुधारको लागि विद्यालयहरूमा भएका असल अभ्यासहरूको पहिचान र प्रचारप्रसार

छ) नगरस्तरीय शिक्षक महासंघ/संघ/संगठन

- शिक्षणसिकाइ सुधारको नेतृत्व : शिक्षणसिकाइ सुधारमा नगरपालिकाको सहकार्यमा शिक्षण सुधार कार्यको समीक्षा, योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन
- शैक्षिक सुधारको मार्गचित्र अनुरूपको कार्ययोजना निर्माण, घोषणा र कार्यान्वयन
- पेसागत विकास र शैक्षिक सुधार बीच तादात्म्यता : पेसागत हकहितको पक्षमा पैरवी, कार्य जिम्मेवारी र पेसागत आचरण तथा दायित्वप्रति उत्तरदायी बन्न सम्बद्ध पेशाकर्मीहरूको लागि अभिमुखीकरण, सिकाइ सुधारको लागि पेशामा आवद्ध पेशाकर्मी शिक्षकहरूबीच सिकाइ सुधार सम्बन्धी अभिमुखीकरण
- शिक्षकको क्षमता विकासको लागि सहायता सेवा सञ्चालन (Mentoring)

ज) राजनीतिक दल

- सिकाइ सुधारसम्बन्धी प्रतिबद्धता, शिक्षा हेर्ने राजनीतिक प्रतिनिधि चयन, मातहतका राजनीतिक साङ्गठनिक एकाइसम्म शिक्षा हेर्ने प्रतिनिधिको चयन
- शैक्षिक सरोकारवालाहरूबीच समन्वय र सिकाइ सुधारको लागि उपयुक्त वातावरण सिर्जना,
- शिक्षणसिकाइ सुधारका लागि स्थानीय संगठन र भातृसङ्गठनको ऐक्यबद्धता र सहयोग
- शैक्षिक क्षेत्रलाई राजनीतिक पूर्वाग्रहबाट मुक्त राख्ने प्रतिबद्धता
- नगरपालिकाभित्रका शैक्षिक समस्या, मुद्दाको समाधान गर्न आवश्यक पहल
- विद्यालयलाई बन्द, हडतालबाट मुक्त राख्न विद्यालय शान्ति क्षेत्रको घोषणा
- सिकाइ सुधार कार्यको समीक्षा, सबल पक्षको प्रसारण र कमीकमजोरी सुधारको लागि सिर्जनात्मक सहयोग
- सिकाइ सुधारसम्बन्धी संवाद, अन्तर संवादमार्फत समुदाय सचेतना

झ) पत्रकार तथा सञ्चारकर्मी

- शैक्षिक सुधार विषयक वहस, छलफल, स्थलगत रिपोर्टिङ, सिकाइ सुधार अभियानको प्रसारण
- नियमित रूपमा शैक्षिक कार्यक्रम उत्पादन, प्रकाशन र प्रसारण
- शिक्षाका Event हरू तथा Best Practices को नियमित प्रकाशन, प्रसारण
- सिकाइ सुधार गतिविधिलाई स्थानीय र राष्ट्रिय स्तरसम्म प्रसारण, प्रकाशन र सार्वजनिकीकरण
- सञ्चारमाध्यममार्फत शैक्षिक सुधार सकारात्मक वातावरणको सिर्जना
- सिकाइ सुधार सम्बन्धी अनुगमन मूल्याङ्कन र पृष्ठपोषण

ञ) अन्य विषयगत शाखा, गैसस र विविध समूह परिचालन

- शैक्षिक सुधारको कार्यमा सहयोग, सहकार्य, समन्वय र साझेदारी
- तेस्रो पक्षीय अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण
- सुधारको प्रभावकारिताको लागि सुझाव, परामर्श र पृष्ठपोषण

## ४. नमुना विद्यालय घोषणा

नीति

- योजनाको शुरूमै नमुना विद्यालय घोषणाको लागि सूचक तथा मापदण्ड तयारी र कार्यान्वयन
- तोकिएको मापदण्ड पूरा गरेका विद्यालयलाई क्रमश: नमुना विद्यालय घोषणा गर्दै जाने
- चरण :

    पहिलो चरण : १ ओटा सक्षम माध्यमिक विद्यालय
    दोस्रो चरण : सम्पूर्ण माध्यमिक विद्यालयहरू र सक्षम आधारभूत विद्यालयहरू
    तेस्रो चरण : सम्पूर्ण विद्यालयहरू

## ५. नमुना शैक्षिक नगर घोषणा

- नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण विद्यालयहरूले सक्षमता सहितको सिकाइ उपलब्धि पूरा गरी भौतिक/शैक्षिक अवस्था, मानवीय जनशक्ति लगायतका सूचकहरू पूरा गरेर नमुनाका रूपमा घोषणा भइसकेपछि सुरुङ्गा नगरपालिकालाई नमुना शैक्षिक नगरपालिका घोषणा गर्ने ।

गर्छौं कार्यान्वयन शैक्षिक मार्गचित्र
बनाउँछौं नमुना सुरुङ्गा २०८३ भित्र

सुरुङ्गा नगरपालिकाको सङ्गठन तालिका

सुरुङ्गा नगरपालिकाको तस्वीर